डि.स.का. दर्ता नं. ९२/०५५/५६ पान नं. ३०३१२१९९४

दिगो र उत्कृष्ट वित्तीय सहकारी

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.

नेफ्स्कून

पनौती नगरपालिका वडा नं. ६, नमोबुद्धरोड

JYOTI MIRMIRE SAMUHIK SACCOS
Panauti Municipality Ward No. 6, Namobuddha Road
Kavrepalanchok



२६ औं साधारण सभाको लागि प्रकाशित
वार्षिक प्रगति प्रतिवेदन पुस्तिका २०८२
२०८२ असोज २५ गतेदेखि कार्तिक १ गतेसम्म

SCAN ME

ज्योति सदस्य सेवाकेन्द्र | मिर्मिरे सदस्य सेवाकेन्द्र | सामुहिक सदस्य सेवाकेन्द्र | बनेपा सदस्य सेवाकेन्द्र | कुशादेवी सदस्य सेवाकेन्द्र | बेशानचोक सदस्य सेवाकेन्द्र | जन्मज्योति सदस्य सेवाकेन्द्र | रोशी सदस्य सेवाकेन्द्र

www.jmssaccos.coop.np, Email: info@jmssaccos.coop.np
Tel : 977-11-440692 (Head Office), 441462 (Jyoti), 441366 (Mirmire), 441433 (Samuhik)
662266 (Banepa), 405122(Kushadevi), 421027(Bethanchok), 416045(Janmajyoti), (Roshi)

संस्थाको वार्षिक कार्यक्रमका झलकहरू













ढिगो र उत्कृष्ट वित्तीय सहकारी ज्योति मिर्मिरे सामुहिक साकोस

JMS SACCOS मोबाइल बैंकिङ्ग

Features:

- SMS Alert/Transaction Report
- Balance / Amount Transfer
- Balance Inquiry
- Statement View
- Loan Details
- Loan Request
- Mini Statement
- Account Details
- EMI Calculator
- Share Details



सहकारीका सिद्धान्तहरू

१. खुल्ला तथा ऐच्छिक सदस्यता
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
३. सदस्यहरुको आर्थिक सहभागिता
४. स्वायत्तता तथा स्वतन्त्रता
५. शिक्षा, तालिम र सूचना
६. सहकारीहरुबीच पारस्परिक सहयोग
७. समुदायप्रति चासो



संचालक समिति



उद्धव सापकोटा
अध्यक्ष



कान्छीमैया थापा
उपाध्यक्ष



बुद्ध सिंह थापा
सचिव



पुर्णराम तुलाधर
कोषाध्यक्ष



लोकेन्द्र कुमार सापकोटा
सदस्य



सुर्यकुमारी तामाङ
सदस्य



रामप्रसाद तिमल्सिना
सदस्य



शोभा हाडा राजभण्डारी
सदस्य



पवित्रा सापकोटा तिमल्सिना
सदस्य



सरिता गिरी
सदस्य



उमा थापा
सदस्य



मनिला के.सी.
सदस्य



शिवराज श्रेष्ठ
सदस्य



सबिता बज्राचार्य
सदस्य



भिमप्रसाद बञ्जारा
सदस्य

लेखा सुपरिवेक्षण समिति



भिमसेन के.सी.
संयोजक



कुमार बस्नेत
सदस्य



राजुप्रसाद तिमल्सिना
सदस्य

सदस्य सेवाकेन्द्र संयोजक



कुमार के.सी.
ज्योति सदस्य सेवाकेन्द्र



रामहरि ढाहाल
मिर्मिरे सदस्य सेवाकेन्द्र



डाक बहादुर (डि.बी.) काकी
सामुहिक सदस्य सेवाकेन्द्र



पुरुषोत्तम तिमल्सिना
बनेपा सदस्य सेवाकेन्द्र



दिपेश धिमिरे
कुशादेवी सदस्य सेवाकेन्द्र



चन्द्रप्रसाद तिमल्सिना
बेथानचोक सदस्य सेवाकेन्द्र



शारदा ह्युमागाई
जन्मज्योती सदस्य सेवाकेन्द्र



ईश्वरराज जंगम
रोशी सदस्य सेवाकेन्द्र

शिक्षा उप-समिति

संयोजक : श्री मनिला के.सी.
सचिव : श्री माधवप्रसाद दाहाल
सदस्य : श्री सुमित्रा बजगाई
सदस्य : श्री शुभद्रा दाहाल
सदस्य : श्री शोभा कार्की

स्वास्थ्य उप-समिति

संयोजक : श्री भिमप्रसाद बन्जारा
सचिव : श्री जमुना रायमाझी
सदस्य : श्री सरिता घिमिरे
सदस्य : श्री अनिता दाहाल
सदस्य : श्री साजन के.सी

युवा तथा बाल उप-समिति

संयोजक : श्री सबिता बज्राचार्य
सचिव : श्री अजय सिंह खड्का
सदस्य : श्री रमा न्यौपाने
सदस्य : श्री दामोदर सापकोटा
सदस्य : श्री जीवन थापा

महिला उप-समिति

संयोजक : श्री शोभा हाडा राजभण्डारी
सचिव : श्री सुनिता शर्मा
सदस्य : श्री सुनिता थापा
सदस्य : श्री ललिता अधिकारी
सदस्य : श्री नानीमैयाँ तिमल्सिना
सदस्य: श्री शुसिला सञ्जेल
सदस्य : श्री रोशनी थापा मगर
सदस्य : श्री समिता थापा
सदस्य : श्री कमला श्रेष्ठ

ऋण लगानी तथा असुली उप-समिति

संयोजक : श्री केशव बञ्जारा
सदस्य : श्री विदुरप्रसाद हुमागाँई
सदस्य : श्री शुसिला थापा
सदस्य : श्री कुमार बोगटी
सदस्य : श्री रेशा श्रेष्ठ

लघुवित्त उप-समिति

संयोजक : श्री उमा थापा बोगटी
सचिव : श्री सुनिता पराजुली
सदस्य : श्री शान्ता लामिछाने
सदस्य : श्री सानु कार्की
सदस्य : श्री अन्जना कार्की

ऋण निरीक्षण तथा अनुगमन उप-समिति

संयोजक : श्री लोकेन्द्र कुमार सापकोटा
सचिव : श्री विनोद कोइराला
सदस्य : श्री ईश्वर कार्की
सदस्य : श्री रुद्र प्रसाद आचार्य
सदस्य : श्री शान्ता बडाल सुवेदी

कृषि तथा व्यवसाय प्रर्वद्धन-उपसमिति

संयोजक : श्री राम प्रसाद तिमल्सिना
सचिव : श्री सूर्यमणी शर्मा
सदस्य : श्री यादव सुवेदी
सदस्य : श्री केवल प्रसाद तिमल्सिना
सदस्य : श्री गिता पुर्कोटी

कार्यालय व्यवस्थापन



गोपाल दाहाल
प्रमुख कार्यकारी अधिकृत



गंगादेवी श्रेष्ठ
लेखा विभाग प्रमुख



पुरुषोत्तम दाहाल
व्यवसाय विभाग प्रमुख



प्रकाश तिमल्सिना
आन्तरिक नियन्त्रण तथा सुचना प्रविधि विभाग प्रमुख



रोशन बस्नेत
बचत शाखा प्रमुख



बिनोद तिमल्सिना
सेवाकेन्द्र प्रमुख



सरोज घिमिरे
ऋण शाखा प्रमुख



सुनिता हुमागाँई
व्यवसाय सहायक



उद्धव प्रसाद आचार्य
वरिष्ठ सेवाकेन्द्र इन्चार्ज



विना श्रेष्ठ
वरिष्ठ सेवाकेन्द्र इन्चार्ज



स्वस्तिका बस्नेत
व्यवसाय सहायक



सरिता सापकोटा
काउन्टर इन्चार्ज




साधुराम थापा
सदस्य सेवा सहायक



सुमित्रा तामाङ
सेवाकेन्द्र इन्चार्ज



अभिषेक बजगाई
सेवाकेन्द्र इन्चार्ज



राजेश थापा
लघुवित्त शाखा सहायक



पुरुषोत्तम तिमल्सिना
सेवाकेन्द्र इन्चार्ज



गौरी खत्री
सेवाकेन्द्र इन्चार्ज



रोजिना बोगटी
व्यवसाय सहायक



प्रजिता रायमाझी
सदस्य सेवा सहायक



सैनिका सापकोटा
सदस्य सेवा सहायक



राजिव तिमल्सिना
व्यवसाय सहायक



बिमला श्रेष्ठ
व्यवसाय सहायक



पार्वती हुमागाई घिमिरे
व्यवसाय सहायक



नारायणी तिमल्सिना
सदस्य सेवा सहायक



चण्डिका सापकोटा
सदस्य सेवा सहायक



सुमित्रा घिमिरे
व्यवसाय सहायक



रेश्मा थापा
व्यवसाय सहायक



राजन आचार्य
सदस्य सेवा सहायक



सुदिप तिमल्सिना
व्यवसाय सहायक



निलम आचार्य
सदस्य सहजकर्ता



श्याम सुन्दर सापकोटा
सदस्य सहजकर्ता



शर्मिला दुलाल
सदस्य सहजकर्ता



सुस्मिता हुमागाई
सदस्य सहजकर्ता



रिजना दाहाल
सदस्य सहजकर्ता



पुजा थापा खत्री
सदस्य सहजकर्ता



प्रमिला हुमागाई
सदस्य सहजकर्ता



रमा दाहाल
सदस्य सहजकर्ता



रेजिना गेलाल
सदस्य सहजकर्ता



स्वस्तिका तिमल्सिना
सदस्य सहजकर्ता

रञ्जना तिमल्सिना
कार्यालय सहयोगी

सविता तिमल्सिना
कार्यालय सहयोगी

ज्योति मिर्मिरे सामूहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड, काभ्रे

सम्पादन मण्डल
पूर्णराम तुलाधर
केशव बञ्जारा
गोपाल दाहाल

सल्लाहकार
उद्धव सापकोटा

ग्राफिक
द्वारिका प्वाइन्ट
पनौती-६, नमोबुद्धरोड
९८४१-४३६९८१

मुद्रण
सम्राट कलर प्रिन्टिङ्ग प्रेस प्रा.लि.
महाँलक्ष्मी न.पा. वडा नं.४
ललितपुर
९८४९४४८८०८

प्रकाशक
ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.
पनौती नगरपालिका वडा नं.६, नमोबुद्धरोड, काभ्रे
०११-४४०६९२, ४४१३६६, ४४१४३३, ६६२२६६
Email : **info@jmssaccos.coop.np**
Website : **jmssaccos.coop.np**

यस भित्र ...

- अध्यक्षको मन्तव्य
- सचिवको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- ऋण उप-समितिको प्रतिवेदन
- लेखा परीक्षण प्रतिवेदन

साधारण सभा हुने मिति, समय र स्थान:
मिति : २०८२ असोज २५गते देखि कार्तिक १ गते सम्म
समय : विहान १०:०० बजेदेखि ४:०० बजेसम्म ।
स्थान : तोकिएका उपस्थिती केन्द्रहरु ।

क स	उपस्थिती स्थान	उपस्थिती स्थानको ठेगाना	साधारण सभा हुने मिति	समय	उपस्थित हुने सदस्यहरु
१.	बेथानचोक सदस्य सेवाकेन्द्र	बेथानचोक गा.पा.-२	२०८२ असोज २५ गते	बिहान १० बजेदेखि ४ बजे सम्म	साविक चलाल गणेशस्थान गा वि स क्षेत्र बाहेक बेथानचोक गाउँपालिका का सम्पूर्ण सदस्यहरु
२.	कुशादेवी सदस्य सेवाकेन्द्र	पनौती न.पा.-२	२०८२ असोज २५ गते	बिहान ८ बजेदेखि ४ बजे सम्म	पनौती न पा वडा नं १ ,२ र ३ क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
३.	बनेपा सदस्य सेवाकेन्द्र	बनेपा न.पा.-७	२०८२ असोज २६ गते	बिहान १० बजेदेखि ४ बजे सम्म	चौकोट क्षेत्र ,धनेश्वर क्षेत्र ,बनेपा न पा , धुलिखेल न.पा १० र १२ बाहेक .नमोबुद्ध न.पा. र पाँचखाल न पा क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
४.	रोशी सदस्य सेवाकेन्द्र	पनौती न.पा.-१२	२०८२ असोज २६ गते	बिहान १० बजेदेखि ४ बजे सम्म	पनौती न. पा. वडा नं १२ क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
५.	जन्मज्योती सदस्य सेवाकेन्द्र	पनौती न.पा.-११	२०८२ असोज २६ गते	बिहान ८ बजेदेखि ४ बजे सम्म	पनौती न पा वडा नं ११ क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु
६.	मुख्य कार्यालय	पनौती न.पा.-६	२०८२ असोज २८ गते	बिहान १० बजेदेखि ४ बजे सम्म	पनौती न पा वडा नं ४,५,६,७,८,९,१०, धुलिखेल न पा को वडा नं १० र १२ एवं साविक महेन्द्रज्योति, चलालगणेस्थान गा वि स क्षेत्रभित्रका सम्पूर्ण सदस्यहरु,
७.	मुख्य कार्यालय	पनौती न.पा.-६	२०८२ कार्तिक १ गते	८ बजेदेखि४ बजे सम्म	छनौट भएका एकाई प्रतिनीधिहरुको सभा

पुनश्च:

१. उपस्थिती केन्द्रमा उपस्थित हुँदा सदस्यहरुले संस्थाको परिचय पत्र अनिवार्य रुपमा लिएर आउनु हुन अनुरोध गरिन्छ । परिचय पत्र नभएमा परिचय खुल्ने कागजात र संस्थाले पठाएको पत्र वा फोटो टाँस भएको पासबुक साथमा लिएर आउनु हुन सूचित गरिन्छ ।
२. २०८२ असोज महिना सम्मको नियमित मासिक बचत बुझाएको हुनुपर्नेछ ।
३. संस्थाको वेवसाईट www.jmssaccos.coop.np र संस्थाको अफिसियल फेसबुक पेज Jyoti Mirmire samuhik Saving & Credit Cooperartive Society Ltd., Panauti-6, Kavre, Nepal मा आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन २०८२ असोज २३ गते पछि राखिने भएकाले साधारण सभामा उपस्थित हुँदा उक्त प्रतिवेदन अध्ययन गरी संस्थालाई सल्लाह सुझाव भएमा लिखित रुपमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
बुद्ध सिंह थापा
सचिव

डि.स.का. दर्ता नं. ९२/०५५/५६ पान नं. ३०३१२१९९४ विगो र उत्कृष्ट वित्तिय सहकारी

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड

नेफ्स्कून

मिति २०८२/०५/२५

श्री ..... ज्यू,
सदस्य नं ..... ठेगाना .....
उपस्थिती केन्द्र.....
उपस्थिती मिति :.....

विषय : २६ औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

यस संस्थाको सञ्चालक समितिको मिति २०८२ साल भाद्र १३ गते बसेको १६६ औं बैठकको निर्णय एवं संस्थाको विनियम २०८० को परिच्छेद ५ को दफा २९ एवं सहकारी ऐन २०७४ को परिच्छेद ६को दफा ३९ को उपदफा २,दफा ४३(ग) साथै संस्थाको साधारण सभा सञ्चालन कार्यविधि २०७९ बमोजिम संस्थाको २६ औं वार्षिक साधारण सभा आयोजना गरिएकाले तपसिलका उपस्थित केन्द्रहरुमा तपसिलको मिति, समय र स्थानमा उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछु ।

२६ औं वार्षिक साधारण सभाका कार्यसूचिहरू

१. एकाई साधारण सभाका निर्णयहरु प्रमाणित प्रतिनीधि एवं एकाई प्रतिनीधि चयन सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फवाट सचिवको आ.ब. ०८१/०८२ को प्रगति प्रतिवेदन तथा आ.ब. ०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रमहरु पारित गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिको तर्फवाट कोषाध्यक्ष को आ.ब. ०८१/०८२ को प्रगति प्रतिवेदन तथा आ.ब. ०८२/०८३ को प्रस्तावित बजेट तथा कार्यक्रमहरु संशोधन एवं पारित गर्ने सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत छलफल तथा पारित गर्ने सम्बन्धमा ।
५. आ.ब. ०८१/०८२ को वाह्य लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
६. आ.व २०८२/०८३ को लागि वाह्य लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समितिको सेवा सुविधा तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धमा ।
८. आन्तरिक कार्यविधि संसोधन एवं पारित सम्बन्धमा ।
९. विनियम संसोधन गर्ने सम्बन्धमा ।
१०. संस्था एकिकरण सम्बन्धमा ।
११. शेयर लाभाश पारित गर्ने सम्बन्धमा ।
१२. संरक्षित पूजि फिर्ताकोष वितरण पारित गर्ने सम्बन्धमा ।
१३. सदस्यको सुझावका सम्बन्धमा ।
१४. सञ्चालक समितिको बैठकका महत्वपूर्ण निर्णयहरुका सम्बन्धमा ।
१५. विविध ।

www.jmssaccos.coop.np
Tel : 977-11-440692 (Head Office), 441366 (Thadobato), 441433 (Jyalachiti), 662266 (Banepa), 405122(Kushadevi), 421027(Bethanchok), 416045 (Janmajyoti), (Roshi)

अध्यक्षको मन्तव्य



– उद्धव सापकोटा
अध्यक्ष

२३ हजार सदस्यहरुको दु:ख सुखको सारथीको रुपमा रहेको ज्योति मिर्मिरे सामूहिक साकोसको गरिमामय २६ औ वार्षिक साधारण सभाको पावन अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गर्दै सभाको गरिमा बढाउदै संस्थामा आवद्ध आमसदस्यहरुको भावनाको कदरका लागि पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, पत्रकार मित्रहरु, संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका साथीहरु, संस्थाको प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापनका साथीहरु तथा संस्थामा आवद्ध तमाम सदस्य महानुभावहरुमा म संस्थाको सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

कार्यक्षेत्र भित्रका आम नागरिकलाई वित्तीय सञ्जालमा जोड्दै उनीहरुको आर्थिक सम्वृद्धिका लागि वित्तीय परिचालनको अशल अभ्यास र वित्तीय अनुशासन समेतको प्रर्वद्धन गर्दै समग्र वित्तीय आवश्यकता परिपूर्ति गर्दै शोषण रहित सर्वोदय समाजको निर्माणको अभिभारा पूरा गर्नका लागि सामूहिक उद्यमका रुपमा स्थापित यस ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. ले आम सदस्यहरुको सामूहिक हितका लागि गरेको योगदान सदस्यहरु बीच त लोकप्रिय छदैछन् । यसको मूल कारण संस्थाले आफुलाई दिनप्रतिदिन प्रविधी मैत्री बनाउदै युग सुहाउदो परिवर्तनलाई आत्मसाथ गर्दै जानु र सदस्यहरुको सामिप्यता र माया नै हो । आज विश्व सूचना र प्रविधिको विकासले साँघुरो घेरामा बाँधिएको छ । अब मान्छेले भन्दा यन्त्रमानव मार्फत काम गर्ने र कृतिम बौद्धिकता (बुद्धिमता) (Artificial intelligence) ले मान्छेले एक सेकेन्डमा विश्वको कुनै पनि कुरा अध्ययन गर्ने सामर्थ्य हाँसिल गरिसकेको छ । हामीसंग सन् १९२८ देखि १९४५ मा जन्मिएका POST War समूह, सन् १९४६ देखि १९५४ मा जन्मिएको Boomers I समूह, सन् १९५५ देखि १९६४ सम्म जन्मिएको Boomers II समूह, सन् १९६५ देखि १९८० मा जन्मिएको Gen X समूह, १९८१ देखि १९९६ सम्म जन्मिएको Millennials समूह र सन् १९९७ देखि २०१२ सम्म जन्मिएका Gen Z समूहमा व्यक्तिहरु संस्थामा आवद्ध हुनुहुन्छ । यी प्रत्येक उमेर समूहको अलग अलग आवश्यकता रहेको हामीले बुझेका छौं र सबै समूहलाई संस्थाको श्रोत साधन र क्षमताले भ्यायसम्म अधिकतम सेवा दिनका लागि प्रत्येक वर्ष नविनतम सेवा विकासमा हामीले स्तरोन्नती गर्दै आइ रहेका छौं । यसको साथै सञ्चालक समिति र उपसमितिमा पनि समावेशी उमेर समूहको प्रतिनिधित्व गराउदै आएका छौं ।

अर्को तर्फ सहकारी अभियानको छवि विग्रदै गएको विषम परिस्थितिमा पनि आफ्नो साख जोगाउदै सदस्यहरुको सेवामा कुनै पनि प्रकारको नकारात्मक प्रभाव पर्न नदिई निरन्तर सेवा प्रदान गर्नु अहिलेको अवस्थामा सबै भन्दा महत्वपूर्ण सफलता हो । बचत फिर्ता, ऋण लगानी, सदस्य राहत र सहुलियतका कार्यक्रमहरु हिजोका दिनमा जसरी सजिलै उपलब्ध गराईएको थियो त्यसरी नै निरन्तरता प्रदान गर्दै अझै प्रभावकारी सेवा विकासमा संस्थाले आफ्नो ध्यान केन्द्रीत गर्दै लगेको छ । नेपाल सरकारले सहकारी ऐनमा गरेको परिवर्तन, सहकारीको नियमनका लागि गरेको नियामकीय व्यवस्था, जारी भएका मापदण्ड तथा निर्देशन र भावी दिनमा कानुनी

पालनाको अवस्थालाई विश्लेषण गरी योग्य र उपयुक्त व्यक्ति परीक्षण (Fit For Proper Person Test) मापन गरी सञ्चालकीय र व्यवस्थापकीय नेतृत्व विकास गर्नु हाम्रो दायित्व हुनेछ ।

सहकारी अभियानको बलियो खम्बाको रुपमा संस्थालाई उभ्याउनका लागि हामीले गरेको सदस्य केन्द्रित कृयाकलापहरु आजको दिनसम्म आइपुग्दा संघिय संसदले सहकारी संस्थाहरुको बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न बनेको विशेष समितिको प्रतिवेदनमा समेत उदाहरणीय कार्यगरिरहेको सहकारी संस्थाको सूचीमा हाम्रो ज्योति मिर्मिरे सामूहिक साकोसको नाम समावेश हुनुले हामीले गरिरहेको सहकारी कर्म प्रति गौरवान्वित छौं । यस अवस्थामा आउनका लागि हामीलाई सुशासित भई कारोबार गर्न मार्गदर्शन गर्नु हुने सम्पूर्ण अभियानन्ताहरु, विषयगत संघहरु सबैप्रति कृतज्ञ छौं । यस अवस्था सृजना गर्न संस्थाको नीति नियमहरुको पालना गरी अनुशासित कारोबार गर्ने तमाम सदस्यहरुको प्रशंसा मैले जति गरे पनि कमि नै हुन्छ ।

संस्थाले यो स्थान प्राप्त गरिरहँदा हामीले अनेकन बाधा व्यवधानहरुको सामना गर्दै आएका छौं । आन्तरिक र बाह्य कारणबाट पैदा भएका कतिवटा बाधाहरुको सामना गरि सफलता हाँसिल गरिएको छ भने कति वटा चुनौतीहरुबाट संस्था र सदस्यहरुको लगानीको सुरक्षा रणनीतिहरुमा थप सुधार गरिएको छ । यसका बाबजुत तमाम सदस्यहरुको विश्वासले मेरो नेतृत्वमा गरेको विश्वासको जगमा पछिल्लो कार्यकालमा सम्पन्न भएका केही प्रगतिहरुलाई मैले बुँदागत रुपमा देहाए बमोजिम यस गरिमामय सभामा जानकारी दिनु उपयुक्त हुने देखि पेश गरेको छु ।

- अघिल्लो आ.व.मा तयार भएको ५ वर्षिय रणनीतिक व्यवसायिक योजना अनुसार संस्थाको वित्तीय तथा गैह्र वित्तीय विकासमा हाम्रो सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन र विभिन्न उपसमितिहरु सक्रिय रहेका छौं ।
- सदस्यहरुको कारोबारलाई अझै सुरक्षित, विश्वाससिलो र भरपर्दो प्रणालीमा विकास गर्दै लैजान सफ्टवेयर परिवर्तन गरी अत्याधुनिक सफ्टवेयरको प्रयोग गरिएको छ । जसको प्रयोगले अब सदस्यहरुले कमर्शियल बैंक सरहको विद्युतिय कारोबार सेवा प्रवाह गर्न संस्था सक्षम भएको छ ।
- अब ऋण लगानीका सबै प्रकृयाहरु, कर्मचारी व्यवस्थापन र नियन्त्रणका सबै प्रकृयाहरु विद्युतीय माध्यमबाट सञ्चालनमा आएका छन् ।
- सबै सदस्य सेवा कार्यालयहरु मुख्य कार्यालयबाट निरिक्षण गर्न सक्ने बनाईएको छ ।
- संस्था २५ वर्ष पूरा भएको अवसरमा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयका माननीय मन्त्रीको उपस्थितीमा रजत वर्ष स्तम्भ अनावरण,भवन उदघाटनका साथ विविध कार्यक्रमको आयोजना गरी रजत वर्ष मनाईएको छ ।
- रजत वर्षको अवसरमा २०० जना भन्दा बढि सदस्यलाई उद्यमशिलतामा जोडिएको छ ।
- संस्थाले दिगो र उत्कृष्ट वित्तीय सहकारी बनाउने Vision लिए सँगै प्रविधिमैत्री डिजिटल QR कोड, सदस्यको

घर घरमा मोवाईल बैकिङ,सदस्य स्वास्थ्य उपचार, मृत्यु राहत तथा निशुल्क ऋण विमाको व्यवस्था गर्नुले संस्था सदस्यहरुको आफनो भरपर्दो संस्थाको पहिचान कायम भएको छ ।

- सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सो अन्तर्गत जारी निर्देशिका एवं सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिमका सम्पूर्ण दायित्वहरु समयमा नै पूरा गरि कानुनको पूर्ण कार्यान्वयन गरिएको छ ।

संस्थाको गरिमा र छवि विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने संस्थाका आदरणीय सदस्य महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यो स्थानसम्म संस्था सञ्चालनको दिशानिर्देश गर्नु हुने, प्रोत्साहन र प्रेरणा प्रदान गर्नु हुने एवम् हामीलाई असहज परिस्थितिमा पनि साथ दिएर अभिभावकको भूमिका निर्वाह गर्नु हुने राष्ट्रिय सहकारी महासंघ लि., राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून), बागमती प्रदेश सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून), जिल्ला सहकारी संघ लि. काभ्रेपलाञ्चोक, काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि., पूर्व कर्मचारीहरु, वर्तमान कर्मचारीहरु, विभिन्न मिडियाका मिडियाकर्मी साथीहरु, प्रत्यक्ष वा परोक्ष रुपमा संस्थालाई नजिकबाट माया गर्ने स्वजनहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

अन्तमा, गत आ.व मा नेपाल सरकारले संशोधन गरेको सहकारी ऐन अनुसार संस्थालाई दर्ता गर्नु पर्ने निकायहरु राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा अब तत्कालै दर्ता हुनु पर्नेमा हामी तयारी अवस्थामा रहेका छौं । तीन महिना भन्दा बढी समय भाखा नघाउने ऋणहरुको विवरण पठाउनु पर्ने कानुनी व्यवस्था रहेकोले यसै आ.व बाट कर्जा सूचना केन्द्रको समेत सदस्यता लिइने छ जसबाट नियत नै खराब बनाई ऋण नतिर्ने ऋणीहरुलाई कालोसूचीमा राख्ने अवस्था सम्म सृजना हुने हुँदा बचतकर्ताको बचतको सुरक्षामा समेत बल पुग्ने अपेक्षा हामीले लिएका छौं । यसै वर्ष वा सरकारको निकायले आब्हान गरेका बखत प्रत्येक सदस्यको ५ लाख सम्मको बचतको सुरक्षा गर्ने गरी निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिई बचतको सुरक्षाको समेत प्रत्याभूति प्रदान गर्दै जाने छौं भने लिखतका म्याद पुग्दा पनि ऋण नतिर्ने ऋणीहरुका सन्दर्भमा ऋण अशुली न्यायधिकरण मार्फत अशुलीका लागि कानुनी प्रकृयामा लैजान पनि संस्थाले यसै वर्षबाट कार्यारम्भ गर्ने यस सभा समक्ष अनुरोध गर्दछु । यस २६ औं साधारण सभा तमाम सदस्यज्यूहरुको सभा भएकोले सभा मार्फत यहाँहरुको भावनाको कदरका लागि रचनात्मक सुझाव, मार्गदर्शनका लागि अनुरोध गर्दै सभालाई सभ्य र भव्य बनाउनका लागि यहाँहरुको सक्रिय भूमिकाको अपेक्षा सहित सम्पूर्णमा पुन हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद । जय सहकारी ।

२६ औ वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट सचिवको आ.व. २०८१/८२ को प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम



– बुद्ध सिंह थापा
सचिव

यस संस्थाको २६ औ वार्षिक साधारण सभाको एकाई बैठकका सभापति ज्यू, प्रमुख अतिथि एवं अतिथि ज्यूहरु, संस्थाका संचालक एवं लेखा सुपरिवेक्षणका पदाधिकारी ज्यूहरु,सल्लाहकार ज्यूहरु,कर्मचारी मित्रहरु,आमन्त्रित पत्रकार ज्यूहरु तथा श्रद्धेय शेयर सदस्यज्यूहरुमा सहकारी अभिवादन व्यक्त गर्दछु। संस्था स्थापनाको २६ वर्ष पूरा भइ २७ औ वर्षमा प्रवेश गरिरहँदा हामीले सदस्यहरुको वित्तिय आवश्यकता पूरा गर्दै समूदायको रोजाईको संस्था बनाउन सफल भएको विषय यहाँहरुलाई यो महत्वपूर्ण अवसरमा सुनाउन पाउँदा हामी गौरवान्वित छौं।

विगत केही वर्षदेखि केही सहकारीको कारण सहकारी प्रतिको नकारात्मक सोच,अविश्वासले सहकारीले गरेका महत्वपूर्ण कार्यहरु ओझेलमा परेका छन। सहकारीले नेपालको अर्थतन्त्रमा पुर्‍याएको योगदानलाई हामीले नजरअन्दाज गर्यौं भने सहकारी प्रति अन्याय हुन्छ त्यसैले सहकारीले आम मानिसको आर्थिक,सामाजिक,वातावरणीय पक्षको सकारात्क परिवर्तनका लागि अनवरत रुपमा कार्य गर्दै वित्तिय पहुँचबाट टाढा रहेको सदस्यको आर्थिक सम्वृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ।

सहकारी क्षेत्रबाट नै आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक तथा समग्र पर्यावरणको क्षेत्रमा सकारात्मक परिवर्तन गरि समृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय चाहना पुरा गर्न थप योगदान पुर्‍याउन सकिन्छ। यीनै भावनालाई आत्मासाथ गरि आगामी दिनहरुमा सहकारी भावनालाई अझ सुदृढ शसक्त र बलियो संगठन निमार्ण गरि सदस्यहरुको आर्थिक,सामाजिक साँस्कृतिक एवं वातावरणीय आवश्यकता एउटै संस्थाबाट पुरा गर्ने लक्ष्यका साथ यस संस्थाले सहकारी एकिरणमा अगुवाको भुमिका निर्वाह गर्दै आफ्नो छुट्टै पहिचान बनाएकाले आगामी वर्षहरुमा थप संस्थाहरु सँग एकिकरण गरी सम्वृद्ध साकोस निर्माण गर्ने आशा र भरोसा व्यक्त गर्दै यहाँहरुको माया साथ र सल्लाहको अपेक्षा गर्दछु।

गत वर्ष झै यस वर्ष पनि संस्थाका ७ वटा एकाई मार्फत २६औ वार्षिक साधारण सभा सम्पन्न गर्न गईरहेका छौ।

आदरणीय शेयर सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष ०८१।०८२ को प्रगति प्रतिवेदन यस गरिमामय साधारण सभामा पेश गर्ने अनुमति चाहन्छु।

१. यस आ.व. को प्रगति समिक्षा :

क) सदस्यता बृद्धि तर्फ

संस्थाको कार्यक्षेत्र भित्र रहेका सम्पूर्ण सदस्यहरुलाई यस वर्षभरि नै सदस्यता खुल्ला राखि तपशिल बमोजिम सदस्यता वृद्धि गरिएको जानकारी गराउँदछु।

सदस्य विवरण :

गत आ.व.को अन्तमा पुरुष सदस्य संख्या ९१८८,महिला सदस्य संख्या ९१०३ र संस्थागत ३५ गरी जम्मा १८३२६ रहेकोमा यस आ.व. २०८१/८२ को अन्त सम्ममा पुरुष सदस्य ९८० जना,महिला सदस्य १४६५ र संस्थागत ११ थप भई जम्मा २४५६ थप भएको जानकारी गराउँदछु। यसरी यस आ.व.को अन्तमा तपसिल बमोजिम सदस्य रहेको जानकारी गराउँदछु।

पुरुष सदस्य संख्या : १०१६८
महिला सदस्य संख्या : १०५६८
संस्थागत : ४६
जम्मा सदस्य : २०७८२
बाल बचतकर्ता सदस्य : २०६०
कूल जम्मा सदस्य : २२८४२

ख) बचत तथा ऋण परिचालन र शेयर खरिद तर्फ :

उल्लेखित सदस्यहरुबाट आ.व. ०८१/०८२ को अन्त सम्ममा गरिएको कुल कारोबारहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

१.१ शेयर रकम	रु.१२,७४,५६,७००।
१.२ बचत (निक्षेप) रकम	रु.१,११,२२,६०,७९१।८३
१.३ ऋण लगानी रकम	रु.१,०५,७४,१६,१४३।२०
१.४ शेयर तथा बचत लगानी रकम	रु.२,३६,७८,७६०।३१
१.५ स्थिर सम्पत्ती	रु.५,८१,६३,३३७।२८

ग) आ.व. ०८१/०८२ मा लक्षित क्रियाकलाप र सम्पन्न भएको प्रगति प्रतिशतका आधारमा :

क्र स	कार्यक्रमको नाम	पटक संख्या	उपलब्धी	उपलब्धी प्रतिशतमा	कैफियत
१	उद्यमशिल सदस्य निर्माण	१२	७	५८.३३	
२	शिक्षा	४	२	५०	
३	वित्तिय क्षेत्र	७	७	१००.००	
४	सामाजिक कार्यक्रम	६	४	६६.६७	
५	महिला तथा जेष्ठ नागरिक	१४	११	५०	
६	युवा तथा वालवालिका	१५	१३	६०	
७	पूर्वाधार तथा कार्यालय व्यवस्थापन सम्बन्धि	११	११	८१.८२	
८	वातावरण संरक्षण	४	३	७५.००	
९	प्रविधि विस्तार	६	५	८३.३३	
१०	सञ्चालक समिति क्षमता विकास	१३	११	८४.६२	
११	कर्मचारी क्षमता विकास	१३	१३	१००.००	
१२	श्रोत केन्द्र स्थापना	१	१	१००.००	
१३	एकिकरण योजना	३	२	६६.६७	
१४	सदस्य सुरक्षा तथा प्रोत्साहन	१४	११	६४.२९	
जम्मा		१२३	१०२	८२.९३	

२. सामाजिक क्रियाकलापहरु :

सहकारीले आर्थिक कारोवारका साथ समाजका हरेक क्रियाकलपामा संस्थाको संलग्नता रहनुपर्छ भन्ने भावनाका साथ यस संस्थाले सामाजिक क्रियाकलपाहरु सञ्चालन गरिरहेको छ । यसै सन्दर्भमा संस्थाले सदस्यका लागि तपसिल बमोजिमका विविध सामाजिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको व्यहोरा अनुरोध गर्दछु ।

क) नवदुलही स्वागत कार्यक्रम :

सदस्यको हरेक सुख दुखको छहारी बन्दै आएको यस संस्थाले शेयर सदस्यका छोरा छोरीको विवाह कार्यक्रममा सहभागीभै आर्शिवाद प्रदान तथा संस्कृति जर्गेनाको लागिरहेको छ । सदस्यहरुले आफ्नो छोराको विहेमा संस्थाको नाममा दिएको निमन्त्रणालाई स्वीकार गरि सदस्यको घरमा भित्रिएकी नव दुलहीलाई घरमा नै गई स्वागत गर्ने र नि:शुल्क संस्थाको सदस्यता प्रदान गर्ने गरेको छ । यस आ.व.मा मुख्य कार्यालय लगायत सेवाकेन्द्रहरुबाट १५ जना नवदुलहिलाई स्वागत गर्दै संस्थाको सदस्यता प्रदान गरिएको छ ।

ख) समवेदना तथा श्रद्धान्जली :

अ) सदस्य मृत्यु राहत

संस्था सदस्यको सुखमा मात्र हैन दुखमा पनि संग सगै रहेको छ । संस्थामा आवद्ध सदस्यहरुको मृत्युमा सदस्यको घरमा नै पुगि सदस्यको परिवारलाई सदस्य मृत्यु राहत रकम प्रदान गरि दिवंगत आत्माको चिर शान्तिको कामना सहित श्रद्धासुमन अर्पण गर्दै आएको छ । यस वर्ष दिवंगत हुनु भएका ४२ जना मृतक सदस्यको घरमा पुगी संस्थाका पदाधिकारी र कर्मचारीद्धारा परिवारमा समवेदना व्यक्त गरी राहत रकम जम्मा रु १०५५०००।-(अक्षरेपी दश लाख पचपन्न हजार मात्र) प्रदान गरिएको छ ।

आ) एकाघर परिवार मृत्यु राहत :

संस्थाले सदस्यको मात्र नभई एकाघर परिवारका सदस्यको मृत्युमा समेत राहत रकम प्रदान गर्ने नीतिगत व्यवस्था गरेको छ । एकाघर परिवारको कोहि सदस्यको मृत्यु भएमा एकाघर परिवार मृत्यु राहत रकम उपलब्ध गराउँदै आएको छ । यस आ.व.मा संस्थाबाट ९५ जना एकाघर सदस्यहरुलाई मृत्यु राहत वापत रु ४६१०००।-(अक्षरेपी चार लाख एकसठ्ठि हजार मात्र) प्रदान गरिएको छ ।

ग) सदस्य स्वास्थ्य सुरक्षण सुविधा :

अ) उपचार राहत

संस्थाले आफ्ना सदस्यहरुको स्वास्थ्यमा आई पर्ने समस्याहरुलाई मध्यनजर गरि सदस्य स्वास्थ्य सुरक्षण सुविधा अन्तर्गत विरामी उपचार खर्च प्रदान गर्दै आइरहेको छ । सदस्यहरुको स्वास्थ्य उपचार गर्न अस्पतालमा २४ घण्टा भन्दा बढी समय भर्ना भई उपचार गर्नु पर्ने अवस्थामा वर्षमा एक पटक रु.१०,०००। सम्मको उपचार खर्च उपलब्ध गराउँदै आएको छ । सदस्यले यो सुविधा प्राप्त गर्नका लागि संस्थाले सन्चालन गरेको सदस्य स्वास्थ्य सुरक्षण खातामा आवद्ध हुन पर्दछ । यस वर्ष सदस्य स्वास्थ्य सुरक्षण खातामा आवद्ध सदस्यहरुलाई उपचार खर्च अन्तर्गत १६५ जना सदस्यलाई रु १९,६३,२४२।-(अक्षरेपी उन्नाईस लाख त्रिसाठी हजार दुई सय बयालिस रुपैयाँ मात्र) स्वास्थ्य उपचार राहत खर्च उपलब्ध गराईएको जानकारी गराउँदछु ।

घ) गर्भवति पोषण सहयोग :

कोख देखि शोक सम्म ज्योमिसा भन्ने नाराका साथ सदस्यहरुको हरेक अवस्थामा यस संस्थाको साथ रहदै

आएको सन्दर्भमा संस्थाका महिला सदस्यहरु गर्भवति हुदाँ संस्थाको तर्फबाट गर्भवती महिलाको स्वास्थ्यलाई विशेष ध्यान राखि महिला सदस्यहरुको स्वास्थ्य हेरचाह गर्न पोषण सहयोग प्रदान गर्ने गरिएको छ । यस आ.व.मा ६० जना गर्भवति महिला सदस्यहरुलाई पोषिलो आहार खरिदका लागि रु ६०,०००(अक्षरेपी साठ्ठि हजार रुपैयाँ मात्र) गर्भवति पोषण सहयोग रकम उपलब्ध गराईएको छ ।

ङ) बालवालिका जन्म उत्सव कार्यक्रम :

बच्चा जन्मेको ११ दिन भित्र बाल बचत खाता सञ्चालन गरी नियमित बचत गर्ने बाल सदस्यलाई बाल सदस्य १६ वर्ष नपुगे सम्म प्रत्येक वर्ष जन्मदिनको दिन जन्म उत्सव कार्यक्रम आयोजना गरी केक उपलब्ध गराउँदै आएको छ भने यस खातामा आवद्ध वाल सदस्यहरुलाई १६ वर्ष पश्चात उच्च शिक्षाको लागि ऋण आवश्यक परेको खण्डमा सहुलियत ऋण प्रदान समेत गर्ने गरिएको छ । यस आ.व.मा जम्मा ३८८ जना बालबालिकाहरुको जन्म उत्सव कार्यक्रम आयोजना गरी रु १,५५,२००। (अक्षरेपी एक लाख पचपन्न हजार दुई सय रुपैयाँ मात्र) रकमको उपहार उपलब्ध गराईएको छ ।

च) प्राकृतिक तथा दैवी प्रकोप पिडित राहत सुविधा :

संस्थाले आफ्ना शेयर सदस्यको प्राकृतिक तथा दैवी प्रकोपबाट धनजनको क्षति भएका सदस्यलाई राहत रकम प्रदान गर्दै आइरहेको छ। यस आ.व.मा ८ जना सदस्यलाई प्राप्त निवेदनका आधारमा स्थलगत निरीक्षण समेत गरि जम्मा रु..२२,०००। राहत रकम प्रदान गरिएको छ ।

सदस्य सुरक्षण अन्तर्गत यस आ.व.मा प्रदान गरेको राहत विवरण :

क्र.स.	राहतको विवरण	संख्या	रकम
१.	सदस्य मृत्यु राहत	४२ जना	१०५५००० ।-
२.	एकाघर परिवार मृत्यु राहत	९५ जना	४६१०००।-
३.	गर्भवति पोषण सहयोग	६० जना	६०,०००।-
४.	जेष्ठ नागरिक भत्ता	२३१	१५५०००।-
५.	अपाङ्ग सदस्य भत्ता	३५	३५०००।-
६.	स्वास्थ्य उपचार राहत	१६५	१९,६३,२४२।-
७.	वालवालिका जन्मोत्सव कार्यक्रम	३८८ जना	१,५५,२००।-
८.	ऋणि सदस्य मृत्यु राहत	३ जना	१,८६,०००।-
९.	प्राकृतिक प्रकोप पिडित राहत	८ जना	२२०००।-
जम्मा			४०,५२,०००।-

३. सम्बन्ध विस्तार तथा अनुभव साटासाट (सहकारी अध्ययन अवलोकन भ्रमण) :

हरेक मान्छेले आफुमा निखार ल्याउने भनेको उसले प्राप्त गर्ने ज्ञानबाट हो । सहकारीको छैटौ सिद्धान्त सहकारी बीच पारस्परिक सहयोगको भावना बमोजिम आफुमा रहेको ज्ञान अरुमा बाँडनु र अरुबाट आफुले नयाँ विषयवस्तु वा अनुभव साटासाट गर्दा एक अर्कामा सम्बन्ध विस्तार हुनुका साथै नयाँ अनुभवले नयाँ ज्ञान प्रदान गर्दछ । मानिस एकबाट अर्कोले केहि न केहि नयाँ ज्ञानहरु सिक्न सक्छ र सकारात्मक कुराहरुको सिकाइबाट उसले आफ्ना ब्यबहारमा परिवर्तन ल्याउन सक्छ । साथसाथै यस्ता भ्रमणबाट संस्थाको छविलाई समेत स्वदेश

तथा विदेशमा समेत पुर्‍याउन सहयोग पुर्‍याउँछ । यसै कुरालाई मनन गर्दै यस संस्थामा पनि विभिन्न समयमा ७ वटा सहकारीबाट १४५ जना सहभागीहरुले यस संस्थाको अवलोकन भ्रमण गरेका छन ।

४. समिति तथा उप समितिहरुको सक्रियता र बैठक :

संस्थाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा नियमित तथा विशेष गरी सञ्चालक समितिको पूर्ण बैठक सम्पन्न भएको साथै सोही समीक्षा अवधिमा लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समिति, सेवाकेन्द्र संचालन समिति, व्यवस्थापन उप-समिति र व्यवस्थापनको औपचारिक तथा अनौपचारिक बैठकहरू समेत सम्पन्न भएका छन् । कार्य सञ्चालनमा थप चुस्तता ल्याउन सबै तहका समितिहरूको बैठकलाई नियमित गरिएको छ । अधिकृतस्तरका कर्मचारीहरुलाई सहायकका रुपमा जिम्मेवार प्रदान गरि प्रत्येक उप समितिको आवश्यकताका आधारमा बैठक बसी आवश्यक र महत्वपुर्ण योजना बनाई कार्य अगाडी बढाइरहेको समेत जानकारी यस सभामा गराउँदछु ।

आ. व. २०८१/८२ मा समिति उप समितिको बैठक संख्या :

क्र. स.	समिति उप समितिको नाम	सदस्य संख्या	बैठक संख्या	कैफियत
१	सञ्चालक समिति	१५ जना	१२	
२	लेखा सुपरीवेक्षण समिति	३ जना	६	
३	कार्यसम्पादन उप समिति	५ जना	११	
४	ऋण उप समिति	५ जना	२९	
५	कृषि तथा व्यवसाय प्रर्वद्धन उप समिति	५ जना	३	
६	महिला उप समिति	९ जना	२	
७	मिर्मिरे सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२	
८	सामुहिक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२	
९	बनेपा सदस्य सेवा केन्द्रसंचालन उप समिति	७ जना	१२	
१०	कुशादेवी सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२	
११	बेथानचोक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२	
१२	जन्मज्योति सदस्य सेवाकेन्द्र उप समिति	३ जना	१२	
१३	रोशि सदस्य सेवाकेन्द्र	३ जना	५	
१४	मूल्याँकन उप समिति	३ जना	३	
१५	प्रकाशन उप समिति	३ जना	२	
१६	योजना तर्जुमा तथा बजेट विनियोजन उप समिति	संयुक्त	२	
१७	लघुवित्त उप समिति	५ जना	२	
१८	स्वास्थ्य उप समिति	५ जना	२	
१९	पदपूर्ति उप समिति	३ जना	८	
२०	समिक्षा बैठक	सयुक्त	४	

२१	शिक्षा उप समिति	५ जना	२	
२२	प्रोव्यासन कार्यदल	५ जना	६	
२३	युवा तथा बाल उप समिति	५ जना	३	
२४	भवन निर्माण उप समिति	५ जना	१०	
२५	जोखिम व्यवस्थापन उप समिति	५ जना	२	
२६	व्यवस्थापन ऋण बैठक	५ जना	२३२	
२७	सेवाकेन्द्र इन्चार्ज सहितको विभागिय बैठक	१६ जना	५	
२८	कर्मचारी बैठक	४२ जना	९	

५. संस्थाको २५ औ बार्षिक साधारण सभा :

दिगो र उत्कृष्ट वित्तिय सहकारी संस्थाको परिकल्पना गरि समुदायमा आधारित भएर संचालित यस ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्थाको २५ औ बार्षिक साधारण सभा समारोह मिति २०८१ साल मंसिर १ गतेदेखि मंसिर ८ गते सम्म विभिन्न उपस्थिती केन्द्रहरुमा सम्पन्न भयो । संस्थाको २५ औ वार्षिक साधारण सभा पानसमा दीप प्रज्वलन गरी २०८१ मंसिर १ गते बेथानचोक एकाई साधारण सभाबाट उद्घाटन भएको साधारण सभा रोशी,बल्थली,मूख्य कार्यालय,बनेपा र कुशादेवीमा स्थानीय पालिकाका प्रमुख एवं वडा अध्यक्षहरुबाट उद्घाटन भएको थियो भने मूख्य कार्यालयको साधारण सभा राष्ट्रिय सहकारी महासंघका सञ्चालक श्री परितोष पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त समारोहमा प्रमुख अतिथि एवं अतिथिहरुले आफनो शुभकामना मन्तव्य राख्दै सहकारीले नेपालको अर्थतन्त्रको लागि गरेको योगदान तथा उपलब्धीको चर्चा गनुभएको थियो भने ज्योति मिर्मिरे सामूहिक साकोसले शेयर सदस्यलाई उपलब्ध गराएको सेवाको प्रशंसा गर्नुभएको थियो । कुल सदस्यहरुमा १३५३८ (७३.८७) प्रतिशत सदस्यहरुको उपस्थिति रहेको उक्त साधारण सभामा संस्थाको गतिविधि र वार्षिक प्रगति विवरण पेश गर्नुका साथै विविध विधामा उत्कृष्ठ हुनुहुने सदस्यज्यू हरुलाई सम्मान समेत गरिएको थियो । उक्त २५ औ वार्षिक साधारण सभाबाट आगामी ४ वर्षे कार्यकालका लागि उद्धव सापकोटाको नेतृत्वमा १५ सदस्यीय सञ्चालक समिति र भिमसेन के.सी.को संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्वाचित भएको थियो ।

२५ औ वार्षिक साधारण सभाको अवसरमा संस्थाको स्विकृत प्रोत्साहन निर्देशिका २०७१को दफा ३ बमोजिम देहाएको विधामा देहाएका सदस्यहरुलाई सम्मान गरिएको थियो ।

क्र.सं.	विधा	नामथर	सदस्य नं/खाता नं.	ठेगाना	कार्यालय
१.	उत्कृष्ट ऋणि	विष्णुभक्त रजितकार	७९५०	धुलिखेल-१०	ज्योति सेवाकेन्द्र
२.		नवराज के सी	१००७५	बेथानचोक -२	बेथानचोक सेवाकेन्द्र
३.		पुरुषोत्तम थापा	१०५०९	बनेपा -११	बनेपा सेवाकेन्द्र
४.		कान्छी तामाङ	३०६२	बनेपा -१२	सामुहिक सेवाकेन्द्र
५.		कमला नेपाली श्रेष्ठ	१०८५३	पनौती -१०	जन्म ज्योति सेवाकेन्द्र
६.		लोकनाथ तिमल्सिना	२७७३	पनौती -८	मिर्मिरे सेवाकेन्द्र
७.		शम्भु के सी	१२६८४	पनौती- १२	रोशी सेवाकेन्द्र
८.		लिलामाया तामाङ	११६३२	पनौती-२	कुशादेवी सेवाकेन्द्र

९.	उत्कृष्ट नियमित बचत	अक्कलबहादुर तिमल्सिना	१३४७५	बेथानचोक -२	बेथानचोक सेवाकेन्द्र
१०.		मुना भुजेल	१०७२९	धुलिखेल -८	बनेपा सेवाकेन्द्र
११.		समिता थापा	२८५८	पनौती -४	सामुहिक सेवाकेन्द्र
१२.		चेतकुमारी के सी	१०९३६	पनौती -११	जन्मज्योति सेवाकेन्द्र
१३.		कृष्णप्रसाद हुमागाई	१३०३६	पनौती- १२	रोशी सेवाकेन्द्र
१४.		भगवती सापकोटा	१२२८०	पनौती ३	कुशादेवी सेवाकेन्द्र
१५.		जानुका बजगाई	२६३८	पनौती ४	मिमिरे सेवाकेन्द्र
१६.		विमला खड्का	५५६	पनौती-९	ज्योति सेवाकेन्द्र
१७.	उत्कृष्ट बचत कर्ता	एलिसा दाहाल तिमल्सिना	८५२९	बेथानचोक - २	बेथानचोक सेवाकेन्द्र
१८.		रामकुमार श्रेष्ठ	१२२३८	बनेपा-६	बनेपा सेवाकेन्द्र
१९.		बमबहादुर श्रेष्ठ	४५१२	पनौती -४	मिमिरे सेवाकेन्द्र
२०.	उत्कृष्ट बालबचतकर्ता	प्रयुसा श्रेष्ठ	CS31701641	बनेपा -६	बनेपा सेवाकेन्द्र
२१.		साजन दाहाल	CS31701805	पनौती -४	सामुहिक सेवाकेन्द्र
२२.		सदिक्षा तामाङ	CS31701453	पनौती -११	जन्मज्योति सेवाकेन्द्र
२३.		सितिष्का श्रेष्ठ	CS31701007	पनौती -४	मिमिरे सेवाकेन्द्र
२४.		सदिक्षा घिमिरे	CS31701187	पनौती-३	कुशादेवी सेवाकेन्द्र
२५.		रुक्साङ्ग तामाङ	CS31701310	बेथानचोक-४	ज्योति सेवाकेन्द्र
२६.	उत्कृष्ठ शेयर खरिद कर्ता	तारादेवी घिमिरे	११७७७	पनौती न.पा. ४	मिमिरे सेवाकेन्द्र
२७.	वर्षको उत्कृष्ठ कर्मचारी	पार्वती हुमागाई घिमिरे		पनौती न.पा. ६	ज्योति सेवाकेन्द्र
२८.	जे.एम.एस सहकारी अवार्ड	परितोष पौडेल	काठमाडौ		
२९	विशिष्ठ सदस्य अवार्ड	मुकुन्द थापा	१३४६४	पनौती न.पा. ८	ज्योति सेवाकेन्द्र
३०.	उत्कृष्ट सेवाकेन्द्र	कुशादेवी सेवाकेन्द्र		पनौती ३	

६. संस्थागत एकताको लागि आवद्धता :

प्रारम्भिक संस्थाहरुलाई नीति विधि र प्रविधिको उच्च प्रयोग गरी आफ्ना सदस्यहरुलाई अधिकतम सुविधा दिन, संस्थागत नीति नियम तर्जुमा गर्न,व्यवस्थापनको क्षमता अभिवृद्धि तथा सिप विकास, संचालक क्षमता अभिवृद्धि, संस्थागत व्यवसायिकरण तथा अन्तर सहकारी संस्थाहरुबीच पारस्परिक सम्बन्ध विकासका लागि हालसम्म देहाएका विषयगत संघहरुमा संस्था आवद्ध भएको छ ।

- राष्ट्रिय सहकारी बैक लि. काठमाडौ
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.,काठमाडौ
- राष्ट्रिय समृद्ध आवास विशिष्टिकृत सहकारी संघ लि.काठमाडौ
- वागमति प्रदेश सहकारी संघ लि.

- वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.काभ्रे
- जिल्ला सहकारी संघ लि. काभ्रे,
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि.काभ्रे्

७. संस्थागत भाइचाराका लागि आतिथ्यता :

विगत आ.व.को भैं यस आ.व.मा पनि संस्थाको नाममा विभिन्न संघ संस्था मार्फत अतिथिको लागि निमन्त्रणा प्राप्त भएको र संस्थाका अध्यक्ष लगायत पदाधिकारी साथै व्यवस्थापनबाट समेत निमन्त्रणालाई स्विकार गरि आतिथ्यता ग्रहण भएको विषय सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

८. सुशासन र प्रवर्द्धन :

संस्थाले नीति विधि र प्रविधिलाई आत्मसाथ गरि कार्य गरि रहेको छ । संस्था सञ्चालनका लागि सञ्चालक एवम कर्मचारीको आचारसंहिता तथा संस्थागत मूल्य-मान्यतालाई सुशासन नीतिद्वारा व्यवस्थित गरिएको छ । नीति निर्माण एवम् निर्णय प्रक्रियामा सुरुदेखि अन्त सम्म समिति पदाधिकारी तथा सदस्यको प्रत्यक्ष सहभागी हुने परिपाटीलाई संस्थागत गरिएको छ । सहकारी ऐन, नियमावली तथा सहकारी विभागको संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको भावना र मर्म बमोजिम निर्देशनको पालना गर्दै आएको छ । आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औंल्याएका कैफियत एवम् सुझावहरूमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि योजनासहित व्यवस्थापनलाई निर्देशन दिने गरिएको छ । संस्थाको मौजुदा सुशासन नीति तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी नीति मार्फत संस्थाका हरेक क्रियाकलापलाई व्यवस्थित एवम सुदृढ गर्दै लगिएको छ ।

९. एकिकरण दिवस :

वि.स. २०६९ साल फाल्गुन १९ गते ४ वटा सहकारी एकैपटक एकिकरण गरी नेपालमा पहिलो पटक सहकारी एकिकरण गर्ने संस्थामा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस संस्था हाल सम्म ६ वटा सहकारी एकिकरण गरि सञ्चालनमा रहेको छ । संस्थाले प्रत्येक वर्षको फाल्गुन १९ गते एकिकरण दिवस मनाउँदै आएको छ । यसै क्रममा २०८१ फाल्गुन महिनाको १९ गते पनि संस्थाले विभिन्न कार्यक्रम सहित एकिकरण उत्सव मनाएको छ । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष उद्धव सापकोटाको सभापतित्व र नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयका माननीय मन्त्री श्री बलराम अधिकारीको प्रमुख आतिथ्यता साथै नेफ्स्कुन,वागमति प्रदेश बचत संघ, जिल्ला सहकारी संघ काभ्रे, जिल्ला बचत संघ काभ्रेका पदाधिकारीहरु, पनौती नगरपालिका जनप्रतिनिधि, छिमेकी सहकारीका संचालक तथा काभ्रे जिल्लाका पत्रकार लगायत सदस्यको उल्लेख्य उपस्थिती रहेको थियो । संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री गोपाल दाहालको सञ्चालन तथा संस्थाका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रत्येक बर्ष विविध सामाजिक कार्यहरु गर्दै आएकोमा यस वर्ष समेत ३५ जना अपाङ्ग सदस्य, ७५ वर्ष माथिका २ सय ३१ जना जेष्ठ सदस्यलाई जेष्ठ नागरिक भत्ता सहित सम्मान, ७० वर्ष माथिका २ सय ६९ जनालाई सम्मान गरिएको थियो । साथै उक्त अवसरमा संस्थाले पनौती बसपार्कमा खुल्ला रक्तदान कार्यक्रम आयोजना गरिएको थियो जसमा १०२ जना सहभागी भई ६१ जनाले रक्तदान गरेका थिए । उक्त अवसरमा संस्थाको बचत र ऋण कारोबारमा सहभागी भइ उत्कृष्ट कारोबार गर्ने सदस्यहरु, एस.इ.इ.मा उत्कृष्ट अंक प्राप्त गर्ने सदस्य साथै सदस्यका सन्तानहरुलाई सम्मान गरि आफ्नो १२ औं एकिकरण उत्सव सम्पन्न गरेको थियो ।

संस्थाको स्वीकृत प्रोत्साहन निर्देशिका २०७१को दफा ३ बमोजिम देहाएको विधामा देहाएका सदस्यहरुलाई २५ औं स्थापना दिवस तथा १२ औं एकिकरण उत्सवका अवसरमा सम्मानित गरिएको थियो ।

क्र स	नामथर	सदस्य नं.	ठेगाना	कार्यालय	विधा
१	विमला खड्का	५५६	पनौती -९	ज्योति सेवाकेन्द्र	नियमित बचत
२	जस्लिना के सी	४२२३ CS31701076)	पनौती -८	ज्याति सेवाकेन्द्र	बाल बचत
३	कुमाल कुमार शाहा	१६३७	पनौती -४	ज्योति सेवाकेन्द्र	विशेष बचत
४.	प्रियस खत्री	४७६९CS31701061)	पनौती -४	सामुहिक सेवाकेन्द्र	बाल बचत
५.	कमला तामाङ	३०५६	बनेपा-११	सामुहिक सेवाकेन्द्र	साधारण बचत
६	रामेश्वर खत्री	११४३८	पनौती -१२	रोशी सेवाकेन्द्र	नियमित बचत
७	सुकुमाया माझी	११८०१	पनौती-१२	रोशी सेवाकेन्द्र	उत्कृष्ट ऋण
८	सुन्तली मिजार	९३०९	पनौती -४	मिर्मिरे सेवाकेन्द्र	नियमित बचत
९	रेयान्स श्रेष्ठ	९७३४(CS31701625)	पनौती-४	मिर्मिरे सेवाकेन्द्र	बाल बचत
१०	सरिता सापकोटा	४६२९	पनौती -४	मिर्मिरे सेवाकेन्द्र	उत्कृष्ट ऋण
११	तारा सापकोटा	९५५३	पनौती-३	कुशादेवी सेवाकेन्द्र	दैनिक बचत ऋण
१२	शान्ता थापा	१३३९०	पनौती -३	कुशादेवी सेवाकेन्द्र	नियमित बचत
१३	उर्मिला बाइवा	७०७७	बनेपा -६	बनेपा सेवाकेन्द्र	नियमित बचत
१४	मैया तामाङ	७०३०	धुलिखेल -३	बनेपा सेवाकेन्द्र	उत्कृष्ट ऋण
१५	केल्मिना थापा	१३३१६ CS31702111	बनेपा- ११	बनेपा सेवाकेन्द्र	बाल बचत
१६	जयराम तिमल्सिना	८७९०	बनेपा -७	बनेपा सेवाकेन्द्र	उत्कृष्ट सदस्य
१७	दुर्गा थापा	१२६७१	पनौती -११	जन्मज्योति सेवाकेन्द्र	नियमित बचत
१८	रिता तामाङ	११०३५	पनौती- ११	जन्मज्योति सेवाकेन्द्र	उत्कृष्ट ऋण
१९	निरजल तामाङ	११८७७CS31701572	पनौती-११	जन्मज्योति सेवाकेन्द्र	बाल बचत
२०	निशान श्रेष्ठ	८५३३	बेथानचोक- ४	बेथानचोक सेवाकेन्द्र	विशेष बचत
२१	शिवम् तिमल्सिना	८४८६ CS31701077	बेथानचोक- २	बेथानचोक सेवाकेन्द्र	बाल बचत
२२	मनोज तिमल्सिना	८५४०	बेथानचोक -२	बेथानचोक सेवाकेन्द्र	उत्कृष्ट ऋण

१०. संस्थाको सेवा विस्तार :

संस्थाको कार्यक्षेत्र र सदस्यको सेवालाई मध्यनजर गर्दै मुख्य कार्यालय सहित ८ वटा कार्यालयबाट संस्थाले आफ्ना सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको छ । स्थानीय स्तरमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी समुदायका सदस्यको आर्थिक तथा सामाजिक विकासको लागि परिचालन गर्ने उद्देश्यले सञ्चालित यस संस्थाले आफ्ना सेवा तथा सुविधाको विकास र विस्तार गरी स्थानीय स्तरमा नै एकीकृत वित्तीय तथा गैर-वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । यसबाट संस्थाको सेवा क्षेत्र विस्तार हुन पुगेको र सदस्यको वित्तीय पहुँचमा समेत वृद्धि भएको छ ।

हाल सञ्चालनमा रहेका कार्यालयहरुको विवरण :

मुख्य कार्यालय	पनौती-६, नमोबुद्धरोड काभ्रे
ज्योति सदस्य सेवाकेन्द्र	पनौती न.पा. ६ काभ्रे
मिर्मिरे सदस्य सेवाकेन्द्र	पनौती-४, ठाडोबाटो काभ्रे
सामुहिक सदस्य सेवाकेन्द्र	पनौती-४, ज्यालाचिटि काभ्रे
बनेपा सदस्य सेवाकेन्द्र	बनेपा-७, गोदामचोक काभ्रे
कुशादेवी सदस्य सेवाकेन्द्र	पनौती-२, कुशादेवी काभ्रे
बेथानचोक सदस्य सेवाकेन्द्र	बेथानचोक-२, ढुंखर्क काभ्रे
जन्म ज्योति सदस्य सेवाकेन्द्र	पनौती -११, बल्थली,काभ्रे
रोशि सदस्य सेवाकेन्द्र	पनौती- न पा १२, रोशि काभ्रे

११.सदस्यबाट प्राप्त सुझाव कार्यान्वयनः

सदस्यका सकारात्मक सुझाव एवम् सल्लाह संस्थाका लागि अमूल्य सम्पत्ति हुन भन्ने संस्थागत बुझाइका साथ सुझाव एवम सल्लाह तथा गुनासोलाई प्रत्यक्ष रूपमा छिटो-छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा (हरेक सदस्य सेवा केन्द्रमा) सुझाव पुस्तिका राख्ने र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बैठकमा प्रस्ताव राखी तुरुन्त सम्बोधन गर्ने गरिएको छ । यसै गरी आधुनिक प्रविधिको प्रयोग र सुगमतालाई मध्यनजर गर्दै ज्योति मिर्मिरेको आफ्नै एप्सको माध्यमबाट पनि सुझाव सल्लाह लिने र सम्बोधन गर्ने परिपाटीको विकास गरिएको छ । साथै सबै कार्यालयमा सदस्य सेवा सूचना तथा सुझाव पेटिकाको व्यवस्था गरिएको छ । यसै सन्दर्भमा सुझाव पुस्तिका एवम भेटका माध्यमबाट सदस्यले आफ्ना अमूल्य सुझाव, सल्लाह एवम् गुनासाहरू व्यक्त गरी हामीलाई सचेत गराउनु भएकोमा संलग्न तपाई सम्पूर्ण सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु र निरन्तर यस्तै सहभागिताको अपेक्षा पनि गर्दछु ।

१२. विप्रेषण सेवा (मनी ट्रान्सफर) :

विप्रेषण सेवालाई संस्था मार्फत् आफ्नै घर-दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन Money Transfer गर्ने निकायहरूसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ भने देशभित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थित गर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ । हाल संस्थाले प्रभु, हिमाल, आई एम ई, वेर्स्टन युनियन, सिटी एक्सप्रेस मनिट्रान्सफर मार्फत सेवा दिइरहेको र निकट भविष्यमा अन्य मनिट्रान्सफर सेवाहरु थप गर्ने जानकारी गराउदछु ।

१३. संस्थागत शुसासन तथा वैधानिकताका आधारहरु :(आन्तरिक कार्यविधीहरु)

संस्था नीति, विधि र प्रविधिमार्फत् सञ्चालित हुनुपर्छ भन्ने दृढ मान्यताका साथ हरेक क्रियाकलापलाई अझ बढी सुव्यवस्थित, प्रतिस्पर्धी एवम् व्यावसायिक बनाउनका लागि आवश्यक नीति, नियम एवम् कार्यविधिको तर्जुमा गरिएको छ । सहकारी ऐन २०७४ को दफा २८ ले प्रचलित कानुन बमोजिम हुने गरी अन्तरिक कार्यविधी बनाई लागु गर्न सक्ने व्यवस्था गरेको छ । धेरै संख्यामा रहेका आन्तरिक कार्यविधि तथा निर्देशिकालाई एकिकृत गरी हाललाई ७ वटा क्षेत्र भित्र समेटिएकाले तपसिलका क्षेत्र र आन्तरिक कार्यविधिहरु अनुमोदनका लागि यस सम्मानित सभा समक्ष प्रस्ताव पेश गर्दछु ।

क.स	प्रस्तावित आन्तरिक कार्यविधिको नाम	एकीकृत हुने	
		साविक अभ्यासमा रहेका आन्तरिक कार्यविधि	नयाँ थप हुने व्यवस्थाहरु
१	सदस्य सेवा आन्तरिक कार्यविधी	• बचत संकलन तथा परिचालन आन्तरिक कार्यविधि • ऋण लगानी तथा असुली आन्तरिक कार्यविधि • हायरपर्चेज ऋण लगानी तथा असल़ी निर्देशिका • धितो मूल्याङ्कन आन्तरिक कार्यविधि • भाखा नाघेको ऋण अशुली आन्तरिक कार्यविधि • असल ऋणि पहिचान कार्यविधि • सदस्यता आन्तरिक कार्यविधि • शेयर आन्तरिक कार्यविधि • सम्मान तथा प्रोत्साहन आन्तरिक कार्यविधि • सदस्य सुरक्षा तथा राहत आन्तरिक कार्यविधि • सदावहार काउन्टर सेवा निर्देशिका • सदस्य सूचना कार्यविधी • सदस्य गुनासो सुनवाइ कार्यविधी • सदस्य हेरचाह कार्यविधी • सदस्य सेवा आन्तरिक कार्यविधि • गर्भवति पोषण सहयोग कार्यविधि	सदस्य स्वरोजगार प्रर्वद्धन सम्बन्धी व्यवस्था सदस्य सीप विकास सम्बन्धी व्यवस्था
२	संस्था सञ्चालन आन्तरिक कार्यविधी	• नगद परिचालन आन्तरिक कार्यविधि • लेखा आन्तरिक कार्यविधि • आर्थिक प्रशासन आन्तरिक कार्यविधि • अभिलेख व्यवस्थापन आन्तरिक कार्यविधि • कोष व्यवस्थापन आन्तरिक कार्यविधि • विपद व्यवस्थापन कोष परिचालन कार्यविधि • उपसमिति गठन तथा सञ्चालन आन्तरिक कार्यविधि • सेवा केन्द्र सञ्चालन आन्तरिक कार्यविधि • लघुवित्त समूह परिचालन आन्तरिक कार्यविधि • बाह्य ऋण आन्तरिक कार्यविधि • बजेट कार्यान्वयन निर्देशिका • वालक्लव गठन तथा परिचालन निर्देशिका • सिष्टर क्लव गठन तथा परिचालन कार्यविधि	
३	जनशक्ति व्यवस्थापन तथा परिचालन आन्तरिक कार्यविधी	• मानव संशाधन व्यवस्थापन आन्तरिक कार्यविधि • अतिरिक्त सेवा सञ्चालन कार्यविधी • तालिम भ्रमण तथा क्षमता विकास आन्तरिक कार्यविधि • कर्मचारी सहुलियत ऋण सुविधा निर्देशिका • सवारी साधन परिचालन व्यवस्थापन कार्यविधि	• कर्मचारी सहुलियत तथा सुविधा सम्बन्धी व्यवस्था • स्वयसेवी परिचालन सम्बन्धी व्यवस्था

४.	महामारी तथा विपद व्यवस्थापन एवं परिचालन कार्यविधि	• महामारीमा व्यवसाय निरन्तरता योजना • महामारीमा सहकारी सेवा व्यवस्थापन सम्बन्धि निर्देशिका • विपद जोखिम न्युनीकरण निर्देशिका	असहज परिस्थितीमा संस्था सञ्चालन सम्बन्धि व्यवस्था
५.	अनुपालना तथा सुशासन कार्यविधी	• जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यन्वयन आन्तरिक कार्यविधि • द्धन्द व्यवस्थापन निर्देशिका • शुसासन आन्तरिक कार्यविधि • आन्तरिक लेखा परीक्षण आन्तरिक कार्यविधि	• योग्य तथा उपयुक्त व्यक्ति परीक्षण सम्बन्धी व्यवस्था, • अनुपालना स्वःपरीक्षण सम्बन्धी व्यवस्था
६.	आन्तरिक नियन्त्रण तथा सुव्यवस्थापन कार्यविधी	• निर्वाचन आन्तरिक कार्यविधि • बैठक सञ्चालन कार्यविधी • अभौतिक बैठक सञ्चालन कार्यविधी • संगठन तथा सञ्चालन आन्तरिक कार्यविधि • समूदाय तथा साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि • लिलामी आन्तरिक कार्यविधि • अभिलेख तथा लेखा प्रमाणित गर्ने कार्यविधि • गल्ती व्यवस्थापन आन्तरिक कार्यविधि • स्थिर सम्पत्ति आर्जन तथा व्यवस्थापन आन्तरिक कार्यविधि • पूराना कागज धुल्याउने आन्तरिक कार्यविधि • साधारण सभा सञ्चालन आन्तरिक कार्यविधि • सभाहल व्यवस्थापन निर्देशिका • संरक्षित पूँजी फिर्ता कोष सञ्चालन कार्यविधी • सामाजिक परीक्षण कार्यविधी • टेलिफोन सञ्चालन कार्यविधी • योजना तथा बजेट निर्माण कार्यविधी •	• आन्तरिक लेखा परीक्षण र त्रुटी सुधार सम्बन्धी कारबाहीको व्यवस्था • कार्यविधी निमार्ण सम्बन्धी व्यवस्था
७.	सूचना प्रविधी सेवा विकास र उपयोग सम्बन्धी कार्यविधी	• विद्युतीय भुक्तानी तथा फछ्यौट आन्तरिक कार्यविधि • सूचना प्रविधि आन्तरिक कार्यविधि	• विद्युतीय अभिलेख (सि.वि.एस) सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था, • प्रविधीमा आधारित सेवा (मोबाइल बैकिङ्ग, क्यू.आर. कोड लगायतका सेवाहरु) सुरक्षा सम्बन्धी व्यवस्था • सामाजिक सञ्जाल सञ्चालन सम्बन्धी व्यवस्था • वेवसाइट सञ्चालन सम्बन्धी व्यवस्था • सि.यू.जी सिम प्रयोग सम्बन्धी व्यवस्था

१४. मानव संसाधन :


संस्था सञ्चालनको मेरुदण्डका रुपमा रहेको व्यवस्थापन संरचनालाई समयसापेक्ष व्यवस्थित,चुस्त दुरुस्त बनाउन सकेमा संस्था सफल हुने हाम्रो विगतको कार्याशैलीबाट प्रमाणित भएकाले संस्थाले मौजुदा सञ्चालन संरचनामा परिमार्जन गरी सेवाकेन्द्र अवधारणाअनुसार अगाडि बढाएको छ । परिमार्जित सञ्चालन संरचना र एकीकरण पश्चात् समायोजन भई हाल यस संस्था अन्तर्गत व्यवस्थापनको विभिन्न तह र कार्यालयमा जम्मा ४२ जना कर्मचारीहरू नियमित सेवामा संलग्न रहनुभएको छ । आ.व. २०८२/०८३ मा तपशिल बमोजिम दरबन्दीहरू कायम भएको जानकारी गराउन चाहन्छु :

कर्मचारी दरबन्दी :

पद	तह	हाल कायम संख्या	आन्तरिक बढुवा	थप हुने	कूल कायम हुने
प्र.का.अ	आठौं	१	०	०	१
नायब प्र.का.अ	सातौ	०	०	१	१
लेखा विभाग प्रमुख	छैटौ	१	०	०	१
व्यवसाय विभाग प्रमुख	छैटौ	१	०	०	१
सदस्य सेवा विभाग प्रमुख	छैटौ	०	०	१	१
आन्तरिक नियन्त्रण तथा सूचना प्रविधी विभाग प्रमुख	छैटौ	१	०	०	१
अधिकृत (सदस्य सेवा कार्यालय प्रमुख)	छैटौ	०	०	१	१
सहायक अधिकृत (सदस्य सेवा कार्यालय प्रमुख)	पाँचौ	३	१	०	३
सुचना प्रविधि सहायक	चौथो	०	०	१	१
व्यवसाय सहायक (सदस्य सेवा कार्यालय इन्चार्ज)	चौथो	५	१	०	६
व्यवसाय सहायक (सदस्य सेवा कार्यालय इन्चार्ज)	तेश्रो	१६	६	०	१६
व्यवसाय सहायक	दोश्रो	७	०	०	७
व्यवसाय सहायक	प्रथम	५	०	०	५
सहयोगी	श्रेणी बिहीन	२	०	०	२
समयगत कर्मचारी	श्रेणी बिहीन	०	०	५	५
सुरक्षा गार्ड		२	०	०	२
कूल जम्मा		४४	८	९	५३

क्र.स.	पद	तह	संख्या
१	प्रमुख कार्यकारी अधिकृत	आठौ	१
२	नायव प्रमुख कार्यकारी अधिकृत	सातौ	१
३	विभागीय प्रमुख	छैटौं	५
४	सेवाकेन्द्र प्रमुख	पाँचौ	३
५	व्यवसाय सहायक	चौथो	६
६	व्यवसाय सहायक	तेश्रो	१६
७	व्यवसाय सहायक	दोश्रो	७
८	सहयोगी	दोश्रो	१
९	सदस्य सेवा सहायक	प्रथम	१०
१०	सहयोगी	श्रेणी विहिन	१
११	सुरक्षागार्ड	तह विहिन	२
जम्मा			५३

जस अर्न्तगत कार्यरत कर्मचारीको तह गत संरचना निम्नबमोजिम रहेको छ :



कर्मचारी परिचालन :

- यस आ.व.मा सदस्य सहजकर्ता ७ जना र सहयोगी १ जना गरी जम्मा ८ जना कर्मचारी नियुक्ति गरिएको छ ।
- अधिकृत छैटौ १ जना,व्यवसाय सहायक चौथो तह १ र व्यवसाय सहायक तेश्रो तह ७ जनालाई पदोन्नती गरिएको छ ।
- अधिकृत १ व्यवसाय सहायक ५ जनाको राजिनामा स्वीकृत गरिएको छ ।

१५.सहकारी शिक्षा शिविर तथा विस्तारित मञ्च :

सहकारी संस्थामा सदस्य प्रवेश गर्नुपूर्वदेखि निरन्तर सहकारी शिक्षा अनिवार्य विषय हो । यसबाट सदस्यहरुले आफनो संस्थाको यथार्थ अवस्थाको बारेमा जानकारी प्राप्त गर्दछन जसले गर्दा संस्थाको वारेमा जानकारी लिनुपर्ने विषयहरुको पूर्ण ज्ञान भई संस्थाप्रति सकारात्मक धारणा वनाउन सक्दछन र संस्थाको प्रगतिमा थप योगदान दिन सक्छन । यस संस्थाले विभिन्न स्थानमा सहकारी शिक्षा शिविर एवं विस्तारित मञ्चको आयोजना गरेको छ । आफना सदस्यहरुलाई यथोचित सबै संस्थागत विषय एवं नेतृत्व विकासका लागि लघुवित्त समूहमा सहकारी शिक्षा शिविरको आयोजना गरि लघुवित्त समूहमा आवद्ध करिव ४०१९ जना, नयाँ समूह निर्माण र विस्तारित मञ्चको आयोजना साथै फोन सम्पर्कबाट जम्मा ११७९४ जना गरी यस आ.व. मा १९७८ वटा कार्यक्रम मार्फत जम्मा १७७९१ जना सदस्यलाई सहकारी शिक्षा साथै संस्थाको विविध वस्तु एवं सेवाको बारेमा जानकारी गराएको विषय म यस सम्मानित सभालाई जानकारी गराउँदछु ।

१६. ऋण वीमा, पशु तथा बाली विमा :

सदस्यको सुरक्षाको प्रत्याभुति गराउन यस संस्थाले सदस्यलाई ऋण परिचालन गर्दा ऋणी सदस्यको विमा गरिदिने, सदस्यले ऋण प्रयोग गरेको शीर्षक जस्तै पशुपालन, वालि, घर निर्माण, सवारीसाधन खरिद आदिको विमा गरिदिने जस्ता कार्य गर्दै आएको छ । कुनै पनि बेला सदस्यहरुमा आइपर्ने असहज परिस्थितिलाई सहज बनाउन संस्थाले विमा गराउँदै आएको छ । सदस्यलाई पर्न जाने वित्तिय भारबाट जोगाई आईपर्ने सम्भावित दुर्घटनाको जोखिम बहन गरि विमा मार्फत सदस्यलाई सुरक्षाको प्रत्याभुति गराउँदै आएको छ साथै यस आ.व.मा पनि विभिन्न समयमा यस संस्थाबाट ऋण परिचालन गरेका सदस्य मध्ये ३ जना ऋणीहरुको मृत्यू भई जम्मा ऋण रकम रु १,८६,००० (एक लाख छयासी हजार) ऋण विमा वापत भुक्तानी गरिएको छ भने सदस्यको पशुको विमा गरी मृत्यू भएका पशुको विमांक रकमको ९० प्रतिशत रकम भुक्तानी गरिएको यस सभामा जानकारी गराउँदछु साथै पनौती नगरपालिका क्षेत्र भित्र बसोबास गरि पशुपालन व्यवसाय गरि रहनु भएका सदस्यहरुले संस्था मार्फत पशु विमा गर्दा सदस्यले भुक्तानी गरेको विमा प्रिमियमको ५० प्रतिशत रकम पनौती नगरपालिका मार्फत फिर्ता गरिएको विषय समेत जानकारी गराउँदछु ।

१७. सहकारी र स्वनियमन

सहकारी संस्थाको सञ्चालन प्रभावकारीता अनुगमन गरी दिगो तथा सुरक्षित संस्था निर्माण गर्ने उद्देश्यले सहकारी संस्थाको अनुगमन तथा पृष्ठपोषण प्रदान गर्न र स्वनियमनमा सञ्चालन गर्न लेखा परीक्षण शाखा निर्माण गरी विभागीय कर्मचारीलाई आन्तरिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्न तालिम प्रदान गरी कार्यविवरण प्रदान गरिएको छ भने लेखा सुपरिवेक्षण समितिले त्रैमासिक रुपमा अनुगमन गरी दिईएको सुझावलाई अक्षरस पालना गरी गरिएको छ भने नियामक निकायले जारी गरेको निर्देशनको पालना गरी

संस्था सञ्चालन गरिएको व्यहोरा जानकारी गराउँदछु ।

यसै गरी संस्थाले ऋण लगानीलाई सुरक्षित बनाउन रू.५ लाख भन्दा माथिको ऋण लगानी गर्दा संस्थागत धितो मूल्याङ्कन कर्ताद्वारा मूल्यांकन गरी ऋण लगानी गर्ने नीतिगत व्यवस्था गरिएको छ । संस्थागत धितो मूल्याङ्कनकर्ता छनौट, सूचीकृत र स्वीकृत प्रक्रिया पारदर्शी ढङ्गबाट प्रक्रियागत तवरले गरिएको छ । हाल संस्थामा तपसिल अनुसारका संस्थागत धितो मूल्यांकनकर्ता सूचीकृत भएका छन् :-

१.मिडप्वाईन्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. बनेपा ६
२.पाथिभारा डिजाईन एण्ड विल्डर्स प्रा.लि. काठमाडौ,कोटेश्वर
३.भिन्तुना इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. कागेश्वरी मनोहरा ०९ काठमाडौ
४.सिभिलपल्स इन्जिनियरिङ प्रा.लि. बनेपा २
५.इनोभेशन इन्जिनियरिङ सर्भिस पनौती ४

१८.नियमित निरीक्षण तथा अनुगमन(स्क्यान) कार्यक्रममा सहभागी :

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ(नेफ्स्कून)द्धारा नियमित निरीक्षण तथा अनुगमन (स्क्यान) कार्यक्रम लागू गरेकाले संस्था यस वर्ष बाट उक्त कार्यक्रममा सहभागी हुनेछ । परिवर्तित कानुनी वातावरणमा अनुकुलन गरी संस्थागत विकास गर्ने,नियमित जोखिम सुपरीवेक्षण गराई जोखिम व्यवस्थापन सक्षमता विकास गर्ने र गुणस्तर सुनिश्चितताका कार्यक्रमहरु मार्फत ब्रान्ड प्राप्त गर्ने गरी संस्था अगाढी बढेको विषय म यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

१९. आधुनिक प्रविधिको उच्चतम् प्रयोग :

"नविनतम प्रविधी संस्थाको टेवा, हातहात र घरघरबाट वित्तिय सेवा" लाई मध्यनजर गर्दै संस्थाको सेवा संचालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका लागि M-FIN PLUS सफ्टवेयर प्रयोग गरी वित्तिय बजारमा उपलब्ध भएका प्रविधीहरुलाई संस्थामा अबलम्बन गरि संस्थाको सेवा विस्तार गरिएको छ । मोवाईल बैकिङ सेवाको विकास गरी सदस्यले घरबाटै मोवाइलमा रिचार्ज, डिस होम रिचार्ज, ईन्टरनेटको विल भुक्तानी, बिद्युत, पानी आदिको विल भुक्तानी साथै आफ्नो एउटा खाताको रकम अर्को सदस्यको खातामा पठाउन र घरमै वसी आफनो खाताको रकम हेर्ने साथै संस्थागत गतिविधिको जानकारी प्राप्त गर्ने सकिने व्यवस्था मिलाईएको छ भने यस वर्षबाट सदस्यले शुन्य व्यालेन्स भएको मोवाइलबाट समेत मेसेज सुविधा उपयोग गरि मोवाइल रिचार्ज गर्न मिल्ने छ भने बैंकबाट संस्थाको खातामा र संस्थाको रकम बैंकको खातामा रकम स्थानान्तरण गर्न मिल्ने सुविधा थप गरिएको छ । हाल यस एप्समा सदस्यहरुको सहभागीता उत्साहजनक रहेको छ भने यो एप्स सरल एवं सहज र जुन सुकै व्यक्तिले राम्रो संग चलाउन जान्ने एप्स भएकोले यसलाई प्रयोग गरी संस्थागत जानकारी हासिल गर्न अनुरोध समेत यसै सभाबाट अनुरोध गर्दछु ।

क्र.स	प्रविधीको नाम
१	मोबाइल बैकिङ
२	क्यू आर कोड सर्भिस
३	ट्याब बैकिङ
४	मिस्कल नोटिफिकेसन बैकिङ
५	एस एम एस बैकिङ
६.	ईन्टरनेट बैकिङ

२०. प्रभावकारी सूचनाका लागि सूचना प्रविधीको विकास योजना

"सदाचारयुक्त व्यवहार, प्रविधीमा आधारित सूचना र सरोकार" लाई आत्मसाथ गर्दै संस्थाले नियमित रुपमा प्रकाशन र प्रशारण गर्नु पर्ने सूचनालाई प्रभावकारी बनाउदै सबै सदस्यहरुमा सूचनाको पहुँच विस्तारका लागि देहाएका योजनाहरुलाई संस्थाको सूचना प्रदान गर्ने औजारको रुपमा विकास गरिएको छ ।

क्र.स	सूचनाको औजार
१	वेवसाइट (Website) (www.jmssaccos.coop.np)
२	फेसबुक पेज (Face book) (Jyoti Mirmire Samuhik Saccos)
३	सूचनापाटी
४	जिबो
५.	युटुव च्यालन (ज्योति मिर्मिरे सामूहिक साकोस)

संस्थाको आन्तरिक सुरक्षा

- सि सि क्यामेराको रेकर्डलाई दोहोरो व्याकपको व्यवस्था गरिएको छ,
- संस्थाभित्र कुनै विपत्ति वा घटना घटेमा वा व्याकपमा समस्या आउँदा क्यामेरामै रेकर्ड रहने व्यवस्था मिलाईएको छ,
- संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा अन्य कुनै वाहिरी निकायको प्रवेशलाई रोक लगाउन फायरवालको व्यवस्था गरिएको छ,
- संस्थाका महत्वपूर्ण कागजजातको स्कानिङ गरि सवै केन्द्रको कागजजात केन्द्रिकृत हुने व्यवस्था मिलाईएको छ,यसले सेवाकेन्द्रका कम्प्युटर वा सर्भरमा समस्या आउँदा समेत दोहोरो व्याकपको व्यवस्था हुनेछ,
- संस्थामा आउने सदस्यको लागि फ्रि वाई फाईको व्यवस्था गरिएको छ,
- संस्थाको वाहिरी सुरक्षाका लागि २४ घण्टा सुरक्षा गार्डको लागि यस वर्ष २ जना सुरक्षागार्डको व्यवस्था मिलाईएको छ,

२१. गोष्ठी तथा तालिमहरुमा सहभागिता :

सिकाई निरन्तर आवश्यक विषय भएको छ,आफूमा रहेको ज्ञान,क्षमतालाई निखार ल्याउन विभिन्न किसिमका गोष्ठि तालिमहरुको आवश्यकता पर्ने भएकाले यस आ.व.मा सञ्चालक समिति,उप समिति तथा कर्मचारीहरुलाई तपसिलका तालिम,गोष्ठिहरुमा सहभागी गराईएको छ,

पदाधिकारी

क्र.स.	कार्यक्रम	स्थान	आयोजना गर्ने कार्यालय	सहभागी		सहभागी भएको मिति देखि	सहभागी भएको मिति सम्म
१.	सञ्चालक समिति क्षमता अभिवृद्धि तालिम	पोखरा	ज्योमिसा साकोस	सञ्चालक समिति,लेखा सुपरीवेक्षण समिति,उप समिति तथा कर्मचारी		२०८१.१०.१६	२०८१.१०.१९
२.	वार्षिक कार्ययोजना निर्माण	मुख्य कार्यालय	ज्योमिसा	सञ्चालक समिति,लेखा सुपरीवेक्षण समिति,उप समिति तथा कर्मचारी		२०८२.०२.१६	२०८२.०२.१८

३.	प्रथम वागमती प्रदेश सहकारी सम्मेलन	ललितपुर	वागमति प्रदेश सहकारी संघ	पुर्णराम तुलाधर	२०८१.१२.०८	२०८१.१२.०९
४.	सहकारी अध्ययन अवलोकन भ्रमण	धादिङ	ज्योमिसा साकोस	सञ्चालक समिति,लेखा सुपरीवेक्षण समिति,उप समिति तथा कर्मचारी	२०८१.१०.१६	२०८१.१०.१६
५.	उप समिति क्षमता विकास तथा अन्तरक्रिया	मुख्य कार्यालय	ज्योमिसा साकोस	संचालक समिति, लेखा समिति, उप समिति पदाधिकारी	२०८१.०९.१६	२०८१.०९.१७

व्यवस्थापन :

क्र.सं.	विषय	कार्यक्रम आयोजना गर्ने संस्था	सहभागी	पद	मिति देखि	मिति सम्म
१.	ऋण असुली सम्बन्धी तालिम	ज्योमिसा	संस्थाका सवै कर्मचारी		२०८१-०५-२२	२०८१-०५-२२
२.	निर्णय पुस्तिका लेखन तालीम	काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ	गंगादेवि श्रेष्ठ	लेखा विभाग प्रमुख	२०८१-०८-२२	२०८१-०८-२२
३.	गरिवी विरुद्ध वित्तीय शिक्षा	बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन)	सुमन अधिकारी	वरिष्ठ सेवाकेन्द्र प्रमुख	२०८१-०८-२४	२०८१-०८-२६
४.	सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC)	ज्योति मिमिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि.	गोपाल दाहाल	प्रमुख कार्यकारी अधिकृत	२०८१-१०-१६	२०८१-१०-१९
			पुरुषोत्तम दाहाल	व्यवसाय विभाग प्रमुख		
			प्रकाश तिमल्सिना	आन्तरीक नियन्त्रण तथा सुचना प्रविधि विभाग प्रमुख		
			विनोद तिमल्सिना	सेवाकेन्द्र प्रमुख		
			सरोज घिमिरे	ऋण शाखा सहायक		
५.	पर्ल्स विश्लेषण तालिम	जिल्ला बचत तथा ऋण सहकारी संघ	सरोज घिमिरे	ऋण शाखा प्रमुख	२०८१-१०-२६	२०८१-१०-२६

६.	सदस्यसंग गर्ने व्यवहार	जिल्ला सहकारी संघ	राजिव तिमल्सिना	व्यवसाय सहायक	२०८१-११-१३	२०८१-११-१३
			सुदिप तिमल्सिना	व्यवसाय सहायक		
	जाली नोट तथा हस्ताक्षर पहिचान	जिल्ला सहकारी संघ	रेश्मा थापा	व्यवसाय सहायक	२०८१-११-२५	२०८१-११-२५
			सुस्मिता हुमागाई	सदस्य सहजकर्ता		
			निलम आचार्य	सदस्य सहजकर्ता		
७.	सम्पत्ती शुद्धिकरण निवारण तालिम	नेपाल बचत तथा ऋण सहकारी संघ (नेफ्स्कुन)	विनोद तिमल्सिना	सेवाकेन्द्र प्रमुख	२०८१-१२-०५	२०८१-१२-०५
८.	फन्टडेस्का कर्मचारीका लागि अभिमुखि तालिम	डाईमानिक रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर	पार्वती हुमागाई	सदस्य सेवा सहायक	२०८१-१२-०६	२०८१-१२-०६
			नारायणी तिमल्सिना	सदस्य सेवा सहायक		
			चण्डिका सापकोटा	सदस्य सेवा सहायक		
			राजन आचार्य	सदस्य सेवा सहायक		
९.	युवाका लागि वित्तिय साक्षरता तालिम	बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन)	सरोज घिमिरे	ऋण शाखा सहायक	२०८२-०१-१६	२०८२-०१-१८
१०.	दिगो र वित्तिय व्यवस्थापन तालिम	जिल्ला सहकारी संघ	गंगादेवि श्रेष्ठ	लेखा विभाग प्रमुख	२०८२-०३-११	२०८२-०३-१२

सदस्य तालिम तथा क्षमता अभिवृद्धि

सदस्य तालिम						
क्र.सं.	विषय	कार्यक्रम आयोजना गर्ने संस्था	स्थान	संख्या	मिति देखि	मिति सम्म
१	जुत्ता बनाउने उद्यमशिलता विकास तालिम (एडभान्स)	उद्योग तथा बाणिज्य कार्यालय काभे सहयोगमा	पनौती ६	२६	९/२१/२०८१	१०/२२/२०८१
२	भोल सावुन बनाउने तालिम	संस्था	पनौती ६	२७	१०/२२/२०८१	१०/२२/२०८१
३	ब्युटिसियन उद्यमशिलता तालिम	उद्योग तथा बाणिज्य कार्यालय काभ्रेको सहयोगमा	पनौती ३ कुशादेवी	२२	३/४/२०८२	३/११/२०८२
४	सावुन /सरफ /हर्बिपिक बनाउने उद्यमशिलता तालिम	उद्योग तथा बाणिज्य कार्यालय काभ्रेको सहयोगमा	पनौती ६	२९	३/८/२०८२	३/१५/२०८२
५	कफि बनाउने उद्यमशिलता तालिम	उद्योग तथा बाणिज्य कार्यालय काभ्रेको सहयोग	बनेपा अरनिको हाइवे	५२	३/५/२०८२	३/११/२०८२
६	सिलाई बुनाई तालिम	उद्योग तथा बाणिज्य कार्यालय काभ्रेको सहयोग	बनेपा ७	२४	२०८२/०२/२९	३/२९/२०८२
७	जुत्ता बनाउने उद्यमशिलता विकास तालिम	उद्योग तथा बाणिज्य कार्यालय काभ्रेको सहयोग	बनेपा ३	४२	३/३/२०८२	३/१९/२०८२
८	नैतिक तथा साँस्कृतिक संरक्षण अभिमूखिकरण	संस्था	कार्यक्षेत्र भित्र	२६५	९/१/२०८१	३/१९/२०८२

२२.संस्थाले प्राप्त गरेको सम्मान तथा पुरस्कारहरु :

वि.स. २०५६ सालदेखि निरन्तर सदस्य मैत्री वस्तु तथा सेवा प्रदान गर्दै प्रविधिको प्रयोग मार्फत सदस्यको हरेक सुख दुखमा साथ दिदै आएको यस संस्थाले सदस्यको सङ्ख्यात्मक रुपमा वृद्धि नभइ सदस्यको गुणात्मक विकास, प्रभावकारी सेवा, पारदर्शी व्यवस्थापन र दरिलो वित्तीय संरचनाका कारण संस्थाले हाल सम्म प्राप्त गरेका सम्मान तथा प्रशंसा पत्रहरु तपसिल बमोजिम रहेको जानकारी गराउँदछु ।

क्र स	प्राप्त गरेको सम्मान तथा पुरस्कार	प्रदान गर्ने संघ/संस्था
१.	४ वटा संस्था एकिकरण गरे वापत प्रशंसा पत्रद्धारा सम्मान	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
२.	४ वटा संस्था एकिकरण गरे वापत प्रशंसा पत्रद्धारा सम्मान	जिल्ला सहकारी संघ काभ्रे
३.	नेकोस प्लस सफ्टवेयर स्तरीय बनाउन योगदान गरे वापत नेफस्कून प्रशंसा पुरस्कार (२०७२)	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
४.	उत्कृष्ट लघुवित्त पुरस्कार (२०७५)	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
५.	वागमति प्रदेश स्तरीय उत्कृष्ट संस्था (२०७६/७७)	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
६.	वागमति प्रदेश स्तरीय उत्कृष्ट संस्था (२०७८/७९)	वागमति प्रदेश बचत तथा ऋण सहकारी संघ(प्रोस्कून)
७	पालिका स्तरीय उत्कृष्ट व्यवस्थापक पुरस्कार (२०७८)	पनौती नगरपालिका
८.	उर्जाशिल सहकारी अभियन्ता पुरस्कार (२०७९)	पनौती नगरपालिका
९.	उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८०	राष्ट्रिय सहकारी महासंघ
१०.	वागमति प्रदेश स्तरीय उत्कृष्ट व्यवस्थापक २०८०	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून)
११	काभ्रे जिल्ला स्तरीय उत्कृष्ट कर्मचारी(व्यवस्थापक)२०८०	जिल्ला सहकारी संघ काभ्रे

२३.२५ औ रजत जयन्ती

२०५६ सालमा हाम्रा अग्रजहरु द्धारा स्थापित यस संस्थाले आफनो स्थापनाको २५ औ वर्ष पूरा गरेको शु–अवसरमा यहि २०८१ साल असार २७ गते देखि फागुन १९ गते सम्म भव्य रुपमा विविध कार्यक्रम गरी सम्पन्न गरेको छ । २०८१ साल असार २७ गते शुभारम्भ गरिएको २५ औ रजत वर्ष कार्यक्रम २०८१ साल फागुन १९ गते नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको थियो । कार्यक्रममा सघिय मन्त्री,राष्ट्रिय सहकारी महासंघ लि. नेपाल बचत तथा ऋण सहकारी संस्था लि. वागमति प्रदेश सहकारी संघ लि. वागमति प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(वागमति प्रोस्कून) जिल्ला सहकारी संघ काभ्रे काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. नेपाल

पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष एवं प्रतिनिधीको आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथिबाट संस्थाको २५ औ रजत वर्षको लोगो अनावरण तथा भवन उद्घाटन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री ज्यूले सहकारीको हालको अवस्था र सहकारी अभियानको दायित्व साथै सरकारको भूमिकाका विषयमा आफनो धारणा राख्नुभएको थियो । संस्थाले २५ वर्ष अवधि सम्म गरेका कार्यहरुको प्रशंसा गर्दै संस्थाको प्रगतिको लागि शुभकामना व्यक्त गर्दै निरन्तर रुपमा सदस्यमैत्री कार्यक्रम सञ्चालन गरी सहकारी मूल्य मान्यता र सिद्धान्तमा संस्था सञ्चालन गर्न सुझाव दिनुभयो । उक्त कार्यक्रममा विशिष्ट अतिथि,अतिथि ज्यूहरुले संस्थाको सफलताको शुभकामना दिनुभएको थियो । रजत जयन्तीको अवसरमा संस्थाले वृहत निःशुल्क स्वास्थ्य शिविर,रक्तदान तथा जेष्ठ सदस्य सम्मान,संस्थापक सदस्य सम्मान,पुर्व सञ्चालक,पूर्व कर्मचारी,शैक्षिक व्यक्तित्व,दीर्घ सेवा सम्मान,एस.ई.ई सम्मान गरी ६३५ जनालाई विविध विधामा सम्मान गरी भव्य रुपमा रजत वर्ष सम्पन्न गरेको छ ।

सदस्य महानुभावहरु

यस सम्मानित सभामा अब म चालु आ.व २०८२/०८३ को लागि संचालक समितिको मिति २०८२ जेष्ठ ३० गते शुक्रवार बसेको बैठकबाट स्वीकृत नीति तथा कार्यक्रमहरुलाई अनुमोदनका लागि पेश गर्ने अनुमति चाहान्छु ।

हालको राष्ट्रिय एवं अन्तराष्ट्रिय परिवेशलाई नियाल्दा र मानिसहरुको विकासक्रमको इतिहास विष्लेषण गर्ने हो भने मानिसको आर्थिक वृद्धि र सास्कृतिक पहिचान एवं नैतिकता जस्ता विषयहरु सहकारीताबाटै आर्जेको हो । यिनै विषयलाई मध्यनजर गर्दै यस आ. व.मा हामीले सहकारीताको माध्यमद्धारा आर्थिक,सामाजिक, साँस्कृतिक,वाताबरणीय र नैतिक पक्षलाई उजागर गर्दै सहकारीबाट जीवन शैलिलाई अनुभव गर्न सक्ने किसिमको परिवर्तन गराउन सकिन्छ भन्ने सन्देश प्रवाह गर्न देहायका योजना तथा कार्यक्रमहरुको आयोजना गरी संस्थालाई दिगो र उत्कृष्ट बनाउने परिकल्पनाका साथ कार्यक्रमहरुको प्राथमिकीकरण गरिएको छ ।

- स्वास्थ्य,सहकारी शिक्षा,परामर्श ,वित्तिय साक्षरता,प्रविधि साक्षरता,ऋण परामर्श,युवाका लागि वित्तिय साक्षरता,उद्यमशिलता विकास साथै सामाजिक,नैतिक विकास एवं सास्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने ।
- फजुल खर्च रोक्ने, वित्तिय अनुशासन कायम गर्ने ,उत्पादनशील तथा रोजगार मूलक क्षेत्रमा ऋण लगानी गर्ने ।
- बेरोजगार सदस्यको संख्या बढ्दै गएकाले स्टार्ट अफ व्यवसाय मार्फत स्वरोजगार सदस्य बनाई ,आत्मनिर्भताको विकास गर्ने ।
- संस्थाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने ।
- स्वास्थ्य,सहकारी शिक्षा ,सीप विकास तालिम रोजगारी एवं आयआर्जन सम्बन्धि विशेष कार्यक्रम विभिन्न संघ संस्थाको समन्वयमा सञ्चालन गर्ने ।
- संस्थाको जनशक्ति व्यवस्था र सदस्य सेवालाई सदस्यको पहुँच एवं गुणस्तर वृद्धि गर्न व्यवस्थापनलाई चुस्त बनाउने ।
- संस्थाका कम्तिमा ६० प्रतिशत शेयर सदस्यलाई वित्तिय साक्षरता कार्यक्रममा सञ्चालन गरी यस वर्ष वित्तिय साक्षरता वर्षको रुपमा सञ्चालन गर्ने ।
- सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिईनेछ,त्यसका लागि संस्थाको मोवाईल एप्सको प्रयोगकर्ता कम्तिमा जम्मा सदस्यको ३० प्रतिशतमा पहुँच पुरयाईनेछ ।

- सहकारीको विषयमा भएको नकारात्मक टिका टिप्पणीको लागि सदस्य जागरुक अभियान सञ्चालन गरिनेछ ।
- ५ वर्षे रणनीतिक योजनाको गहन समिक्षा गरि आवश्यक संसोधन गर्ने ।
- कृषि उत्पादकत्व वृद्धिका लागि विषाधिको प्रयोगमा निरुत्साहित गर्न प्राङगारिक मल उत्पादन, कृषि विउ विजन तथा तालिमका लागि प्राविधिक नियुक्त गरिनेछ ।
- दक्ष युवाहरुलाई व्यवसायिक कृषि सञ्चालन गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।
- युवा,महिला र विद्यार्थी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सदस्यको गुनासो संकलनका लागि घुम्ति सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- संस्थासँग उद्धेश्य मिल्ने,सदस्यको सेवा सुविधामा वृद्धि गर्ने सहकारीहरुसँग संस्था एकिकरण गरिनेछ ।
- वित्तिय साक्षरता (प्रमाण पत्र) लिइएको हकमा ऋण लगानी गर्दा ऋणको व्याजमा १२ प्रतिशत छुट दिई कारोवार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि र सुविधा थप गर्न घरदैलो सेवालाई निरन्तरता दिईनेछ ।
- बैदेशिक बचत खाता मार्फत कार्यक्षेत्र भित्रका सदस्य विदेश भएमा सदस्य बन्न सकिने व्यवस्था गरिनेछ ।
- सदस्यले उत्पादित सामाग्रीको बजारीकरणका लागि विक्री सहजकर्ताको व्यवस्था गरिनेछ ।
- सदस्यहरुको सेवालाई सदस्यमैत्री बनाउन घरदैलो मासिक नियमित बचत संकलन सेवालाई निरन्तरता दिईनेछ ।
- "जसले गर्छ सदस्यसँग छलफल,उसले पाउँछ प्रतिफल" भन्ने मूल नारा व्यवस्थापनमा लागू गरिनेछ ।
- संस्थाको सदस्यसँगको व्यवहारको ढाँचामा गति र संस्कृति परिवर्तन गर्ने ।
- स्कूल स्कूलमा जे एम एस कार्यक्रमलाई ज्ञान,अनुशासन र संस्कृति निर्माणको विकास तर्फ केन्द्रित गरिनेछ ।
- उद्यमशिलतामैत्री संस्थाको नीति अपनाई सीपयुक्त श्रम शक्तिको निर्माण गर्ने,सो को लागि न्यू पुस्तालाई विशेष प्राथमिकता राखि युवा केन्द्रित स्टार्ट अफ कार्यक्रम सुरु गर्ने ।
- स्वास्थ्य सेवालाई सवै सदस्यमाझ पुरयाउन स्थानीय पालिकासँग समन्वयमा सेवाकेन्द्रस्तरमा स्वास्थ्य चेकजाँच सञ्चालन गर्ने ।
- स्थानीय तहको सहयोग समन्वय र सहकार्यमा कृषिको व्यवसायिकरण गर्ने ।
- संस्थाको आन्तरिक कार्यविधि,विनियम र रणनीतिक व्यवसायिक योजनामा उल्लेखित विषयलाई अक्षरस पालना गर्ने ।
- ऋण लगानीलाई सुरक्षित र उत्पादनमूलक क्षेत्रमा केन्द्रित गरी विना धितो ऋणलाई निरुत्साहित गरिनेछ ।
- सदस्यको नियमित बचतलाई ३० प्रतिशत कायम गरिनेछ ।
- शेयरलाई औषत शेयरमा कायम गरिनेछ ।
- उद्यमि सदस्य,स्टार्टअफ सदस्यको कार्डको व्यवस्था गरिनेछ ।

- शारीरिक रुपमा अशक्त तथा फरक क्षमता भएका संस्थाका सदस्यहरु केन्द्रित विशेष कार्यक्रम निर्माण गरी सञ्चालन गरिनेछ ।
- सेवाकेन्द्रमा व्यवसाय विस्तार,सदस्य विस्तार सामाजिक उत्तरदायित्व र क्षमता विस्तारमा एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्योति वडा युवा सरोकार मञ्च : हरेक सेवाकेन्द्रमा १/१ वटा पर्नेगरी वडा युवा सरोकार मञ्च गठन गरी कार्यक्षेत्रभित्र सम्पूर्ण घरधुरी सदस्य भएका वडालाई पूर्ण सदस्य क्षेत्रका रुपमा घोषणा गरिनेछ ।
- सदस्य स्वास्थ्य सुरक्षाका लागि थप सुविधाका लागि अन्य प्राविधिक पक्षको अध्ययन गरी विमा कार्यक्रमलाई थप सदस्य मैत्री बनाउँदै लगिनेछ ।
- मासिक रुपमा स्थानीय पालिकाका वडाको वालमैत्री शाखासँगको समन्वयमा नैतिक शिक्षा तथा सहकारी शिक्षालाई प्राथमिकता दिईनेछ ।
- सदस्यलाई आइपर्ने विभिन्न विपदको व्यवस्थापनका लागि विपत व्यवस्थापन कोषको वृद्धि गरिनेछ ।

संस्थाको स्वीकृत सदस्य सम्मान निर्देशिका २०७१ बमोजिम हुने गरी उक्त निर्देशिकामा व्यवस्था भए बमोजिम संस्थाको साधारण सभामा तथा एकिकरण उत्सवमा तपशिल बमोजिम सम्मान गर्ने ।

१. वर्षको उत्कृष्ठ ऋणी	१२ जना
२. वर्षको उत्कृष्ठ बचतकर्ता	१२ जना
३. वर्षको उत्कृष्ठ शेयर खरिदकर्ता	१ जना
४. वर्षको उत्कृष्ठ बाल बचतकर्ता	८ जना
५. वर्षको उत्कृष्ठ सुझावकर्ता	१ जना
६. वर्षको उत्कृष्ठ कर्मचारी	१ जना
७. वर्षको उच्च पदस्थ सदस्य	१ जना
८. वर्षको उत्कृष्ठ सहकारीकर्मी	१ जना

२४.कार्यालय संचालन तथा व्यवस्थापन :

यस आ.वमा पनि संस्थाबाट प्रवाह गर्ने सेवालाई प्रभावकारी बनाउनका लागि देहाए बमोजिम कार्यालय समय निर्धारण गर्ने प्रस्ताव पेश गरेको छु ।

कार्यालय खुल्ने समय

कार्यालय समय : ९:३० बजे देखि साँझ ६:०० बजे सम्म

कारोवार समय : १०:०० बजे देखि साँझ ४:०० बजे सम्म

(दिउँसो ४:०० बजे देखि साँझ ६:०० बजे सम्म सन्ध्याकालिन काउन्टर)

(शनिवार तथा सार्वजनिक विदाको दिन बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म ज्योति सदस्य सेवा कार्यालय र बनेपा सदस्य सेवाकेन्द्रबाट ऋण भुक्तानी, बचत जम्मा र सिमित रकम फिर्ताको सेवा लिन सकिने)

बिदा : वडा दशैंको दशमी तथा एकादशी २ दिन, दीपावलीको भाइटिका १ दिन, साधारण सभाको भोलिपल्ट १ दिन, फागु पूर्णिमा १ दिन

कार्यालय पुर्ण रुपमा विदा हुने दिन ५ दिन र वर्ष भरिमा कार्यालयबाट सेवा लिन सकिने : ३६० दिन

अन्त्यमा,

सहकारीको मूल्य,मान्यता सिद्धान्तको पूर्ण पालना गर्दै हाल सहकारीमा देखिएको अविश्वासलाई पुन जागरण गर्न सदस्यको वृहत्तर हित र वृद्धि विकासमा हामीले हाम्रा कार्यक्रम केन्द्रित गरेका छौ,हामीले राखेका नीति तथा कार्यक्रम पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दै सचिवको यस प्रतिवेदन उपर राय सल्लाह सुझाव दिनु हुन र आवश्यक छलफल गरी प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै हजुरहरुबाट विदा हुन्छु ।

धन्यवाद

जय ज्योति मिर्मिरे सामूहिक साकोस ! जय सहकारी !

सेवाकेन्द्र संचालन उप समिति

ज्योति सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति		कुशादेवी सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति	
श्री कुमार के सी	संयोजक	श्री दिपेश धिमिरे	संयोजक
श्री विष्णु प्रसाद शर्मा	सदस्य सचिव	श्री केशव थापा	सदस्य सचिव
श्री शिशुपाल राउत	सदस्य	श्री पूर्णवहादुर श्रेष्ठ	सदस्य
श्री शुशिला पौडेल	सदस्य	श्री राजन सापकोटा	सदस्य
श्री रिता थापा	सदस्य	श्री ईन्द्रप्रसाद आचार्य	सदस्य
श्री शिला आचार्य	सदस्य	श्री विन्दा दाहाल	सदस्य
श्री वासुदेव सुवेदी	सदस्य	श्री शान्ति खनाल सापकोटा	सदस्य
मिर्मिरे सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति		**बेथानचोक सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति**	
श्री रामहरी दाहाल	संयोजक	श्री चन्द्रप्रसाद तिमल्सिना	संयोजक
श्री ललिता धिताल पराजुली	सदस्य सचिव	श्री याङ्गप्रसाद धिमिरे	सदस्य सचिव
श्री कृष्ण प्रसाद धिमिरे	सदस्य	श्री रामवहादुर तिमल्सिना	सदस्य
श्री रुद्र प्रसाद हुमागाँई	सदस्य	श्री भरतप्रसाद अधिकारी	सदस्य
श्री नकुल श्रेष्ठ	सदस्य	श्री कुल प्रसाद तिमल्सिना	सदस्य
श्री तुम्ला कुमारी श्रेष्ठ	सदस्य	श्री वेदप्रसाद तिमल्सिना	सदस्य
श्री अन्जना बस्नेत	सदस्य	श्री लाल कुमारी स्याङतान वाइबा	सदस्य
सामुहिक सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति		**जन्मज्योति सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति**	
श्री डाक बहादुर कार्की	संयोजक	श्री शारदा हुमागाई	संयोजक
श्री सुन्दरी थापा	सदस्य सचिव	श्री कोकिल गिरि	सदस्य सचिव
श्री मैयाँ थापा	सदस्य	श्री रुकु अधिकारी	सदस्य
श्री शसिकला बुढाथोकी	सदस्य	श्री अन्जु खड्का हुमागाई	सदस्य
श्री निरु तामाङ	सदस्य	श्री सन्तोषी पन्त	सदस्य
श्री भगवती वस्नेत	सदस्य	श्री रामप्यारी के सी	सदस्य
श्री कृष्णमाया तामाङ	सदस्य	श्री आशामाया तामाङ	सदस्य
बनेपा सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति		**रोशी सदस्य सेवाकेन्द्र सञ्चालन उप समिति**	
श्री पुरुषोतम तिमल्सिना	संयोजक	श्री ईश्वरराज जंगम	संयोजक
श्री शालिकराम दुलाल	सदस्य सचिव	श्री एक विक्रम के सी	सदस्य सचिव
श्री राज कुमार तिमल्सिना	सदस्य	श्री अम्बिका मगर	सदस्य
श्री सिता दुलाल	सदस्य	श्री भवानी के सी	सदस्य
श्री सुनिता थापा	सदस्य	श्री आशा तामाङ	सदस्य
श्री माधवप्रसाद तिमल्सिना	सदस्य	श्री निर्मला श्रेष्ठ	सदस्य
श्री सानु माया तामाङ	सदस्य	श्री प्रमिला वि.क.	सदस्य

२६ औं साधारण सभाका लागि संचालक समितिको तर्फबाट प्रस्तुत

कोषाध्यक्षको प्रतिवेदन तथा अनुमानित आयव्यय विवरण

(२०८२ असोज २५-कार्तिक १)



– पूर्णराम तुलाधर
कोषाध्यक्ष

गरिमामय २६ औं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, संचालक समिति र लेखा समितिका सदस्यहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका साथीहरु, पत्रकार मित्रहरु, कर्मचारी मित्रहरु र यहाँ उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुमा मेरो र संस्थाको तर्फबाट हार्दिक सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

गत वर्षमा संस्थाले सदस्यहरुको हितमा थुप्रै कार्यक्रमहरू सम्पन्न गरेको छ । वित्तीय पारदर्शिता कायम गर्दै, सदस्य सेवामा आधुनिक प्रविधिको प्रयोगलाई अझ सुदृढ बनाइएको छ। अनलाइन सेवा, मोबाइल बैंकिङ, डिजिटल रेकर्ड प्रणालीको प्रयोगले संस्थाको सेवा स्तरलाई नयाँ उचाइमा पुऱ्याएको छ।

हामीले सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक विकासका कार्यक्रम, सरसफाइ अभियान, वृक्षारोपण र शैक्षिक सहयोगलाई निरन्तरता दिएका छौं । यी गतिविधिहरूले सहकारीलाई केवल आर्थिक मात्र नभई सामाजिक रुपमा पनि उत्तरदायी बनाएको छ।

यस वर्षको मुख्य उपलब्धि भनेको “**डिजिटल सहकारी**” अभियानको सुरुवात हो । यस अन्तर्गत सदस्यहरुले आफ्नो कारोबार मोबाइल एप मार्फत गर्ने, डिजिटल काउन्टरबाट भुक्तानी तथा कारोबार गर्न सक्ने सुविधा सुरु गरिएको छ । यसले सहकारी सेवामा छिटोपन, पारदर्शिता र सहजता ल्याएको छ।

देशको विषम परिस्थितीको कारण सिर्जना भएको आर्थिक अवस्था चलायमान नहुँदा ऋण लगानी, ब्याज असुलीमा कमि आएको छ ।

आगामी वर्षका लागि हाम्रो योजना:

- सदस्य पूँजी र बचत संकलनमा थप बृद्धि
- युवामुखी सीप विकास तालिम र रोजगारीमुखी परियोजना
- सहकारी भवनमा सदस्यहरुको उत्पादित सामाग्रीको प्रदर्शन स्थल निर्माण गरि व्यवसाय विस्तार
- सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य र सरसफाइमा विशेष योगदान

अब म आ.व. २०८१/८२ को आर्थिक उपलब्धी र आगामी आ.व.को कार्ययोजना पेश गर्ने अनुमति चाहन्छु ।

अघिल्लो वर्षहरुको उपलब्धीहरुको तुलनात्मक विश्लेषण:

क्रस	शीर्षक	योजना वर्षहरु			
		आ व २०७८/७९	आ व २०७९/८०	आ व २०८०/८१	आ व २०८१/८२
१	सदस्य संख्या	१२,९४१.००	१५,३८५.००	१८,३२६.००	२०,७२४.००
	वृद्धिदर प्रतिशतमा	१०.९७	१८.८९	१९.१२	१३.०९
२	संस्थाको कार्यक्षेत्रको कूल जनसंख्या	२,६२,८५४.००	२,६१,०८८.००	२,६१,०८८.००	२,६१,०८८.००
	कूल जनसंख्यामा संस्थाको पहुँच प्रतिशतमा	४.९२	५.८९	७.०२	७.९४
३	कूल सम्पत्ति	१,१३,७५,७६,६५७.२१	१,१८,३३,५९,८१०.४१	१,२८,९२,१३,४२१.००	१,४२,०३,३१,७०९.७२
	प्रतिशतमा	३३.२३	४.०२	८.९५	१०.१७
४	कूल शेयर पूँजी	९,१७,५७,४००.००	१०,९०,५२,१००.००	१२,३१,०८,७००.००	१२,७४,५६,७००.००
	प्रतिशतमा	३२.८६	१८.८५	१२.८९	३.५३
५	कूल ऋण लगानी	७४,९३,५०,९१९.००	८५,७९,१२,५७९.००	९३,९२,८२,५०८.७०	१,०५,७४,१६,१४३.२०
	प्रतिशतमा	२२.२७	१४.४९	९.४८	१२.५८
६	कूल निक्षेप बचत संकलन	६८,८९,७९,३८३.८५	७७,३७,३०,३७३.००	९५,१०,६०,१७७.८०	१,११,२२,६०,७९१.८३
	प्रतिशतमा	१२.६३	१२.३०	२२.९२	१६.९५
७	कूल बाह्य ऋण	२६,००,३३,३३३.००	१८,३२,७७,७७६.००	९,००,००,०००.००	५,१२,५०,०००.००
	प्रतिशतमा	१८३.६७	-२९.५२	-५०.८९	-४३.०६
८	कूल संस्थागत कोष	५,८९,०८,५५१.७३	६,६२,७७,७७६.००	७,४६,२५,१३६.६९	८,७१,०१,५४५.०७
	प्रतिशतमा	५.१८	५.६०	५.७९	६.१३
९	कूल तरलता	१०,७२,२८,९८२.२०	२३,०७,३०,६४०.७४	२०,२९,९१,४७६.५४	२६,१२,३९,०१९.१४
	प्रतिशतमा	१५.५६	२९.८२	२१.३४	२३.४९
१०	कूल स्थीर सम्पत्ति	३,८१,७६,५०३.५०	३,८६,४४,१८६.७६	४,०६,३८,११४.७६	५,८१,६३,३३७.२८
	प्रतिशतमा	१.१८	१.२३	५.१६	४३.१३
११	कूल लगानी	८,४१,१६,१५१.७७	११,०५,२३,३५७.८३	७,०७,०६,५७२.४३	२,३६,७८,७६०.३१
	प्रतिशतमा	३३४.२१	३१.३९	-३६.०३	-६६.५१
१२	खुद बचत	२,३९,५६,९९९.९९	२,८२,६७,१३९.००	२,९९,३७,४९४.४७	६६,७०,०८१.५३
	प्रतिशतमा	५५.३०	१७.९९	५.९१	-७८.०१

अघिल्लो योजनासंगको उपलब्धी विश्लेषण :

क्र.स	शीर्षक	लक्ष्यमा वर्तमान अवस्थाको विश्लेषण		
		वार्षिक लक्ष्य	वर्तमान अवस्था	उपलब्धी प्रतिशत
१	सदस्य वृद्धि	२७५०	२४६१	८९.४९
२	शेयर पूँजी वृद्धि	२,४०,०५,१००	४३,४८,०००	१८.११
३	बचत/निक्षेप वृद्धि	१७,७८,३३,८१६	१६,१२,००,६१४	९०.६५
४	ऋण लगानी वृद्धि	२४,१९,५९,६६२	११,९९,२७,१८३.७४	४९.५६
५	वित्तिय लगानीमा वृद्धि	२,३७,६६,२०३	-११,५०,८७,४४२.८०	-४८४.२५
६	सम्पुर्ण कोषमा वृद्धि	१२,३२,७२,८४९	६०,७०,३०७.८४	४.९२
७	कूल स्थिर सम्पत्तिमा वृद्धि	१,१३,५९,९६०	१,१९,१२,२९०.२०	१०४.८६
८	कूल बाह्य ऋणमा वृद्धि/कमी	-३४,०१,७९०	-३,८७,५०,०००.००	११३९.११
९	कूल सम्पत्तिमा वृद्धि	२२,४६,१९,९६५	११,७९,००,००६.१०	५२.४९
१०	कूल कर्मचारी वृद्धि	११	११.००	१००.००
११	कूल मुनाफा वृद्धि	३,५०,००,०७६	६६,७०,०८१.५३	१९.०५

आदरणीय सदस्य महानुभावहरु

अब म चालु आ.व २०८२/०८३ को लागि संचालक समितिको मिति २०८२ असार २७ गते शुक्रबार बसेको बैठकबाट स्वीकृत बजेट तथा कार्यक्रमलाई अनुमोदनका लागि पेश गर्ने अनुमति चाहान्छु।

क. सदस्यमैत्री कार्यक्रमहरु :

- १० लाख भन्दा बढी लगानी भएका हरेक ऋणीहरुको ऋण सदुपयोगिता जाँचको व्यवस्था मिलाउने।
- छुट सुविधाका लागि उद्योग, व्यवसाय तथा सेवामुलक संघ संस्थाहरुसंग सहकार्य गर्ने।
- जीवन विमा ,पशु तथा बाली बिमा तर्फ सदस्यहरुलाई आकर्षित गरी कृषक सदस्यहरुको लगानीको सुरक्षा प्रर्वद्धनको गत वर्षदेखिका कार्यक्रमलाई निरन्तरता दिने ।
- सदस्यको मृत्युमा राहत र एकाघर परिवारको मृत्यु राहत कार्यक्रमलाई निरन्तर उपलब्ध गराउने।
- नियमित बाल बचतकर्ताको लागि जन्मदिनको अवसरमा कापी कलम वितरण गर्ने।
- विकेन्द्रकृत रुपमा सवै कर्मचारी,सञ्चालक समिति र शेयर सदस्यहरुको जमघट बनाई कार्यक्षेत्रभित्र सदस्यहरुको राय सुझाव संकलन गरिनेछ।
- सदस्यहरुको जीवनस्तर परिवर्तनको र सफलताको कथा संकलन तथा वृतचित्र निर्माण गरिनेछ।

✍ युवा कृषक तथा उद्यमीहरुसँगको साझेदारीमा वडास्तरमा नमूना फर्मलाई सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

१.सदस्य सुरक्षाका कार्यक्रमहरु :

- पशुमा लाग्न सक्ने रोगहरुको पहिचान गरी पशु भ्याक्सिन कार्यक्रमका लागि सहयोग गर्ने ।
- पशु,वाली,सदस्यको विमा कार्यक्रम निरन्तर सञ्चालन गर्ने ।
- प्राविधिक मार्फत पशु गोवर जाँच कार्यक्रमलाई निरन्तरता दिने ।
- जैविक विषादी एवं माटो परीक्षण निरन्तर सञ्चालन गर्ने ।
- विउविजन तथा कृषि सामग्रीमा सहुलियत उपलब्ध गराउने ।
- विउ भण्डारणका लागि पालिकाहरुसँग समन्वय गर्ने ।
- कार्यालयका भौतिक सामाग्री एवं प्रविधिको सुरक्षा र नियमित मर्मत सम्भारका लागि जिम्मेवार कर्मचारी तोकिएकोमा सो कार्यलाई निरन्तरता दिने ।
- नियमित स्वास्थ्य जाँचको कार्यक्रम प्रत्येक पालिको वडास्तर सम्म विस्तार गर्ने ।
- अर्गानिक बस्तु उत्पादन तथा सेवनको लागी चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

२.आर्थिक सहभागिता (सदस्यहरुको उद्यमशिलताका कृयाकलापहरु) :

ऋण मार्फत उद्यमशिलता र उद्यमशिलता मार्फत आत्मनिर्भरता" लाई प्राथमिकतामा राखि तपसिलका कार्यक्रम सञ्चालन गरिनेछ।

- ऋण जोखिम विष्लेषण गरी लगानी गर्ने वातावरण निर्माण गरिनेछ ।
- ऋणिहरुको व्यक्तिगत अवस्था विष्लेषण गरी उपचारको विधि लागू गरिनेछ, ।
- घाँस खेती कार्यक्रमको सम्भाव्यता अध्ययन गरिनेछ ।
- लघुवित्त सदस्य स्वाबलम्बन कार्यक्रम अन्तर्गत एक समुह एक उद्यमशिलता व्यवसाय कार्यक्रम सञ्चालन गरिनेछ ।
- हस्तकला, पार्लर ,सिलाई कटाई तथा व्यवसायिक तालिम कार्यक्रमको सुरुवात गरिनेछ ।
- सामूहिक खेती प्रणाली विकास कार्यक्रमका लागि सचेतना अभिवृद्धि गरिनेछ ।
- ऋण सदुपयोगिता निरीक्षण कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।
- एक घरवारी हरियो तरकारी"अन्तर्गत यस वर्ष कम्तिमा पूर्ण ज्योति सदस्य वडामा सञ्चालन गरिनेछ ।
- बिमा सम्बन्धी सचेतनाका लागि विमा कम्पनिसँगको समन्वयमा सञ्चालन गर्ने ।
- संस्थाका ५० प्रतिशत सदस्यहरुलाई स्वास्थ्य सुरक्षण खातामा सहभागी गराइनेछ ।
- बजार सर्वेक्षणका कृयाकलापहरु निरन्तर संचालन गरिनेछ ।
- संस्थाको आन्तरिक सुपरिवेक्षणका लागी आन्तरिक लेखा परीक्षक नियुक्त गरी सक्रिय बनाईनेछ ।

अनुगमन तथा मुल्याकनका लागि जोखिम मूल्याँकन तथा सुशासन परीक्षणलाई नियमित गरिनेछ ।
युवा,महिला र विद्यार्थी उद्यमशिलता लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,
पूजिँ तथा प्रविधिको सहयोग उपलब्ध गराईनेछ,

३. शिक्षा तालिम र सूचना :

- क्षमता अभिवृद्धिका कृयाकलापहरु :
- संचालक एवं उप समितिका लागि उच्च स्तरीय क्षमता अभिवृद्धि तालिम कार्यक्रम
- सञ्चालक समितिलाई सहकारी सिद्धान्त र सुशासन विषयक तालिम
- सञ्चालक समिति,उप समिति र सल्लाहकारहरु विच अन्तर्क्रिया कार्यक्रम
- अध्ययन अवलोकन भ्रमण (राष्ट्रिय अन्तराष्ट्रिय)
- कर्मचारी वृत्ति विकास तथा क्षमता अभिवृद्धिका लागि तालिममा सहभागिता
- कर सम्बन्धि तालिम
- कम्प्यूटर तालिम
- सूचना प्रविधी तालिम
- कार्यालय व्यवस्थापन तालिम
- वृत्ति विकास तालिम
- नियामकीय निकायबाट जारी नीति निर्देशन सम्बन्धि तालिम
- वित्तिय साक्षरता तालिम
- अध्ययन अवलोकन भ्रमण
- ऋण परामर्श तालिम
- कानुनी परामर्शका लागि कानुनी सल्लाहकार नियुक्त गर्ने,
- तनाब व्यबस्थापन तालिम
- प्रभाबकारी कार्य व्यबस्थापन तालिम
- मनोपरामर्श तालिम
- प्रतिवेदन लेखन तालिम
- सम्पत्ति शुद्धिकरण सम्बन्धि तालिम

४.सदस्य क्षमता अभिवृद्धि कार्यक्रम

- वित्तिय साक्षरता कक्षा संचालन
- ऋणी सचेतना तथा अभिमुखिकरण कार्यक्रम
- विमा अनुशिक्षण कार्यक्रम

- नेतृत्व विकाश तालिम
- अन्तर क्लव स्तरीय बक्तृत्वकला
- लघुवित्त समूहमा शिक्षा शिविर
- बेरोजगार सदस्य उद्यमी कार्यक्रम
- नैतिक तथा सस्कृति जर्गेनाका लागि सचेतना कार्यक्रम

५.प्रविधि विस्तारका कार्यक्रम :

- Core Banking System with Microfinance Module
- Mobile Banking.
- Admin App for top management.
- Collector App with Microfinance collection Module.
- Loan Processing Modules.
- Stock & Inventory Modules.
- HR Software and App fully integrated with Core Banking System for direct salary posting.
- SMS Alert & SMS Banking.
- Miss Call Banking.
- Auto Data replication Server on a daily basis.

सूचना प्रविधिको प्रयोगलाई प्रथमिकता दिईनेछ ,त्यसका लागि यस वर्ष संस्थाको मोवाईल एप्सको प्रयोगकर्ता कम्तिमा जम्मा सदस्यको ४० प्रतिशतमा पहुँच पुरयाईनेछ ।

ख) संस्थागत विकास

१.आर्थिक क्रियाकलापहरु :

- ऋणी भेटघाट कार्यक्रम
- बचतकर्ता प्रोत्साहन कार्यक्रम
- शेयर वृद्धि कार्यक्रम
- बचत वृद्धि कार्यक्रम
- लघुवित्त समूह पदाधिकारी भेला तथा अन्तरक्रिया कार्यक्रम
- लघुवित्त समूह विस्तार तथा सहकारी शिक्षा कार्यक्रम
- बालक्लब गठन तथा परिचालन
- सिष्टर क्लव गठन तथा परिचालन

- घुम्ती सदस्य सेवा कार्यक्रम निरन्तर
- वालमैत्री सहजकर्ता भेला

संस्थाको ख्याती विस्तारका कृयाकलापहरु

- केन्द्रीय सहकारी संघ तथा अन्य विषयगत संघहरुको नियमित बुलेटिनहरुमा संस्थाको परिचय तथा गतिविधीहरु
- प्रकाशन गरी राष्ट्रभरी संस्थाको पहिचान स्थापना गराउने ।
- अर्धवार्षिक रुपमा संस्थाको गतिविधी झल्कने बुलेटिन प्रकाशन गर्ने ।
- प्रोडक्ट क्याटलक तथा ब्रोसर प्रकाशनलाई निरन्तरता दिने ।
- सहकारीको शाख वृद्धि तथा संस्थाका हरेक कार्यक्रमहरुलाई संचार माध्यमबाट प्रकाशन तथा प्रशारणको लागि
- पाक्षिक रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- पुरातत्व एवं संस्थागत विषय समेटेर वृत्तचित्र निर्माण गर्ने ।

ग.सामूदायिक क्रियाकलाप

- वातावरणिय सफाई कार्यक्रम अन्तर्गत विरुवा रोपन गर्ने ।
- धार्मिक महत्व तथा पुराना साम्रगीको जानकारीका लागि अनुशिक्षण संचालन गर्ने ।
- दीपावली कार्यक्रम ।
- भजन किर्तन एवं कथा बाचन कार्यक्रम ।
- अस्पताल,क्लिनिक एवं ड्राईभिङ सेन्टरहरुहरुमा छुट सुविधाका लागी सम्झौताहरु गर्ने ।
- घुम्ती हेल्थ क्याम्प सञ्चालन गर्ने ।
- स्कूल स्कूलमा ज्योमिसा कार्यक्रम अन्तर्गत "साथीबाट सिक्ने,साथीलाई सिकाउने"कार्यक्रम सचालन गर्ने ।
- फोहोर व्यवस्थापन तालिम सञ्चालन गर्ने ।
- कर्मचारी तथा सञ्चालकको जन्मदिनमा अशक्त्त तथा वृद्धाश्रममा गई आर्थिक तथा भौतिक सहयोग कार्यक्रमलाई निरन्तरता दिने ।
- संस्थाद्धारा निर्माण गरिएका विभिन्न क्लव,समूहद्धारा स्थानीय विकास निर्माणको उपभोक्ता समितिमा रहि कार्य गर्न उत्प्रेरणा दिने ।

घ. संस्थागत दिगोपना

क) उपयुक्त र क्षमतावान सञ्चालक समितिको निर्माणका लागि उत्तराधिकारी उप समिति निर्माण गर्ने ।
ख) संस्थाको प्रत्येक वस्तु तथा सेवा विकास गर्दा शेयर सदस्यको राय सुझाव संकलन गर्ने ।
ग) विस्तारीत मञ्च तथा सदस्य शिक्षा शिविरबाट विभिन्न प्राप्त मतको आधारमा कार्यक्रमको ढाँचा परिमार्जन गर्दै जाने ।

अब म आ.व. २०८२/८३ को अनुमानित वासलात तथा आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु ।

वासलात (Balancesheet) २०८२/२०८३		
दायित्व **(Liabilities):**		
विवरण		रकम रु.
शेयर पूँजी हिसाब		१४,८२,८२,६३९.१६
बचत हिसाब		१,२६,३६,९७,५३७.४४
नियमित बचत	३९,५४,२०,३५६.६६	
ऐच्छिक बचत	६०,४६,६३,६०६.७९	
आवाधिक बचत	२६,३६,१३,५७३.९९	
जगेडा कोष हिसाब		९,८८,५५,०९५.६७
अन्य कोष हिसाब		२,६३,६१,३६५.२०
बाह्य ऋण हिसाब		४,९४,२७,५५२.१७
भूक्तानी दिनुपर्ने हिसाब		८२,३७,९३२.५९
अन्य दायित्व हिसाब		३२,९५,१०८.८८
अवितरित नाफा		४,९४,२७,५५२.१७
जम्मा		१,६४,७५,८४,७८३.२८

सम्पत्ती **(Assets):**	
विवरण	रकम रु.
नगद हिसाब	३२,९५,१६९.५७
बैंक हिसाब	२२,५७,१९,११५.३१
लगानी हिसाब	३,२९,५१,६९५.६७
लगानीमा रहेको ऋण हिसाब	१,३१,८०,६७,८२६.६२
पाउनुपर्ने हिसाब	१६,४७,५८४.७८
स्थीर सम्पत्ती हिसाब	६,५९,०३,३९१.३३
अन्य सम्पत्ती हिसाब	०.००
जम्मा	१,६४,७५,८४,७८३.२८

नाफा नोक्सान (Profit & Loss) २०८२/२०८३	
आम्दानी (Income):	
विवरण	रकम रु.
ब्याज आम्दानी	१६,६४,२०,११६.०५
लगानीबाट प्राप्त आम्दानी	५,००,०००.००
धितो मुल्याँकन शुल्क	१,७३,५००.००
बैंक ब्याज आम्दानी	६९,०१,४५८.३७
ऋण व्यवस्थापन शुल्क	६३,२०,४५२.००
ऋण आवेदन शुल्क	७,९०,३००.००
रेमिट्यान्स कारोबारबाट प्राप्त आम्दानी	३,५०,४७०.००
विविध आम्दानी	४९,२९,८१२.३९
जम्मा आम्दानी	१८,६३,८६,१०८.८१

खर्च (Expinditure):		
विवरण		रकम रु.
क. वित्तिय खर्च		८,४८,६९,२६२.६४
बचतमा ब्याज खर्च	८,१९,०३,६०९.५१०	
बाह्य ऋणमा ब्याज खर्च	२९,६५,६५३.१३	
ख. संचालन खर्च		५,२०,८९,२९४.००
कर्मचारी खर्च	२,९४,१२,४२१	
साधारण सभा खर्च	५९,३०,५००	
मसलन्द तथा स्टेशनरी खर्च	४,००,०००	
घरभाडा खर्च	११,३५,२००	
विमा सुरक्षा खर्च	३,४६,२००	
बैठक तथा कार्यक्रम खर्च	१५,१५,४००	
सामाजीक तथा सांस्कृतिक क्रियाकलाप खर्च		
यातायात तथा संचार खर्च	४,४५,०००	

मर्मत सम्भार खर्च	६,००,०००	
विविध खर्च	९७,९४,५७३	
तालिम तथा क्षमता अभिवृद्धि खर्च	१९,२५,०००	
शुल्कहरु	५,८५,०००	
जम्मा खर्च (क+ख)		१३,६९,५८,५५६.६४
अवितरित नाफा		४,९४,२७,५५२.१७
कुल खर्च		१८,६३,८६,१०८.८१

ज्योति मिर्मिरे सामुहिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-६, नमोबुद्धरोड

सदस्य स्वास्थ्य सुरक्षण खाता



सदस्यको स्वास्थ्य उपचारको एक हिस्सा ।।
हरेक वर्ष दश हजार खर्च दिने ज्योमिसा ।।।
आफु नभए पनि परिवारलाई चाहिने ।।
पचपन्न हजार देखि एक लाख पाँच हजार मृत्यु राहत पाइने ।।।

विशेषताहरू :

- प्रत्येक वर्ष अस्पतालमा भर्ना भई उपचार गर्नुपर्दा एकमुष्ठ रु १०,००० उपचार खर्च उपलब्ध हुने ।
- १६ वर्ष भन्दा माथिको उमेर समूहले खाता सञ्चालन गर्न पाईने ।
- सामान्य कालगतिले मृत्युहुँदा रु ५५,००० र दुर्घटनाबाट मृत्यु हुदाँ रु १०५००० सम्म परिवारमा राहत उपलब्ध हुने ।
- एक पटक जम्मा रु.५५००। स्वास्थ्य सुरक्षण खातामा जम्मा गर्नुपर्ने ।

नियमित मासिक बचत किन गर्ने ?

- मासिक नियमित सानो सानो बचतबाट भविष्यमा ठूलो समस्याको समाधान गर्न ।
- संस्थाले प्रदान गर्ने स्वास्थ्य सुरक्षण राहत प्राप्त गर्न ।
- अस्पतालमा भर्ना भई उपचार गर्नुपर्दा ४५ दिन सम्म विना व्याज रु २५००० सम्म प्राप्त गर्न ।
- सदस्यको मृत्यु पश्चात राहत प्राप्त गर्न ।
- एकाघर सदस्यको राहत प्राप्त गर्न ।
- गर्भावस्थामा गर्भवति पोषण सहयोग रकम प्राप्त गर्न ।
- जेष्ठ नागरिक भत्ता प्राप्त गर्न ।
- संस्थाले उपलब्ध गराउने विविध तालिम प्राप्त गर्न ।
- विभिन्न शीर्षकमा आवश्यक ऋण माग गर्न ।
- नियमित बचतको समायावधि अनुसारको आकर्षक व्याज प्राप्त गर्न ।

त्यैसैले, नियमित बचत मासिक रुपमा अनिवार्य गरी संस्थागत सेवासुविधा उपभोग गर्न अनुरोध गर्दछौ ।

अव म गत वर्ष पेश भएको ५ वर्षे रणनीतिक व्यवसायिक योजनाको संसोधित वासलात र आय व्यय विवरण अनमोदनका लागि पेश गर्दछु ।

अनुमानित वित्तीय स्थिती

आ.व :०८२/०८३ देखि ०८५/०८६ सम्म

पूँजी तथा दायित्व	योजना वर्षहरु			
	२०८२/०८३	२०८३/०८४	२०८४/०८५	२०८५/०८६
शेयर पूँजी	१४८२८२६३०.५०	१७०५२५०२५.०७	१९६१०३७७८.८३	२२५५१९३४५.६५
कोष हिसाब	१२५२९६४४३.५३	१४३९९८९१०.०६	१६५५९८७४६.५७	१९०४३८५५८.५५
बचत तथा निक्षेप	१२६३६९७५२८.७८	१४५३२५२१५८.०९	१६७१२३९९८१.८१	१९२१९२५९७९.०८
बाह्य ऋण तथा सापटी	४९४२७५४३.५०	५६८४१६७५.०२	६५३६७९२६.२८	७५१७३११५.२२
पूँजीगत अनुदान	०.००	०.००	०.००	०.००
चालु दायित्व तथा व्यवस्था	८२३७९२३.९२	९४७३६१२.५०	१०८९४६५४.३८	१२५२८८५२.५४
कर दायित्व	०.००	०.००	०.००	०.००
दिर्घकालिन दायित्व	४९४२७५४३.५०	५६८४१६७५.०२	६५३६७९२६.२८	७५१७३११५.२२
स्थगन कर दायित्व	३२९५१६९.५७	३७८९४४५.००	४३५७८६१.७५	५०११५४१.०१
जम्मा	१६४७५८४७८३.२८	१८९४७२२५००.७७	२१७८९३०८७५.८९	२५०५७७०५०७.२७
सम्पत्ति तथा जायजेथा	**२०८२/०८३**	**२०८३/०८४**	**२०८४/०८५**	**२०८५/०८६**
नगद मौज्दात	३२९५१६९.५७	३७८९४४५.००	४३५७८६१.७५	५०११५४१.०१
बैंक मौज्दात	२२५७१९११५.३१	२५९५७६९८२.६१	२९८५१३५३०.००	३४३२९०५५९.५०
लगानी हिसाब	३२९५१६९५.६७	३७८९४४५०.०२	४३५७८६१७.५२	५०११५४१०.१५
कर्जा तथा सापटी लगानी	१३१८०६७८२६.६२	१५१५७७८०००.६२	१७४३१४४७००.७१	२००४६१६४०५.८२
चालु सम्पत्ति	१६४७५८४.७८	१८९४७२२.५०	२१७८९३०.८८	२५०५७७०.५१
स्थिर सम्पत्ति	६५९०३३९१.३३	७५७८८९००.०३	८७१५७२३५.०४	१००२३०८२०.२९
अन्य दिर्घकालिन सम्पत्ति	०.००	०.००	०.००	०.००
स्थगन कर सम्पत्ति	०.००	०.००	०.००	०.००
जम्मा	१६४७५८४७८३.२८	१८९४७२२५००.७७	२१७८९३०८७५.८९	२५०५७७०५०७.२७

अन्तमा,

हामी सधैं सदस्यहरुको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछौं र यस संस्थालाई निरन्तर अघि बढाउन हाम्रो प्रयास जारी रहनेछ । कोषाध्यक्षको यस प्रतिवेदन उपर राय सल्लाह सुझाव दिनु हुन र आवश्यक छलफल गरी प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै हजुरहरुबाट विदा हुन्छु ।

धन्यवाद
जय सहकारी

लेखा सुपरिवेक्षण समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन



– भिमसेन के.सी.
लेखा संयोजक

स्थापनाको २५ वर्षे रजत महोत्सव मनाउन सफल भई आफ्ना स्पस्ट लक्ष्य, उद्देश्य र रणनितिहरु सहित अगाडी बढ्न सफल, सम्पुर्ण शेयर सदस्यहरुको माया र विश्वासका साथ आफ्नो कार्यक्षेत्रमा आफ्ना शेयर सदस्यहरुलाई सम्पुर्ण वित्तिय सेवाहरु प्रदान गर्दै आएको पनौती न.पा. वडा न.६ मा मुख्य कार्यालय रही जिल्लाका अन्य ८ वटा सेवाकेन्द्र हरु साथ सञ्चालित यस ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड को आजको यस २६ औं वार्षिक साधारण सभाका अध्यक्ष,प्रमुख अतिथि, अतिथिहरु, पत्रकार, सल्लाहकार एवं सम्पुर्ण उपस्थित शेयर सदस्यहरुमा लेखा तथा सुपरिबेक्षण समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारीमय नमस्कार एवं अभिबादन व्यक्त गर्दछु ।

आजको यस गरिमामय साधारण सभामा यस लेखा सुपरिवेक्षण समितिको तर्फबाट सहकारी ऐन २०७४ नियमावली २०७५ र संस्थाको विनियममा व्यवस्था भए बमोजिम आ व ०८१/०८२ को प्रतिवेदन तयार पारि संस्थाको मुखपत्र बार्षिक प्रगति प्रतिबेदन पुस्तिकामा प्रकाशित गरी आजको यस सभामा प्रस्तुत गर्ने अवसर प्राप्त गर्दा हामी अत्यन्तै खुसी व्यक्त गर्दछौं ।

एकका लागि सबै, सबैका लागि एक भन्ने सहकारी मुल सिद्धान्तलाई आत्मसाथ गरी सम्पुर्ण शेयर सदस्यहरु बाट बचत संकलन गरी सोही बचत रकमलाई पुजिकृत गर्दै उनीहरुकै आर्थिक उन्नतिमा लगानी गर्दै संस्थाको विकास र विस्तार गर्ने एवं संस्थालाई निरन्तरता दिने उद्देश्यमा सहकारी संस्थाहरु समर्पित हुने गर्दछन् । यस परिप्रेक्षमा यस संस्था पनि स्थापना काल देखी आजका दिनसम्म निरन्तर रुपमा आफ्नो कार्यक्षेत्र भित्रका शेयर सदस्यहरु प्रति जिम्मेवार र प्रतिबद्ध भई निरन्तर रुपमा अगाडि बढि रहेको जानकारी उल्लेख गर्न चाहान्छौं । यस संस्थाले आज २६ औं साधारण सभा सम्पन्न गर्न गईरहेको बर्तमान अबस्थामा हामी यस संस्थाका ति सबै संस्थापकहरु प्रति हार्दिक कृतज्ञता एंब आभार व्यक्त गर्न चाहान्छौं । साथै संस्था सञ्चालनको क्रममा विभिन्न कालखण्डमा एकीकरणको अभियानको क्रममा समाहित भएका तत्कालिन सामुहिक साकोस, मिर्मिरे साकोस, जागृति नमुना साकोस, जन्मज्योति साकोस र युवा स्वावलम्वन बहुउद्देश्य सहकारीका संस्थापक एवं शेयर सदस्यहरु प्रति पनि यस २६ औं वर्ष गाँठ मनाई रहँदा हार्दिक आभार व्यक्त गर्न चाहान्छौं ।

कोभिड १९ का कारण थला पारिएको नेपालको अर्थतन्त्रलाई पुनस्थापित गरी अझै प्रगति उन्नतिमा महत्वपुर्ण योगदान दिन कटिबद्ध सहकारी क्षेत्रमा अझै पनि थुप्रै समस्या र चुनौती देखा पर्दै आएका छन् । बदलिदो परिस्थिति एवं अवस्थालाई मध्यनजर गर्दै यस सहकारीले आफ्ना शेयर सदस्यहरुलाई गुणस्तरिय एवं प्रभावकारी सेवा प्रदान गर्दै आएको छ । सुविधा सम्पन्न संस्थाको आफ्नै भवनमा मुख्य कार्यालय सञ्चालन गर्दै शेयर सदस्यहरुलाई सरल र सहज रुपमा सेवाहरु उपलब्ध गराउन संस्था निरन्तर क्रियाशिल रहेको देखिन्छ ।

अब म लेखा सुपरीवेक्षण समितिले तयार पारेको आ.व.०८१।०८२ को प्रगति प्रतिवेदन यस गरिमामय साधारण सभामा पेश गर्न अनुमति चाहन्छु ।

१. **संस्थाको नाम र ठेगाना** : ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा.६,काभ्रे नमोबुद्धरोड

२. **अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था** :

संस्थाको २५ औं वार्षिक साधारण सभा २०८१ मंसिर १ गते देखि ८ गते सम्म भएको र सभाबाट भएका निर्णयहरु कार्यान्वयन भएको देखिन्छ ।

३. **यस आ.व.को सदस्यता विवरण** :

क्र.स.	सदस्यता प्रकार	महिला	पुरुष	संस्थागत	जम्मा
१	शेयर सदस्य	१०५६८	१०१६८	४६	२०७८२
२	बाल बचत सदस्य				२०६०
	जम्मा				२२८४२

४. **आ.व २०८१।८२मा बसेको बैठक संख्या** :

क्र. स.	समिति उप समितिको नाम	सदस्य संख्या	बैठक संख्या	कैफियत
१	सञ्चालक समिति	१५ जना	१२	
२	लेखा सुपरीवेक्षण समिति	३ जना	६	
३	कार्यसम्पादन उप समिति	५ जना	११	
४	ऋण उप समिति	५ जना	२९	
५	कृषि तथा व्यवसाय प्रर्वद्धन उप समिति	५ जना	३	
६	महिला उप समिति	९ जना	२	
७	मिर्मिरे सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२	
८	सामुहिक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२	
९	बनेपा सदस्य सेवा केन्द्रसंचालन उप समिति	७ जना	१२	
१०	कुशादेवी सदस्य सेवा केन्द्र संचालन उप समिति	७ जना	१२	
११	बेथानचोक सदस्य सेवाकेन्द्र संचालन उप समिति	७ जना	१२	
१२	जन्मज्योति सदस्य सेवाकेन्द्र उप समिति	३ जना	१२	
१३	रोशि सदस्य सेवाकेन्द्र	३ जना	५	
१४	मूल्याँकन उप समिति	३ जना	३	
१५	प्रकाशन उप समिति	३ जना	२	
१६	योजना तर्जुमा तथा बजेट विनियोजन उप समिति	संयुक्त	२	
१७	लघुवित्त उप समिति	५ जना	२	
१८	स्वास्थ्य उप समिति	५ जना	२	

१९	पदपूर्ति उप समिति	३ जना	८	
२०	समिक्षा बैठक	सयुक्त	४	
२१	शिक्षा उप समिति	५ जना	२	
२२	प्रोव्यासन कार्यदल	५ जना	६	
२३	युवा तथा बाल उप समिति	५ जना	३	
२४	भवन निर्माण उप समिति	५ जना	१०	
२५	जोखिम व्यवस्थापन उप समिति	५ जना	२	
२६	व्यवस्थापन ऋण बैठक	५ जना	२३२	
२७	सेवाकेन्द्र इन्चार्ज सहितको विभागिय बैठक	१६ जना	५	
२८	कर्मचारी बैठक	४२ जना	९	

५. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण र धितो सम्वन्धी व्यवस्था :

सस्थाले अधिकांश ऋणहरु धितो जमानतमा लगानी गरेको छ र केही ऋण संस्थाको ऋण आन्तरिक कार्यविधि बमोजिम धन जमानी र लघुवित्त समूह गठन गरि समूह जमानीमा लगानी गरेको छ । ऋण लगानीलाई व्यवस्थित र सदस्य सेवालाई छिटो साथै झन्झटिलो मुक्त गराउन साथै सुविधा उपलब्ध गराउन तपशिलको ऋण स्वीकृतको क्षेत्राधिकार तोकेको छ ।

तपशिल

रु १० लाख सम्म	व्यवस्थापन
रु १० लाख सम्म	सेवाकेन्द्र उप समिति
रु ५० लाख सम्म	ऋण उप समिति
रु ५० लाख भन्दा माथि	सञ्चालक समिति

भने ५ लाख भन्दा माथि ऋण लगानी गर्दा संस्थाले सुचना प्रकाशन गरि खुल्ला प्रतिशप्रधा मार्फत वाह्य रुपमा स्वतन्त्र प्राविधिक(धितो निरीक्षक) छनोट गर्ने गरिएको र उक्त धितो निरीक्षकबाट मुल्यांकन गरि आएको मुल्याँकनको आधारमा ऋण लगानी गरिएको छ । साथै ५ लाख भन्दा कम ऋण लगानीको लागी भने संस्थाको प्रमुख कार्यकारी अधिकृत, ऋण विभाग प्रमुख सहतिको धित्तो निरीक्षण उप समितिको मुल्याँकनका आधारमा लगानी गर्ने गरिएको र सबै मुल्याँकनहरु संचालक समितिले अनुमोदन गरिएको छ । ऋण लगानी गर्दा आवश्यक कागजात पुरा गरि ५ लाख सम्मलाई पत्रद्धारा रोक्का राखिएको र सो भन्दा माथिको ऋणको हकमा संस्थाको नाममा दृष्ट्रिबन्धक लिखित पास गरि लगानी गरिएको पाइयो ।

६. सुरक्षणको अवस्था : भाखा नाघेको ऋण तथा शुद्ध ऋणको लागि निम्नानुसारको व्यवस्था गरिएको छ ।

आ.ब २०८१।०८२

क्र.स	अवस्था	विवरण	प्रतिशत	लगानीमा रहेको ऋण	व्यवस्था गर्नुपर्ने रकम	गत बर्षको रकम	यस बर्ष खर्च	यस बर्ष आम्दानी	जम्मा
१	असल सक्रिय ऋण	भाखा ननाघेका ऋण	१	१,०१२,४६९,४९८।१५	१०,१२४,६९४।९८	२१,३३५,२५७।५२	१००,५२५,९२६।४४	९९,३७२,१५७।८०	१०,१२४,६९४।७४
		भाखा नाघी ३ महिना नाघेका ऋण	१	२४,५५०,६४१।३०	२४५,५०६।४१				२४५,५०६।४१
२	कमसल	३ देखी ६ महिना भाखा नाघेको ऋण	२५	९,६३०,१७६।७०	२,४०७,५४४।१८				२,४०७,५४४।१८
	शंकास्पद	६ देखी १२ महिना भाखा नाघेको ऋण	५०	५,६९६,१९०।६१	२,८४८,०९५।३१				२,८४८,०९५।३१
	खराब	१ बर्ष भन्दा बढि भाखा नाघेको ऋण	१००	६,८६३,१८५।६६	६,८६३,१८५।६६				६,८६३,१८५।६६
				१,०५९,२०९,६९२।४२	२२,४८९,०२६।५३	२१,३३५,२५७।५२	१००,५२५,९२६।४४	९९,३७२,१५७।८०	२२,४८९,०२६।२९

७. सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरण वाट जारि गरिएको मापदण्डहरुको पालना सम्वन्धी संक्षिप्त विवरण :

क)शेयर सदस्य भन्दा बाहिर ऋण प्रवाह गरिएको पाईएन ।

ख) बचत तथा कर्जा प्रवाह समेत सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले समय समयमा जारी गरेको निर्देशन बमोजिम कार्यक्षेत्र भित्र नै गरिएको पाईयो ।

ग) संस्थाको कार्यालय एवं नाम अंकित बोर्ड समेत आवश्यक रंग र साईजमा राखिएको पाईयो ।

घ) मासिक रुपमा नियामक निकायमा प्रतिबेदन पेश गरिएको पाईयो ।

ङ) goAML Production प्रणालीमा सिमा कारोवारहरुको प्रतिबेदन समयमा नै प्रविष्टि गरेको पाईयो

च) कोपोमिसमा मासिक प्रतिबेदन प्रविष्टि गरेको पाईयो

छ) नेफ्स्कुन बाट सञ्चालित सदस्य सेवा अर्न्तगत MIS मा मासिक प्रतिबेदन प्रविष्टि गरेको पाईयो ।

ज) राष्ट्रिय सहकारी नियमन प्राधिकरण बाट मिति २०८२ जेष्ठ ९ गते जारी निर्देशन बमोजिमका नियामक निकायमा संस्थाको प्रतिबेदनहरु पेश गरिएको पाईयो ।

८. पदाधिकारीहरुको पारिश्रमिक , भत्ता र अन्य सुविधाहरुको विवरण :

८.१. पारिश्रमिक : संचालक समिति तथा अन्य समिति उप समितिको पदाधिकारीलाई पारिश्रमिकको व्यवस्था नभएको पाइयो ।

८.२. भत्ता : तोकिएको व्यवस्था बमोजिम बैठक भत्ता उपलब्ध गराईएको पाइयो ।

८.३. अन्य सुविधा : अन्य सुविधा नभएको ।

९. कार्यालय एवं कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरु :

संस्थाको नाममा रहेको प.न.पा. ६ मा अवस्थित आफ्नै जग्गामा भवन सहित कार्यालय सञ्चालनमा

भएको र ऐ.ऐ.वडामा मुख्य कार्यालय र प.न.पा ४ ज्यालाचिटिमा सामुहिक सेवाकेन्द्र ,प.न.पा ४ ठाडोबाटोमा मिर्मिरे सेवाकेन्द्र, बनेपा न.पा. ७ गोदामचोकमा बनेपा सेवाकेन्द्र, प.न.पा. २ मा कुशादेवी सेवाकेन्द्र, बेथानचोक गा.पा. २ मा वेथानचोक सेवाकेन्द्र, प.न.पा ११ बल्थलिमा जन्मज्योति सेवाकेन्द्र साथै पनौती न.पा. १२ रोशिमा संचालनमा रहेको रोशि सेवाकेन्द्र र पनौती ६ मा संचालनमा रहेको ज्योति सेवाकेन्द्र बाट सदस्यहरुलाई संस्थाका सेवाहरु प्रदान गर्दै आएको पाइयो ।

९. १. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए नभएको : मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि २०६९ अनुसार भएको ।

९.२. कर्मचारी प्रशासन सम्बन्धी नियमावली प्रयोगमा ल्याईएको नल्याइएको : कर्मचारी भर्ना गर्दा कर्मचारी प्रशासन नियमावली बमोजिम कार्यान्वयन गरिएको ।

९.३. कर्मचारी र कार्यबोझ बिच तारतम्य रहेको नरहेको : हाल संस्थामा मुख्य कार्यालय १ र सेवाकेन्द्र ८ गरि ९ वटा कार्यालयहरुमा नियमित ४२ जना कर्मचारीहरु विभिन्न दरबन्दीमा कार्यरत रहेको साथै कार्यरत कर्मचारीमा कार्यबोझ बिच तारतम्य हुनेगरी काम बाँडफाड गराईएको पाईयो ।

आ.व. ०८२/०८३ को कर्मचारी दरबन्दि र संरचना

क्र.स.	पद	तह	संख्या
१	प्रमुख कार्यकारी अधिकृत	आठौ	१
२	नायव प्रमुख कार्यकारी अधिकृत	सातौ	१
३	विभागीय प्रमुख	छैटौं	५
४	सेवाकेन्द्र प्रमुख	पाँचौ	३
५	व्यवसाय सहायक	चौथो	६
६	व्यवसाय सहायक	तेश्रो	१६
७	व्यवसाय सहायक	दोश्रो	७
८	सहयोगी	दोश्रो	१
९	सदस्य सेवा सहायक	प्रथम	१०
१०	सहयोगी	श्रेणी विहिन	१
११	सुरक्षागार्ड	तह विहिन	२
जम्मा			५३

१०. लेखा सुपरीवेक्षण समितिले अघिल्लो आ.व.मा दिएको सुझावहरुको कार्यान्वयनको अवस्था:

लेखा सुपरीवेक्षण समितिबाट यस अघि दिइएको सुझावहरु कार्यान्वयन भएको पाईयो ।

११. सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धि व्यवस्था :

१. सदस्य पहिचान फारम भरिएको ।
२. सीमा कारोबारको प्रतिवेदन १५।१५ दिन मा पठाउने गरिएको ।
३. कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको ।
४.चौमासिक प्रतिबेदन पठाउने गरेको ।

५. जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यन्वयन नीति भएको ।
६. जोखिम स्तरका आधारमा सदस्यता वर्गाकरण गरी वार्षिक रुपमा सदस्यता पहिचान अद्यावधिक गरिएको ।
७. सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धि जोखिम मुल्याङ्कन बार्षिक प्रतिबेदन सहकारी विभाग र नियामक निकायमा पठाउने गरेको पाइयो ।

१२. लेखा सुपरीवेक्षण समितिका सुझावहरु :

क) पछिल्लो समयमा सरकारबाट लागु गरिएको सहकारी सम्वन्धि नीति, नियम र निर्णयहरुलाई क्रमशः पालना गर्दे जानुपर्ने ।

ख) संस्थाको व्यवस्थापकीय र प्रशासनिक खर्चहरुलाई मितव्ययी बनाउन आवश्यक प्रविधिहरुको उपयोग गर्दै जानुपर्ने।

ग) सहकारी शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन अभियान सञ्चालन गरिनुपर्ने।

घ) कर्मचारी एंव सञ्चालकहरुको कार्यक्षमता अभिबृद्धि गराउन आवश्यक तालिम कार्यक्रमहरुलाई अझै प्रभावकारी रुपमा सञ्चालन गरिनुपर्ने ।

ङ) संस्थाको दैनिक कार्य संचालन गर्नको लागी नयाँ M-Fin Synergy Tech Software प्रणाली प्रयोग गरिएको पाईयो। यसलाई प्रभावकारी बनाई सदस्यहरुलाई प्रविधि मैत्री सेवा प्रदान गरिनुपर्ने ।

च) ऋण असुली कार्यलाई सहज र सरल बनाउन आवश्यक कार्यक्रम ल्याउनु पर्ने ।

छ) प्रत्येक सेवाकेन्द्रहरुमा गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरिनुपर्ने

ज) दिगो र उन्कृष्ट सहकारीको लक्ष्य प्राप्तीमा समय सापेक्ष ढगंबाट आवश्यक रणनितिहरु र कार्यक्रमहरु तय गरिनुपर्ने

अन्तमा, संस्थामा आबद्ध सम्पुर्ण शेयर सदस्य महानुभावहरुले दिनुभएको जिम्मेवारी र संस्था प्रतिको विश्वासको लागि हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै, म एवं हाम्रो लेखा सुपरिवेक्षण समिति सधैं संस्था एवं सदस्यको हितमा केन्द्रित हुने प्रतिवद्धता यस सभा माझ पेश गरि हामी सवैको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । संस्थाले हाल सम्म पाएको सफलताको लागि धन्यवाद र थप उपलब्धिहरु हाँसिल गर्नको लागि शुभकामना व्यक्त गर्दै लेखा सुपरीवेक्षण समितिको तर्फबाट मैले प्रस्तुत गरेको यस प्रतिवेदन उपर छलफल गरी अनुमोदन गरिदिन अनुरोध गर्दछु ।

धन्यवाद । जय ज्योति मिर्मिरे सामुहिक साकोस, जय सहकारी

संयोजक :भिमसेन के.सी.
सदस्य : कुमार बस्नेत
सदस्य :राजु तिमल्सिना

ऋण उप-समितिको प्रतिवेदन



– केशव बन्जारा
संयोजक ऋण उप–समिति

यस संस्थाको २६ औं नियमित बार्षिक साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, संचालक समितिका पदाधिकारी ज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं पदाधिकारी ज्यूहरु लगायत सम्पूर्ण उप समितिका साथीहरु, संस्थामा कार्यरत कर्मचारी साथीहरु तथा सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

२६ औं गरिमामय वार्षिक साधारण सभामा, हामी ऋण उप समितिको यस वर्षको कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित छौँ । यस वर्ष हाम्रो मुख्य उद्देश्य सदस्यहरूको आर्थिक आवश्यकतालाई प्राथमिकतामा राखी जिम्मेवारपूर्वक ऋण प्रवाह गर्नुका साथै ऋणको सदुपयोगिता र समयमै असुली सुनिश्चित गर्नु थियो । चुनौतीपूर्ण बजार परिस्थिति र आर्थिक मन्दीको जोखिमका बाबजुद, हामीले सञ्चालक समितिले दिएको लक्ष्यलाई सफलतापूर्वक पार गर्न सकेका छौँ । यस प्रतिवेदनमा, हामीले आर्थिक वर्ष २०८१/०८२ को अवधिमा गरिएको ऋण प्रवाहको विस्तृत समीक्षा, भाखा नाघेको ऋणको अवस्था, ऋण असुलीका लागि गरिएका विशेष पहलहरू र आगामी वर्षको लागि हाम्रो कार्ययोजना तथा सिफारिसहरू प्रस्तुत गरेका छौँ । हामी आशा गर्दछौँ कि यो प्रतिवेदनले हाम्रा सदस्यहरूलाई संस्थाको ऋण लगानी तथा असुलीको समग्र अवस्थाबारे स्पष्ट जानकारी दिनेछ । बचत तथा ऋण सहकारी संस्थाको मुख्य कारोबार भनेको बचत संकलन र ऋण लगानी हो । बचत संकलन तथा ऋणको परिचालन मध्ये कुनै एउटा क्षेत्र कमजोर भएमा संस्था नै कमजोर हुन जान्छ । त्यसैले हामीले यी दुवै क्षेत्रलाई उतिकै महत्वका साथ अगाडी बढाउनु पर्दछ । जसका लागि हामीले ऋण लगानीलाई सुरक्षित बनाउन ऋणि एवं ऋणको शत प्रतिशत विमा गरेका छौ । सम्पुर्ण सदस्यहरुको बचतको सुरक्षा गर्नु हाम्रो दायित्व हो । त्यसैका लागि हामीले यस बर्ष मौजुदा ऋण नीति, लगानीका प्रकृया तथा क्षेत्रहरुमा केही परिवर्तन गरेका छौ । संस्थाले सदस्यहरुको हितलाई सर्वोपरी ठान्दै आवश्यकता अनुसार ऋण नीतिलाइ परिमार्जित गर्दै अगाडी बढेको कुरा म यस सभामा जानकारी गराउन चाहान्छु ।

सामाजिक उत्तरदायित्व सहित समुदायको आर्थिक बिकासमा उपस्थित रहने गरि स्थापित यस ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि पनौती ६ ले आपसी सद्भाव सामुहिक जवाफदेहिता बहन गरि निश्चित कार्यक्षेत्र भित्र वित्तिय कारोवार गर्ने समुदायका नागरिकहरुको वितीय पहुँच वृद्धि गर्ने कार्य गर्दै आईरहेको छ । सदस्यको वित्तिय आवश्यकता पूरा गर्न बैकिङ्ग क्षेत्रले मात्र सम्भव नभएकाले सहज वैकिङ्ग पहुँच नभएका आम सदस्यका विच सहज कारोवार गर्ने उद्धेश्य राखि यस संस्थाले विभिन्न समयमा देशमा आइ पर्ने जुन सुकै कठिन परिस्थितीका विच सदस्यहरु माझ वित्तिय कारोवार गरि अति आवश्यक आवश्यतालाई पुरा गरेको छ । जुनसुकै जोखिम हुँदा सदस्य सँगै रहि अभिभावकीय भूमिका निभाउन संस्थाका संचालक समिति कर्मचारी सदैव यस पवित्र काममा अहोरात्र खटिरहेका छन । सदैव सदस्यहरुको विचमा सह भाइचारा विकास गरि संस्थागत विकासका लागि अनवरत रुपमा संस्थाको छविलाई सधै कृयाशिताका साथ सदस्यहरु विच पुरयाई संस्थाको कारोवालाई निरन्तरता दिई आज सम्म सदस्यहरुको सुख दुःखमा हातेमालो गर्दै अघि बढिरहेको कुरा हाम्रा गतिविधिहरुबाट देख्न सकिन्छ । हामिले सदस्यहरुमा ऋण लगानीको बिषयलाई मात्र प्राथामिकतामा राखेका छैनौ । वास्तबमा सदस्यहरुको आर्थिक उन्नती हाम्रो प्रमुख लक्ष्य हो । सोही बिषयलाई मध्यनजर गर्दै हामिले सदस्यहरुको ऋणको सदुपयोगिता निरिक्षण कार्यलाई संगसगै लिएर जाने गरि कार्यक्रमहरु सचालन गर्ने गरेका

छौ । भोलिका दिनमा यस संस्था पक्कै पनि समुदायको नमुना संस्थाको रुपमा स्थापित हुने कुरामा आशाबादी छु ।

यस आ.व मा ऋण उप समितिको जम्मा २९ पटक बैठक बसी बिभिन्न १८८ वटा निर्णयहरु भएका छन । ऋण उप समितिको बैठकमा भएका निर्णय तथा समग्रमा भएका गतिवीधिहरु र आगामी योजनाका विषयमा म यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- यस आ.व मा ८ वटा सदस्य सेवा केन्द्र कार्यालयहरुबाट कुल २८८९ वटा ऋण लगानी मार्फत रु. १,३४,७५,९८,३७०. लगानी तथा रु १,२२,७६,७१,१८६.२६ असूली भई रु १,०५७,४१६,१४३.२० लगानीमा रहेको अवस्था छ ।
- यस आ.व मा २४४२ जनाको ऋणको विमा गरिएको छ ।
- क्षमता भएका तर व्यावसाय गर्न पूँजि नभएकाहरुलाई व्यवसायी बनाउन तालिमको साथै आवश्यक रकम उपलब्ध गराई व्यवसायी बनाउने रणनीति अपनाईएको छ ।
- ऋणको मासिक किस्ता र ब्याज नियमित रुपमा बुझाउने सदस्यहरुलाई उत्कृष्ट ऋणी घोषणा गरी पुरस्कृत गर्ने र तोकिएको ब्याजदरमा १ प्रतिशत छुट गरी प्रोत्साहन दिने काम गरिएको छ ।
- ऋण लगानीलाई सुरक्षित बनाउन दुई जना सदस्य अनिवार्य धन जमानी राखि ऋण लगानी गर्ने व्यवस्था गरिएको छ ।
- यस संस्थाबाट बिगत वर्षहरुमा ऋण लिई भाखा नघाई बसेका सम्पूर्ण ऋणीहरुको घरदैलोमा पुगी ऋण अशुलीका लागी लिखित तथा मौखिक ताकेता गरिएको छ ।
- सदस्यको ऋणको सदुपयोगिता निरीक्षण गर्ने गरिएको छ ।
- कृषि तथा पशुपालन ऋणमा समेत विमा गरी ऋण सुरक्षणलाई ध्यान पुरयाईएको छ । यस कार्यलाई संस्थाको प्राविधिक मार्फत सदस्यको घर दैलोमा गई विमा गर्ने व्यवस्था मिलाइएको छ ।
- संस्थाले लागु भईरहेको ऋण नीतिलाई समयसापेक्ष परिवर्तनका लागि ऋण उप समितिले अपनत्व लिई प्रस्ताबका रुपमा सञ्चालक समितिमा पेश गर्ने गरिएको छ ।
- ऋण लगानी गर्नु पुर्व सदस्यसँग ऋणसँग सम्बन्धित बिषयहरुमा परामर्श गरेर मात्र लगानी गर्ने गरिएको छ ।
- ३ लाख भन्दा माथिको धितो मुल्याङ्कन गर्न ५ वटा कम्पनिलाई सूचिकृत गरि सो अनुसार मुल्याङ्कन गरि आएको मुल्याङ्कनको आधार हेरी लगानी गर्ने व्यवस्था गरिएको छ ।
- ऋण माग भई आएको माग फारमको आधारमा रु. १० लाख सम्म ब्यबस्थापन बाट रु ५० लाख सम्म ऋण उप समिति र सो भन्दा माथिको हकमा संचालक समितिबाट निर्णय गराइ लगानी गर्ने व्यवस्था गरिएको छ ।
- महिना भरी गरिएका कामको मासिक प्रतिवेदन मार्फत संचालक समितिमा छलफल गरि आवश्यक सल्लाह सुझाव लिई काम अगाडी बढाउने गरिएको छ ।
- ऋणी सदस्यहरुको सुविधाको लागी संस्थाको खाता रहेको बैंक मार्फत ऋण भुक्तानी गर्न मिल्ने व्यवस्था गरिएको छ ।
- ऋण लगानी तथा अशुली प्रक्रियालाई थप व्यवस्थित गर्न ऋण उपसमितिको प्रतिवेदन सञ्चालक समितिको बैठकमा पेश गरि सुक्ष्म रुपमा अध्ययन तथा छलफल गर्न सञ्चालक समितिको नियमित बैठकमा ऋण उप समितिका संयोजकलाई अनिवार्य उपस्थित गराउने नीतिगत व्यवस्था गरिएको छ ।
- ऋणी सदस्यले ऋण लिँदा तमसुकमा लेखिए बमोजिम मासिक/त्रैमासिक/अर्धबार्षिक किस्ता तोकिएको समयमा भुक्तानी गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ ।

- ❖ जुन प्रयोजनको लागी ऋण लिएको हो, सोही प्रयोजनमा लगानी गर्नु पर्ने नीतिगत व्यवस्था लागु गरि सोहि प्रयोजनमा लगानी भएको खण्डमा ऋण भुक्तानी गर्दा छुट दिने नीतिगत व्यवस्था गरिएको छ ।
- ❖ ऋण लिई किस्ता नतिर्ने ऋणी सदस्यहरुको संस्थाको बार्षिक साधारण सभामा प्रकाशन हुने प्रगति प्रतिवेदन पुस्तिका र स्थापना दिवसको अवसरमा प्रकाशित हुने वुलेटिनमा ऋण विवरण सहित नाम प्रकाशित गर्ने व्यवस्था गरिएको छ ।
- ❖ मासिक किस्ता तथा व्याज नियमित भुक्तानी गरी उत्कृष्ट ऋण कारोवार गर्ने सदस्यलाई ग्रीन कार्डको व्यवस्था गरी तोकिएको व्याजदरमा १ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।
- ❖ ऋणका कागजजातहरुको सुरक्षालाई विशेष ध्यान दिईएको छ ।
- ❖ मोवाइल एप बाटनै ऋण माग गर्ने व्यवस्था मिलाइएको छ, जसले गर्दा ऋण माग गर्न सदस्य सस्था आइरहनु नपर्ने सदस्यले सम्पुर्ण प्रकृया पुरा भएपछि ऋण लिने बेला मात्र संस्थामा आएर ऋण कारोवार गर्न सक्ने व्यवस्था ीलनइएको छ ।

अन्त्यमा , यस आर्थिक वर्ष २०८१/०८२ मा ऋण उपसमितिको कार्य उल्लेखनिय रह्यो । यस आ व को अन्त्यतिर २०८२ साल जेष्ठ ९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको संचालन सम्वन्धमा जारी गरेको नियामकीय मापदण्ड २०८२ ले पनि हामीहरुलाई काम गर्न र सदस्यहरुलाई मापदण्डको परिधिमा राखेर ऋण प्रवाह गर्न चुनौती थप गरेता पनि सदस्यहरुको लगनशीलता र संस्था प्रतिको विश्वासका कारणले गर्दा हामीहरुलाई काम गर्न सहज बनाएको छ । हामी ऋण प्रवाहको लक्ष्य हासिल गर्न पूर्ण रुपमा तल्लीन भयौ र अरु ऋणको जोखिम व्यवस्थापनमा पनि उल्लेखनीय सुधार गरेका छौँ । नयाँ ऋण योजनाहरूले सदस्यहरूलाई थप सेवा पुर्याउन सफल भएको छ भने, समयमै ऋण असुली गर्नमा पनि हामी सफल भएका छौँ । यद्यपि, केही चुनौतीहरू (भाखा नाघेको ऋण व्यवस्थापन र बजारमा देखिएको उतारचढावहरु) अझै पनि बाँकी छन् । आगामी वर्ष यी चुनौतीहरूलाई सामना गर्दै अझै प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धता गर्दछौँ । यस प्रतिवेदनको तयारी र यस वर्षको सम्पूर्ण कार्यभार सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनुहुने सम्पूर्ण सदस्यज्यूहरू, संचालक समितिका पदाधिकारी ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं पदाधिकारी ज्यूहरु लगायत सम्पूर्ण उप समितिका साथीहरु,संस्थामा कार्यरत कर्मचारी साथीहरु र विशेष गरी साधारण सभामा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।तपाईहरूको निरन्तर सहयोग, मार्गदर्शन र विश्वासले नै हामीलाई अगाडि बढ्न हौसला मिलेको छ । आगामी दिनहरूमा पनि यस्तै सहयोगको अपेक्षा राख्दछौँ ।

धन्यवाद
जय ज्योति मिर्मिरे सामूहिक ,जय सहकारी

संयोजक : केशब बन्जारा
सदस्य : विदुरप्रसाद हुमागाई
सदस्य : सुशिला थापा
सदस्य : कुमार बोगटी
सदस्य : रेशा श्रेष्ठ

SANISH & ASSOCIATES

CHARTERED ACCOUNTANT
Lazimpat, Kathmandu
Email: ca.sanismhrjn@gmail.com

PAN/VAT No. : 107569297
FIRM REG. No. : 897
COP No. : 1007
MEM. No. : 1497

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु,
ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती, काभ्रेपलाञ्चोक ।

वित्तिय विवरणको लेखापरीक्षण प्रतिवेदन

हामील यसै साथ संलग्न श्री **"ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड"** को ३२ असाढ २०८२ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगदप्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

कैफियत सहितको राय,

हाम्रो रायमा, हामीले गरेको लेखापरिक्षणबाट यस प्रतिवेदनको कैफियत सहितको रायका आधारहरु खण्डमा उल्लिखित बुँदाहरु र संस्थालाई लागु हुने ऐन तथा निति नियमहरुको परिपालनाको स्थितिमा उल्लेख गरेका बुँदाहरु तथा सो बुँदाहरुले वित्तीय विवरणमा पार्ने असरहरु बाहेक संलग्न रहेका वित्तिय विवरणले २०८२ अषाढ ३२ को वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाह र इक्विटीमा भएको परिर्वतन प्रचलित कानुनको अधिनमा रही लेखाको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधारहरु,

- संस्थाले अन्य सम्पत्ति अर्न्तगत अन्य पाउनु पर्ने हिसाब अर्न्तगत लेखांकन गरिएको रकम फर्छ्यौट हुन नसकेको ।
- संस्थाले दिर्घकालिन कर्मचारी लाभ दायित्वहरुको मापन Actuary मार्फत गर्नु पर्नेमा सो नगरिएको पाईयो ।
- संस्थाले मुद्दति निक्षेपमा बचतकर्तालाई व्याज भुक्तानी गर्दा सो व्याजलाई प्रोदभावी आधारमा गर्नु पर्नेमा नगद आधारमा लेखांकन गरिएको ।
- संस्थाले सदस्यहरुलाई दिएको कर्जा अर्न्तगत प्राप्त हुन बाँकी ब्याज शिर्षकमा लेखांकन गरिएको रु १,०१,०७,४३९.३४ रकम यस बर्ष फर्छ्यौट हुन नसकेको ।

- हामीले लेखापरीक्षणमान अनुसार हाम्रो लेखापरीक्षण सम्पन्न गर्‍यौं । हामीले वहन गर्नु पर्ने उक्त मान अनुरूपको उत्तरदायित्व पुनः अर्को सेक्सन "वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत वर्णन गरिएको छ । हामी वित्तीय विवरणको लेखापरीक्षण गर्न सान्दर्भिक नैतिक आवश्यकताको साथै प्रोफेशनल एकाउन्टेन्टको लागि आइक्यानको ह्यान्ड बुक अन्तर्गत आचार संहिताको बमोजिम संस्थासँग स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरूका साथै अन्य नैतिक जिम्मेवारीहरू आइक्यानको प्रोफेशनल एकाउन्टेन्टको लागि नैतिक पुस्तिका अनुसार पूरा गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरूले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरिक्षण व्यहोराहरु (Key Audit Matters) :

मुख्य लेखापरीक्षण व्यहोराहरू ती हुन् जुन हाम्रो पेशागत निर्णयका लागि, वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण हुन्छन् र सबैभन्दा महत्वपूर्ण सारभूत रुपमा गलत प्रस्तुतिको (जालसाज वा भूलवस) जोखिम मुल्यांकनलाई समावेश गर्दछन्, जसले समग्र रूपमा वित्तीय विवरणको सन्दर्भमा सम्बोधन गर्दछन् र उक्त व्यहोराहरुको लागि फरक राय दिनु पर्दैन जसले हामीलाइ राय प्रस्तुत गर्न सहयोग गर्दछन् ।

क्र. सं.	मुख्य लेखापरिक्षण व्यहोराहरु (Key Audit Matters)	लेखापरिक्षणको प्रतिक्रिया
१	विद्युतिय् सूचना प्रविधि (Information Technology)	
	संस्थाको वित्तिय विवरण तयार गर्ने पक्रिया सफ्टवयेरको स्वचालित (Automatic) विधिबाट आउने भएकोले उक्त विधिबाट आउने प्रतिवेदनमा व्यवस्थापनबाट जसरी प्रस्तुतिकरण गरिएको छ त्यसलाई नै आधार मानिएको छ । यसरी स्वचालित विधिबाट आउने प्रतिवेदनमा हुन सक्ने गल्ति तथा कमजोरीलाई हाम्रो लेखापरिक्षणले मापन गर्न सक्दैन ।	विद्युतिय सूचना प्रविधिको लेखा परिक्षण पक्रियाहरु : क.संस्थाले प्रविष्टि गरेका कार्यहरु मेटाउन र सच्याउन मिल्ने अधिकारको जाँच गरेको । ख.संस्थाको नीतिअनुसार Data प्रविष्टि गरे पछि त्यसको प्रतिवेदन के आउँछ भनि परीक्षण गरेको । ग.संस्थाको कर्मचारीले सफ्टवयेर प्रयोग गर्दा प्रयोगकर्ताको काम बमोजिम अधिकार प्रदान र प्रयोगकर्ता अनुसारको पासवर्डको जाँच गरेको । घ.संस्थाको व्याज आम्दानीलाई Manual हिसाब गरी सफ्टवयेरले दिएको रकमसँग ठिक छ छैन भनि नमुना परीक्षण गरेको । परिणाम : हामीले नमुना जाँच गर्दा संस्थाले प्रयोग गर्दै आएको सफ्टवयेरले दिएको परिणाम ठिक भएको पाइयो ।



२	व्याज लेखांकन (Interest Recognition)	
	सहकारी विभागको निर्देशिका अनुसार व्याज आम्दानीलाई नगद (Cash) आधारमा हिसाब गर्ने व्यवस्था भएकोमा संस्थाले व्याज आम्दानीलाइ प्रोदभावी (Accrual) आधारमा व्याज आम्दानी मानेको भएता पनि १ बर्ष भन्दा बढि भाका नाघेको ऋणको व्याजलाई भने नगद (Cash) आधारमा हिसाब गरेको ।	व्याज लेखांकनको लेखा परिक्षण प्रक्रियाहरु : क. संस्थाले प्रयोग गर्दै आएको सफ्टवयेरले नगद (Cash) आधारमा व्याजलाई आम्दानी मानेको । ख. संस्थाको व्याज आम्दानीलाई Manual हिसाब गरी सफ्टवयेरले दिएको रकमसँग ठिक छ छैन भनि नमुना परिक्षण गरेको । परिणाम : हामीले नमुना जाँच गर्दा संस्थाले प्रयोग गर्दै आएको सफ्टवयेरले दिएको परिणाम ठिक भएको पाइयो ।

व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्ने व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रकियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।



व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौं । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

मन्तव्य

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरू वाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा माथि कैफियत सहितको रायका आधारहरु खण्डमा उल्लिखित बुँदाहरु र व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरिएका टिप्पणीहरु बाहेक सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा र माथि रायको आधारमा उल्लेख गरिएको विषय बाहेक संस्थाको कारोबार सन्तोषजनक रूपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभित्र रहेको पायौ ।

च) माथि रायको आधारमा उल्लेख गरिएको विषयमा बाहेक संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

अन्य कानूनी तथा नियमकारी आवश्यकता अनुसारको प्रतिवेदन

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

१. हामीलाई लेखापरीक्षणको लागि आवश्यक सूचना तथा स्पष्टीकरणहरु यथाशीघ्र पायौं ।



२. हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले

- लङ्फर्म प्रतिवेदनमा बुँदागत रुपमा उल्लेख गरिएको विषयहरुमा बाहेक सहकारी सिद्धान्त, मूल्यमान्यता अनुरुप काम गरेको पायौँ ।
- व्यवस्थापनपत्र (प्रारम्भिक प्रतिवेदन) का साथै निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको विषयहरुमा बाहेक सहकारी सिद्धान्त, मूल्यमान्यता अनुरुप काम गरेको पायौँ ।
  - संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन को परिच्छेद ३.१.३ अनुसार केहि सदस्यलाई धितो व्यवस्था गरेको छैन ।
  - सहकारी विभागले जारी गरेको एकिकृत निर्देशनको दफा ७७ अनुसार ऋणको पुनर्तालिकीकरण गर्दा अनिवार्य संचालक समितिको निर्णय हुनुपर्नेमा केही ऋणमा नभएको पाइयो ।
- लेखापालनमा माथि रायको आधारमा जनाइएको कैफियत बाहेक ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौँ ।

SANISH & ASSOCIATES CHARTERED ACCOUNTANT

स्थान : काठमाण्डौ
मिति : २०८२/०५/१३

सिए. सनिस महर्जन
सनिस एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउन्टेन्ट्स

ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती-६ काभ्रेपलाञ्चोक

आ.व. २०८१/८२

१.संस्थाको सामान्य परिचय

नेपालको राजधानी काठमाडौंबाट ३२ कि.मि. पुर्बमा रहेको ऐतिहासिक,प्राकृतिक तथा सांस्कृतिक सम्पदाले भरिपुर्ण विश्व सम्पदा सूचिमा सूचिकृतका लागि प्रस्तावित रमणिय स्थान साविक पनौती न.पा. वडा न. ११ को हाल पनौती न.पा. वडा न. ६ मा यस ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. अवस्थित छ । सहकारी ऐन २०४८ अन्तर्गत डिभिजन सहकारी कार्यालय धुलिखेलमा मिति २०५६।३।२७ गते दर्ता भई दर्ता न. ०९२।०५५।०५६ प्राप्त गरि बचत तथा ऋण कारोबार २०५६ साल देखी निरन्तर गरिरहेको छ । संस्थाले मिति २०७२।४।२० आन्तिरिक राजस्व विभागमा दर्ता गरी ३०३१२९९९४ स्थायी लेखा नम्बर प्राप्त गरेको छ । २०६९ साल फागुन १९ गते चार वटा सहकारी ज्योति , मिर्मिरे , सामुहिक र जागृति नमुना एक आपसमा एकीकरण भई ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. बनेको हो, संस्थाले २०७९ पनौती १२ को श्री जन्मज्योती महिला विकास बहुउद्देश्यिय सहकारी संस्था एकिकरण गरी आफ्नो सातौँ सेवा केन्द्र विस्तार र मिति २०८१ कार्तिक ३० गते युवा स्वावलंबन बहुउद्देश्यीय सहकारी संस्था लि. सँग एकिकरणका साथै २०८१ सालमा मुख्य कार्यालय छुटै बनाई आठौं ज्योति सेवाकेन्द्रको विस्तार गरेको छ । हाल यस संस्थाले ८ बटा सेवा केन्द्र सामुहिक , मिरमिरे , बनेपा , कुशादेवी, बेथानचोक, जन्मज्योती,रोशी र ज्योति सेवाकेन्द्र बाट सदस्यहरुलाई सेवा दिदै आईरहेको छ । सदस्यको सेवालाई सर्वोपरि ठानी संस्थालाई नीति विधि र प्रविधिको उच्चतम प्रयोग गरी दक्ष व्यवस्थापन द्वारा संचालित यस संस्था समुदायको पहिलो रोजाईको रुपमा रहन सफल भएको छ । सदस्यहरुलाई बचत तथा ऋणको कारोबार बाहेक सदस्यहरुको रुचि , चाहाना र आवश्यकतालाई मध्यनजर गरि थप सेवाहरु मोवाइल एप्स, रेमिट्यान्सको सुविधा तथा बिमा जस्ता कारोवार गरि सदस्यलाई सेवा दिई समुदायको दिगो र उत्कृष्ट वित्तिय सहकारी बनाउने यस संस्थाको परिकल्पना रहेको छ ।

२. वित्तीय लेखाङ्कनका आधारहरु :

यस **ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि.** को वार्षिक वित्तिय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था द्वारा अनुपालनका लागि सूचीत गरिएका नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standard NFRS) मा भएको व्यवस्था अनुसार तयार पारिएको छ ।

२.१ अनुपालनसम्बन्धी उद्घोषण

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB),नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिएको छ । सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन । चालु

आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ।

२.२ समिक्षा अवधि र वित्तीय विवरणको स्वीकृति

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

यी वित्तीय विवरणहरू १३ भदौ २०८२ मा सञ्चालक समितिबाट जारी भई २५ असोज २०८२ मा बस्ने २६ औं वार्षिक साधारण सभामा शेयरसदस्यहरूबाट अनुमोदनको लागि सिफारिस गरिएको थियो।

२.३ वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व

सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार सहकारी संस्थाको वित्तीय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ। यस सन्दर्भमा सञ्चालक समितिले आफ्नो जिम्मेवारी रहेको व्यहोरा यसै प्रतिवेदनमा प्रस्तुत 'सञ्चालकहरुको जिम्मेवारी सम्बन्धी विवरणमा प्रष्ट छ।

आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :

संस्थाको आषाढ मसान्त, २०८२ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),

संस्थाको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income),

संस्थाको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

संस्थाको आर्थिक वर्ष २०८१/८२ मा जायजेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण (Statement of Changes in Equity), तथा

संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखासम्बन्धी टिप्पणीहरु।

२.४ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो।। प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त (राउन्ड अफ) गरिएको छ।

२.५ अनुमान, धारणा तथा स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgments)

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन बनाउँदा NFRS ले निर्दिष्ट गरेबमोजिम उपयुक्त अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाइएको हुन्छ। संस्थाको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समयानुकूल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्देशन गरेअनुसार समायोजन गर्ने गरेको छ। यी अनुमानहरु उपलब्ध जानकारी र संस्था व्यवस्थापनको स्वविवेकमा आधारित

हुन्छन् । वास्तविक परिमाणहरु मूल्याङ्कन गरेभन्दा फरक पनि सक्दछन् र कहिलेकाहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् । संस्थाले पालना गरेको लेखा नीतिहरु र सो नीतिहरुले पार्ने असर सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

संस्थाले विभिन्न अनुमान र धारणाहरु क्रमिक रुपमा अझै परिस्कृत गर्दै लैजाने छ । धारणा र पद्धतिहरुमा परिमार्जनको परिणामस्वरुप परिवर्तन हुने अनुमानहरु त्यो अवधिमा प्रतिबिम्बित हुन्छ, जुन अवधिमा सोको असर पहिला लागू गरिन्छ । संस्थाले अपनाएको लेखाङ्कन अनुमानहरु र सो अनुमानहरुले पार्ने फरक सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

२.५.१ निरन्तरता (Going Concern)

व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई अङ्गिकार गरि वित्तीय विवरण तयार गरिएको छ । व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पुँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै वर्तमान र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

२.६ लेखाङ्कन नीतिमा परिवर्तन

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ । लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ ।

२.७ प्रतिवेदन घोषणा

ज्योती मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. ले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट १३ सेप्टेम्बर २०१३ मा जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्दछ । यद्यपि आईक्यानले NFRS अङ्गीकार गर्दा केही उल्लिखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले तोकेको Crave Out र त्यसको अनुपालनाको स्थिति यस प्रकार रहेको छ ।

२.७.१ अन्तरिम वित्तीय विवरण (NAS 34: Interim Financial Reporting)

NAS 34 को para 2 को प्रावधानबमोजिम कुनै अवधिको अन्तरिम वित्तीय विवरणहरु प्रकाशित गर्दा सोही अवधिको पछिल्लो आ.व.को वित्तीय विवरणहरुलाई आवश्यकताअनुसार पुनर्लेखन तथा पुनर्वर्गीकरण गर्नुपर्ने आवश्यकता रहेको र सो गर्न अव्यावहारिक भएको अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ ।

संस्थाले प्रस्तुत वार्षिक वित्तीय विवरण तयार गर्दा उपरोक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको छ ।

२.७.२. NAS 39: वित्तीय उपकरण (पहिचान, लेखाङ्कन तथा मापन (कर्जा नोक्सानी व्यवस्था सम्बन्धी)

NAS 39 को Para 64 को व्यवस्थाबमोजिम बैंक तथा वित्तीय संस्थाहरुले कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provisioning) कायम गर्दा "Expected Loss Model" अपनाएर गर्नुपर्ने प्रावधानअनुसार गरेको छ ।

यो अनिवार्य व्यवस्थाअनुसार सहकारी बिभाग तयार गरेको सहकारी निर्देशिका २०६८ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था वा NAS 39 को para 64 बमोजिम आएको कर्जा नोक्सानी व्यवस्थामध्ये जुन बढी हुन्छ सोलाई कर्जा नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

२.७.३. NAS 39 वित्तीय उपकरण, पहिचान तथा मापन (समायोजित ब्याजदर) (Effective Interest Rate सम्बन्धी)

NAS 39 को Para 9 को व्यवस्थाबमोजिम बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानीबाट हुने ब्याज आम्दानी उक्त लगानी गर्दा प्राप्त सेवा शुल्क र कमिसनलाई समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यावहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

उक्त वैकल्पिक व्यवस्थाबमोजिम कर्जा लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिसनलाई कर्जाबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिसन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न पाउने हुन्छ।

ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. ले उपर्युक्त वैकल्पिक व्यवस्थाअनुसार कर्जा प्रवाह गर्दा प्राप्त सेवा शुल्क तथा कमिसनलाई समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी लेखाङ्कनका आधारमा सो आम्दानी पाकेकै वर्ष आम्दानी जनाएको छ।

२.७.४. NAS 39 (वित्तीय उपकरण, पहिचान तथा मापन (निष्क्रिय कर्जाबाट हुने ब्याज आम्दानी)

NAS 39 को para AG 93 को व्यवस्थाबमोजिम कर्जाबापत प्राप्त हुने साँवा यदि नोक्सानीको कारणले कम भएको अवस्थामा त्यस्तो कर्जाबाट (नोक्सानी व्यवस्था घटाए पछिको रकममा) प्राप्त हुने ब्याज आम्दानी उक्त कर्जाबाट भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाह लाई Discount गरी आजको मूल्यमा ल्याउन प्रयोग हुने ब्याजदरकै आधारमा गर्नुपर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

उक्त बैकल्पिक व्यवस्थाबमोजिम त्यस्ता कर्जाहरुबाट हुने ब्याज आम्दानी कर्जामा हुने नोक्सानी घटाउनु अगावैको कर्जा रकममा ब्याज आम्दानी जनाउन सकिने छ। ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. ले प्रस्तुत वार्षिक वित्तीय विवरण तयार गर्दा उपर्युक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको छ।

२.७.५. NAS 28 Investments in Associates and Joint Ventures (सम्बद्ध र संयुक्त उपक्रम निकायमा गरेको लगानी)

NAS 39 का व्यवस्था बमोजिम सम्बद्ध निकायमा लगानीलाई equity method बाट मूल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ। जसको कारणले गर्दा cost method बाट सम्बद्ध निकायमा लगानीलाई मूल्याङ्कन गरेको छ।

यस आर्थिक वर्षमा ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. को कुनै पनि सम्बद्ध निकायमा लगानी रहेको छैन।

२.८ छुट (Discounting)

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ।

२.९ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३२, २०८२ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुञ्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकूल वा प्रतिकूल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरु भन्ने गरिनछ। यस सम्बन्धी कुन जानकारी रहेको छैन।

३. प्रमुख लेखामान नीति (Significant Accounting Policies)

ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि.ले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरु निम्नबमोजिम रहेका छन्

३.१ मापनको आधार

निम्न सारभुत वस्तुहरू बाहेक सहकारीको वित्तीय विवरणहरू लागत मूल्यको आधारमा तयार पारिएको छ,

शीर्षकहरु	**मापनको आधार**
अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वहरू	परिभाषित लाभ दायित्वहरूको वर्तमान मूल्यबाट योजना सम्पत्तिको उचित मूल्य घटाउने
सम्पत्ति, संयन्त्र तथा उपकरण-जग्गा	उचित मूल्य
कर्मचारीहरूलाई ऋण तथा सापट	उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम)
धितोपत्रहरूमा लगानी	उचित मूल्य

३.२ एकीकरणको आधार

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS–3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छ उक्त Acquisition Method को लागि:

- ✓ नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ।
- ✓ नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ।
- ✓ सम्पत्ति, दायित्व तथा Non–Controlling interest को मापन हुनु पर्छ।

नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ। उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS –3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ। संस्थाको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यक रहेको छैन।

३.३ नगद तथा नगद समान

नगद तथा नगद समान भनी बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दात, विभिन्न छाता संगठनमा जम्मा भएको अनिवार्य नियमित बाहेकको बचत, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, जोखिमरहित वा नगन्य जोखिम रहेको ३ महिनाभित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिलाई जनाइएको छ।

३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

क) पहिचान

जब सहकारी वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ। सबै वित्तीय सम्पत्ति र दायित्वहरू शुरुवातमा बजार मुल्यमा मापन गरिन्छ। वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू (transaction costs) शुरुवातमा उचित मुल्यमा थपिन्छन्। तर नाफा वा नोक्सान (

FVTPL) मार्फत उचित मुल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमा मा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

ज्योती मिर्मिरे सामुहिक वचत तथा ऋण सहकारी संस्था लि. ले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ, जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । संस्थाले सुरुमा कर्जा सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुन त्यो मिति हो, जुन बेला संस्था उपकरणको प्रावधानहरुसँग अनुबन्धित हुन्छ ।

ख) वर्गीकरण

वित्तीय सम्पत्ति र दायित्वहरू पछि वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्ने व्यापार मोडेल र वित्तीय सम्पत्तिहरूको अनुबंधात्मक नगद प्रवाह विशेषताहरूको आधारमा परिशोधित लागत वा बजार मुल्यमा मापन गरिन्छ ।

१. वित्तीय सम्पत्तिहरू

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) ९ द्वारा आवश्यक अनुसार वित्तीय सम्पत्तिहरूलाई तीन वर्गमा वर्गीकृत गरिएको छ ।

क. परिशोधित लागत (Amortized cost) मा मापन गरिएको:

करार अनुसार साँवा र ब्याजमात्र भुक्तानी हुने तथा करारको अवधिभर सो नगद प्रवाह प्राप्त गर्ने उदेश्यले खरिद गरिएका वित्तीय सम्पतिलाई परिशोधित लागत (amortized cost) मा मापन गरिन्छ । शुरुवातमा सम्पति पहिचान गरेपश्चात ति सम्पत्तिलाई प्रभावकारी ब्याज दर (EIR) विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिन्छ । यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरण भएको छ भने, EIR को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

ख. अन्य विस्तृत आम्दानी (OCI) मार्फत वास्तविक मूल्यमा मापन गरिएको (FVTOCI):

वित्तीय सम्पत्तिहरू जुन एक व्यावसायिक मोडेल भित्र राखिन्छन् जसको उद्देश्य दुवै द्वारा प्राप्त गरिन्छ, वित्तीय सम्पत्तिहरू बेच्ने र सम्झौतागत नगद प्रवाहहरू सङ्कलन गर्ने जुन केवल मूलधन र ब्याजको भुक्तानी हो, पछि अन्य विस्तृत आय मार्फत वास्तविक मूल्यमा मापन गरिन्छ । वास्तविक मूल्यको उतारचढाबहरू अन्य विस्तृत आय (OCI) मा पहिचान गरिन्छ ।

वित्तीय सम्पत्तिको बिकी तथा सावाँ र ब्याज मार्फत नगद प्रवाहहरू सङ्कलन गर्ने दुवै उद्देश्यले व्यावसायिक मोडेल भित्र रहेका वित्तीय सम्पत्तिहरूको पछिल्लो लेखाङ्न प्रभावकारी ब्याज दर (EIR) विधि प्रयोग गरेर अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा लेखाङ्न गरिन्छ, ।प्रभावकारी ब्याज दर (EIR) को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने नोक्सान, यदि कुनै छ भने, नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ

ग.नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको (FVTPL):

सहकारीले, यदि सम्पत्तिहरू Trading गर्ने उदेश्यले राखिएको छ वा नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गर्ने नीति लिएको छ भने, ति सम्पत्तिहरू बजार मुल्यमा मापन गरिन्छ र बजार मुल्यमा भएको उतारचढावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति र FVTOCI मा वर्गीकृत गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू FVTPL मा वर्गीकृत गरिएको छ ।

२. वित्तीय दायित्वहरू

वित्तीय दायित्वहरूलाई नेपाल वित्तीय प्रतिवेदन मान (NFRS ९) को आवश्यकता अनुसार दुई वर्गमा वर्गीकृत गरिएको छ:

क. नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गरिएका (Financial liabilities at FVTPL):

यदि दायित्वहरू Trading गर्ने उदेश्यले राखिएको छ भने नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गर्ने नीति लिएको छ भने, ति दायित्वहरू बजार मुल्यमा मापन गरिन्छ र बजार मुल्यमा भएको उतारचढावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ । लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङकन गरिन्छ । बजार मुल्यमा भएको उतारचढावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

ख. परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरू (Financial liabilities at amortized cost) :

नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गरिएका बाहेक सबै वित्तीय दायित्वहरूलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको रूपमा वर्गीकृत गरिन्छ ।

निसर्ग

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्ग गर्दछ ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिँदा निसर्ग गरिन्छ ।

उचित मूल्यको निर्धारण

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो ।

सहकारी संस्थाले उचित मूल्य निर्धारणका लागी निम्न तीन तहहरूको उचित मूल्य श्रेणीकम(Fair Value Hierarchy)) अनुसरण गर्दछ:

तह(Level १): सक्रिय बजारमा समान सम्पत्ति वा दायित्वका लागि उपलब्ध सिधा उद्धृत (समायोजन नगरिएको) मूल्यहरू ।

तह (Level २): उचित मूल्य मापनका लागि प्रयोग गरिने महत्वपूर्ण इनपुटहरू जुन सिधा वा प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिने, वा समान उपकरणको सक्रिय बजार मूल्य वा समान प्रकारका उपकरणको निष्क्रिय बजार मूल्यहरू ।

तह (Level ३) : उचित मूल्य मापनमा अवलोकन गर्न नसकिने महत्त्वपूर्ण इनपुटहरू प्रयोग भएको ।

क्षयीकरण (Impairment) (NAS ३९ अनुसार जरुरी संशोधन)
आ.व. २०८०-८१ सम्म लागू हुने लेखा नीतिहरू

क्षयीकरण (Impairment)

सहकारीले प्रत्येक रिपोर्टिङ मितिमा ऋण लगानीको समीक्षा गर्दछ र क्षयीकरणलाई नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमास्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्ननुसार व्यवस्था गरिएको छ:

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र

- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्त्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्ले नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

आर्थिक वर्ष २०८१-८२ देखि लागू हुने लेखा नीतिहरु

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण -NFRS ९ अनुसार Expected Credit Loss को मापन

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS ९ ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (impairment)को लागि 'तीन-चरण' (three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ जुन तल संक्षेपमा दिइएको छ :

- प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त नभएको वित्तीय उपकरणई 'चरण १ (Stage 1)' मा वर्गीकृत गरिएको छ र सहकारी संस्थाद्वारा यसको क्रेडिट जोखिम निरन्तर निगरानी गरिन्छ ।
- प्रारम्भिक पहिचान भएदेखि ऋण जोखिममा उल्लेखनीय वृद्धि ('SICR') भएमा, वित्तीय उपकरणलाई 'चरण २ (Stage 2)' मा सारिएको छ तर अझै क्रेडिट-क्षतिग्रस्त मानिएको छैन । सहकारी संस्थाले क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि कहिले भएको छ भनेर कसरी निर्धारण गर्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- यदि वित्तीय उपकरण क्रेडिट-क्षतिग्रस्त छ भने, वित्तीय उपकरणलाई त्यसपछि चरण ३ (Stage 3) ' मा सारिएको छ । सहकारीले क्रेडिट-क्षतिग्रस्त (impaired) र default लाई कसरी परिभाषित गरिन्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- चरण १ (Stage 1) ' मा रहेका वित्तीय उपकरणहरूको ECL लाई आगामी १२ महिना भित्रमा हुने default का घटनाहरूबाट हुने सम्भावित जीवनभरको अपेक्षित क्रेडिट घाटाको अंश बराबरको रकममा मापन गरिन्छ । चरण २ वा चरण ३ मा रहेका उपकरणहरूको ECL लाई जीवनभरको आधारमा अपेक्षित क्रेडिट घाटाको आधारमा मापन गरिन्छ ।
- NFRS ९ अनुसार परिलक्षित जानकारीलाई विचारगर्ने ECL को एउटा व्यापक अवधारणा हो ।
- खरिद गरिएको वा सृजीत गरिएको क्रेडिट-क्षतिग्रस्त वित्तीय सम्पत्तिहरू ती वित्तीय सम्पत्तिहरू हुन् जुन प्रारम्भिक लेखाङ्कनमा क्रेडिट- क्षतिग्रस्त हुन्छन् । तिनीहरूको ECL सधैं जीवनभरको आधारमा मापन गरिन्छ।

सामूहिक आधारमा ECL मापन गर्दा सहकारी संस्थाले कसरी उपयुक्त समूहहरू निर्धारण गर्छ भन्ने बारेमा थप व्याख्या पनि प्रदान गरिएको छ ।

ऋण जोखिममा उल्लेखनीय वृद्धि Significant Increase in Credit Risk (SICR)

निम्न मध्ये कुनै पनि संकेत स्पष्ट हुँदा सहकारीले वित्तीय सम्पत्तिलाई ऋण जोखिममा उल्लेखनीय वृद्धि भएको मान्दछ।

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ३० दिन भन्दा बढी नाघेको
- पुनर्संरचना/पुनःतालिकीकरणको लागि सदस्यबाट आवेदन ।
- ऋणीले वित्तीय कठिनाइहरूको सामना गरिरहेको छ भन्ने संकेत गर्ने अन्य कुनै सूचक ।

Default र क्रेडिट- क्षतिग्रस्त

सहकारीले वित्तीय साधनलाई default को रूपमा परिभाषित गर्दछ, जुन क्रेडिट- क्षतिग्रस्त को परिभाषासँग पूर्ण रूपमा मिल्दोजुल्दो हुन्छ, जब यसले निम्न मध्ये एक वा बढी अवस्था कायम हुन्छ :

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ९० दिन भन्दा बढी नाघेको
- ऋणीको मृत्यु भएमा
- ऋणी टाँट पल्टिएमा
- ऋणीलाई कर्जा सूचना केन्द्र (CIB) द्वारा कालोसूचीमा राखिएमा

ECL मापन - इनपुट, स्वविवेक र अनुमान प्रविधिहरूको व्याख्या

प्रारम्भिक लेखाङ्कन पश्चात क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि भएको वा कुनै सम्पत्ति क्रेडिट- क्षतिग्रस्त भएको आधारमा अपेक्षित क्रेडिट घाटा (ECL) १२-महिना वा जीवनकालको आधारमा मापन गरिन्छ । अपेक्षित क्रेडिट घाटा डिफल्ट हुने सम्भावना(Probability of Default (PD), डिफल्टको समयमा एक्सपोजर -Exposure at Default (EAD), डिफल्ट भएपछिको हानि -Loss Given Default (LGD) को discounted उत्पादन हो, जसलाई निम्न रूपमा परिभाषित गरिएको छ :

डिफल्ट हुने सम्भावना -Probability of Default

- PD -Probability of Default भन्नाले ऋणीले आफ्नो वित्तीय दायित्व (उपरोक्त "डिफल्ट र क्रेडिट-ह्रासको परिभाषा" अनुसार) पुरा गर्न असफल हुने सम्भावनालाई जनाउँछ। यो सम्भावना या त अगामी १२ महिनाभित्र (१२-महिना PD) हुने जोखिम, वा आजीवन (आजीवन PD - Lifetime PD) हुने जोखिमका रूपमा मापन गरिन्छ ।
- डिफल्टको समयमा एक्सपोजर -Exposure at Default EAD सहकारी संस्थाले default को समयमा प्राप्त हुन बाँकी रकमलाई जनाउँछ ।
- डिफल्ट भएपछिको हानि Loss Given Default (LGD) ले सहकारी संस्थाको default हुँदा जोखिममा घाटाको हदको अपेक्षालाई प्रतिनिधित्व गर्दछ । LGD प्रतिपक्षको प्रकार, दावीको प्रकार र वरिष्ठता र धितो वा अन्य क्रेडिट समर्थनको उपलब्धता अनुसार फरक हुन्छ । LGD default को समयमा प्रति एकाइ जोखिमको प्रतिशत घाटा (EAD) को रूपमा व्यक्त गरिन्छ । LGD १२-महिना वा जीवनभरको आधारमा गणना गरिन्छ, जहाँ १२-महिनाको LGD अर्को १२ महिनामा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो र जीवनभर LGD ऋणको बाँकी अपेक्षित जीवनभरमा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो ।

ECL प्रत्येक भावी महिनाको र प्रत्येक व्यक्तिगत एक्सपोजर वा सामूहिक खण्डको लागि PD, LGD र EAD लाई प्रक्षेपण गरेर निर्धारण गरिन्छ । यी तीन तत्वलाई एकसाथ गुणान गरिन्छ र भईरहने सम्भावना (अर्थात् एक्सपोजर पहिलेको महिनामा अग्रिम वा default भएको छैन) मानी समायोजन गरिन्छ । यसले प्रभावकारी रूपमा प्रत्येक भविष्यको महिनाको लागि ECL गणना गर्छ , जसलाई त्यसपछि रिपोर्टिङ मितिमा छुट (discounted) दिइन्छ र संक्षेप गरिन्छ । ECL गणनामा प्रयोग गरिएको छुट दर सुरुवाती प्रभावकारी ब्याज दर वा त्यसको अनुमान हो ।

ECL मोडेलहरूमा समावेश गरिएको परिलक्षित जानकारी

SICR को मूल्याङ्कन र ECL को गणना दुवैले परिलक्षित जानकारीलाई समावेश गर्दछ । सहकारी संस्थाले ऐतिहासिक विश्लेषण गरेको छ र प्रत्येक Portfolio को लागि क्रेडिट जोखिम र अपेक्षित क्रेडिट घाटालाई असर गर्ने प्रमुख आर्थिक सुचकहरू पहिचान गरेको छ ।

यी आर्थिक सुचकहरू र PD, EAD र LGD मा तिनीहरूको सम्बन्धित प्रभाव वित्तीय उपकरण अनुसार फरक हुन्छ । यस प्रक्रियामा विशेषज्ञको निर्णय पनि लागू गरिएको छ । यी आर्थिक सूचकहरू ("आधार आर्थिक परिदृश्य") को पूर्वानुमान सहकारीले अर्थ मन्त्रालयद्वारा जारी गरिएको आर्थिक सर्वेक्षण प्रतिवेदनको आधारमा सङ्कलन गर्दछ ।

३.५ बिक्रीका लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

बिक्रीको लागि राखिएको गैर-चालू सम्पत्तिहरूमा सम्पत्ति संयन्त्र र उपकरणको रूपमा वर्गीकृत गरिएका बाहेक जग्गा वा जग्गा र भवनहरू र गैर-चालू सम्पत्तिहरू समावेश छन् । सामान्यतया, यसमा सहकारी संस्थाले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छ ।

बिक्रीको लागि राखिएको गैर-चालू सम्पत्तिहरू यसको लागत रकम र उचित मूल्यबाट बिक्रीको अनुमानित लागत घटाई हुन आउने रकम मध्ये जुन कम जुन कम हुन्छ त्यसमा मापन गरिन्छ ।

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापक आय मा त्यस्तो लगानीको फेयर भ्याल्युमा गिरावट आउँदछ वा उक्त लगानीको फेयर भ्याल्यु लागत मूल्यभन्दा तल झर्दछ, तब सस्थाले बिक्रीका लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

३.६ व्यापारिक सम्पत्तिहरु (Trading Assets)

मुख्यतया निकट अवधिमा बिक्रीको उद्देश्यले प्राप्त गरिएका वित्तीय सम्पत्तिहरूलाई व्यापारिक सम्पत्ति (व्यापारको लागि राखिएको) को रूपमा वर्गीकृत गरिन्छ । सहकारीले प्रतिपक्षहरूसँग सम्झौता प्रवेश गरेको मितिमा व्यापारिक सम्पत्तिहरूको पहिचान गरिन्छ र सामान्यतया बेच्दा तिनीहरूको निसर्ग गरिन्छ । लेनदेन लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरि प्रारम्भ लेखाङ्कन उचित मूल्यमा मापन गरिन्छ । तिनीहरूको उचित मूल्यमा हुने पछिल्ला परिवर्तनहरूलाई 'खुद व्यापार आय' अन्तर्गत नाफा वा नोक्सानमा पहिचान गरिन्छ । यद्यपि, सहकारीसँग आषाढ २०८२ को अन्त्यमा व्यापारिक सम्पत्तिको रूपमा मान्यता पाउने त्यस्ता सम्पत्तिहरू छैनन् ।

३.७ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरु एक वर्ष वा सोभन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्थाअनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी टिप्पणी नं. ४.१६ मा प्रस्तुत गरिएको छ । संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा-नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समय सम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घटदो मूल्य प्रणाली (Written Down Value) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । संस्थाका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्नबमोजिम छ ।

सम्पत्तिको प्रकृति	अनुमानित उपयोगि अवधि
सवारी साधन	१५
फनिचर	१५
कम्प्युटर तथा कार्यलय उपकरण	१०
लिजहोल्ड सम्पत्ति	५

भवन

संस्थाले १ वर्ष भन्दा कम आयु भएका वस्तुहरु खरिद भएको वर्षमै खर्च जनाइएको छ।

३.८ ख्याति/अमूर्त सम्पत्तिहरु (Intangible Assets)

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ। यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ।

ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अर्मूत सम्पत्तिहरुको अलगै पहिचान गरिन्छ । यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ। सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरुले भविष्यमा आर्थिक रुपमा संस्थालाई फाइदा पुगदछ भन्ने मान्यताका आधारमा त्यस्ता खर्चहरुलाई समेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीका आधारमा परिशोधित गरिएको छ। अहिले प्रयोग गरिरहेको कम्प्युटर सफ्टवेयर ५ वर्ष भन्दा बढि भएकोले यस बर्षको खर्च शून्य रहेको छ।

३.९ आयकर (Income Tax)

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन्।

चालु कर

चालू कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी ९इऋ९० मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित भइ इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो। चालू कर भनेको चालू वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

स्थगित कर

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन। स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

३.१० व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु (Provisions and Contigent liabilities)

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assetsको प्रावधान बमोजिम गर्ने गरेको छ। कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक

स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (एन्चुयुवल्प्य्ल) लेखाङ्कन गरिन्छ। लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चितातालाई समेत ध्यानमा राखिन्छ । व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चितातालाई समेत ध्यानमा राखिन्छ।

संयोगिक (सम्भाव्य)दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (झ्ाा दबबिलअभ कजभभत ष्तभ्रक) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ । २०८२ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन् ।

३.११ आम्दानी पहिचान

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ । जुन आयको प्राप्ति सम्भव छैन, तिनलाई आम्दानी अवधिमा लेखाङ्कन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा ब्याज आय, शुल्क र कमिसन, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंक ईन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनका आधारहरू निम्नानुसार छन् ।

क) ब्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु , नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (भ्रज्ञ) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी व्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् । संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज ३ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन ।

नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :

- क्षतिग्रस्त ऋण तथा सापट बाहेकका वित्तीय सम्पत्तिहरुको व्याज परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरि मापन गरिएको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन् ।

- सहकारीले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल वहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ।

- उचित मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।

• सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ।

• हालसम्म सकिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाधिएको छ।

शुल्क र कमिशनको आम्दानी

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ।

लाभांश आम्दानी

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ।

खुद व्यापारिक आम्दानी 'व्यापारको लागि राखिएको' सम्पत्तिबाट उचित मूल्यको परिवर्तनबाट हुने सबै लाभ र नोक्सान, सम्बन्धित पूँजीगत लाभ/नोक्सान र लाभांश व्यापारिक आयमा समावेश गरिन्छ। व्यापारिक आयबाट व्यापारिक खर्च घटाइन्छ र खुद रकम नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

अनुदान आय

सहकारी संस्थाले खर्च बेहोर्ने उद्देश्यले प्राप्त आयसँग सम्बन्धित अनुदान खर्च पहिचान गर्ने अवधिमा व्यवस्थित आधारमा नाफा वा नोक्सान विवरणमा पहिचान गर्दछ। सम्पत्तिसँग सम्बन्धित अनुदानहरूलाई स्थगित अनुदान आयको रूपमा लेखाङ्कन गरिन्छ ॥ स्थगित अनुदान आयलाई सम्पत्तिको उपयोगी जीवनमा सम्बन्धित सम्पत्तिमा लगाइएको मूल्यह्रासको अनुपातमा नाफा वा नोक्सान विवरणमा परिशोधन गरिन्छ।

३.१२ ब्याज खर्च

निक्षेप लगायत परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई खर्च हुन साथ लेखाङ्कन गरिन्छ।

३.१३ कर्मचारी खर्च

अल्पकालीन कर्मचारी लाभ

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ।

पारिश्रमिक सहितका अल्पकालीन बिदाहरू

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको भैपरी र पर्व बिदा, ७ दिनको अनिवार्य बिदा प्रदान गर्दछ। यी बिदाहरू संचित नहुने र निहित हुँदैनन्। यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ६० दिनको प्रसूति बिदा, १५ दिनको प्रसूति स्याहार बिदा र किया बिदा प्रदान गर्दछ।

रोजगारी पछिका कर्मचारी लाभहरू

परिभाषित योगदान योजनाहरू (Defined contribution plans)

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

सामाजिक सुरक्षा कोष योगदान

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो । श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो । सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन ।

परिभाषित लाभ योजनाहरू (Defined benefit plans)

